
फागुन - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २५, अङ्क २२ | २०७३, फागुन १६–३० | पूर्णाङ्क ५९२ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ठगिन्द्र कट्टेल

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ३ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | ३ |
| जम्मा | ३८ |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ४ |
| इजलास नं. १६ | ५ |
| इजलास नं. १७ | ३ |
| इजलास नं. १८ | ३ |
| एकल इजलास | २ |
| जम्मा | २८ |

**कूल जम्मा** **३८ + २८ = ६६**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

**मूल्य रू.५,५००।-**

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, फागुन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ३** |
| १. | बहुविवाह | नेपाल सरकार वि. मन के.सी. समेत | |
| २. | जालसाजी | प्रेमबहादुर बलामी वि. सतिस बानियाको संरक्षक भई आफ्नो हकमा समेत द्वारिका बानिया | |
| **संयुक्त इजलास** | | | **३ - ७** |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुकमाया बोटेसमेत | |
| ४. | कर्तव्य ज्यान | पदमकुमार लिम्बू चोङ्गवाङ्ग वि. नेपाल सरकार | |
| ५. | निषेधाज्ञा | दिनेशप्रसाद कुशवाह वि. विन्देश्वरी महतो कोइरीसमेत | |
| ६. | निषेधाज्ञा | भुवानन्द न्यौपाने वि. जगन्नाथ पाण्डेसमेत | |
| ७. | निषेधाज्ञा | रामकुमारी खवास वि. गोर्खा विकास बैंक लि. इटहरीसमेत | |
| **इजलास नं.१** | | | **७ - १०** |
| ८. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. लेखनाथ लम्साल | |
| ९. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सन्दीप रावलसमेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. करण गुरूङ | |
| ११. | उत्प्रेषण | विरजीया देवीसमेत वि. हरिश्चन्द्र राय यादवसमेत | |
| १२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. बसन्तकुमार देवान राई | |
| **इजलास नं. २** | | | **१० - १४** |
| १३. | बहुविवाह | सृष्टिना जोशी वि. नेपाल सरकार | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरसिंह लेप्चा | |
| १५. | जबरजस्ती करणी र चोरी | नेपाल सरकार वि. राम मगरसमेत | |
| १६. | कर्तव्य ज्यान | कुमार थापामगर वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१४ - १६** |
| १७. | कर्तव्य ज्यान | पदमप्रसाद पाण्डे वि. नेपाल सरकार | |
| १८. | ठगी | चित्रबहादुर जि.सी. वि. नेपाल सरकार | |
| १९. | लेनदेन | चित्रबहादुर जि.सी. वि. तनसरा वि.क. | |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **१६ - २०** |
| २०. | लेनदेन | पुरूषोत्तम भक्त प्रधानाङ्ग वि. केशव श्रेष्ठसमेत |
| २१. | जग्गा खिचोला चलन | जुगुल ठाकुर हजाम वि. रामप्रसाद राय यादवसमेत |
| २२. | जबरजस्ती करणी | प्रभाखर भेटवाल वि. नेपाल सरकार |
| २३. | कर्तव्य ज्यान | नथुनी महरा चमार वि. नेपाल सरकार |
| २४. | निषेधाज्ञा | दीपक खरेल वि. अरूण के.सी. |
| **इजलास नं. ५** | | **२० - २४** |
| २५. | क्षतिपूर्ति र मनासिब खर्च दिलाई पाउँ | बाबुराम आचार्य वि. ज्ञानकुमार सुवेदीसमेत |
| २६. | अंश चलन | उषा चन्द वि. नरेन्द्रबहादुर चन्द |
| २७. | उत्प्रेषण / परमादेश | अनिलकुमार मल्ल वि. राष्ट्रिय वाणिज्य बैङ्क केन्द्रीय कार्यालय, रामशाह पथ, काठमाडौंसमेत |
| २८. | उत्प्रेषण / परमादेश | यादवप्रसाद घिमिरे वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत |
| २९. | कर्तव्य ज्यान | धनबहादुर दौल्याल वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **२४ - २६** |
| ३०. | मरूवा मोही लगत कट्टा | सुखल चौधरी वि. सुरेशप्रसाद साह कानू |
| ३१. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | ईसाक राई वि. नेपाल सरकार |
| ३२. | उत्प्रेषण / परमादेश | जिल्ला पर्सा, वीरगन्ज उपमहानगरपालिका कार्यालय, वीरगन्ज वि. दिनेशप्रसाद कानु |
| **इजलास नं.७** | | **२६ - २७** |
| ३३. | अंश चलन | दीपक सिंह वि. दिनेश सिंह |
| **इजलास नं.८** | | **२७ - २८** |
| ३४. | परमादेश | अधिवक्ता पुन्देवी महर्जन (सुजाना) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं.९** | | **२८ - ३१** |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गङ्गे भन्ने अश्विन राई |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुभाष तामाङ |
| ३७. | कर्तव्य ज्यान | तुलसी विष्ट वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं.१०** | | **३१ - ३३** |
| ३८. | सम्बन्ध विच्छेद | नारायण चन्द वि. धनेश्वरी चन्द |
| ३९. | करकाप | कर्णबहादुर रावत वि. डम्बरबहादुर के.सी. |
| **इजलास नं.११** | | **३३ - ३६** |
| ४०. | खुन डाँका | दिलबहादुर भन्ने दिलबहादुर तुम्सीङ मगर वि. नेपाल सरकार |
| ४१. | कर्तव्य ज्यान र चोरी | नेपाल सरकार वि. श्रीराज सुनुवारसमेत |
| ४२. | मानव बेचबिखन तथा ओसार पसार | शम्भु राउत कुर्मी वि. नेपाल सरकार |
| **इजलास नं.१२** | | **३६ - ३७** |
| ४३. | उत्प्रेषण / परमादेश | विजयालक्ष्मी राणा वि. रामकुमार राईसमेत |
| ४४. | उत्प्रेषण / परमादेश | झुमादेवी भण्डारी वि. नेत्रप्रसाद भण्डारीसमेत |
| **इजलास नं.१३** | | **३७ - ३८** |
| ४५. | अदालतको अवहेलना | अजयविक्रम शाह वि. चुडामणि शर्मासमेत |
| ४६. | परमादेश / उत्प्रेषण | अधिवक्ता अनन्तराज लुइँटेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. १४** | | **३८ - ४०** |
| ४७. | उत्प्रेषण | सरस्वती श्रेष्ठ वि. रीता खतिवडासमेत |
| ४८. | उत्प्रेषण / परमादेश | साबित्री बस्नेत के.सी. समेत वि. जिल्ला प्रशासन कार्यालय, मानभवन, ललितपुरसमेत |
| **इजलास नं. १५** | | **४० - ४४** |
| ४९. | उत्प्रेषण | सितीयादेवी अमातनी वि. योगेन्द्र भन्ने जोगेन्द्र मण्डलसमेत |
| ५०. | जग्गा हक कायम, दर्ता बदर र दर्ता | जय किशोर सिंह वि. इलाका प्रहरी कार्यालय, बुटवल |
| ५१. | लिखत दर्ता बदर दर्ता | योगेन्द्र यादव वि. धर्मनाथ यादवसमेत |
| **इजलास नं. १६** | | **४४ - ४५** |
| ५२. | भ्रष्टाचार (रिसवत) | सुरेशकुमार संग्रौलासमेत वि. नेपाल सरकार |

| | | | |
|---|---|---|---|
| ५३. | उत्प्रेषण | श्यामकृष्ण शाह वि. राजनकुमार अमात्यसमेत | |
| **इजलास नं. १७** | | | **४६ - ४९** |
| ५४. | बन्दी प्रत्यक्षीकरण | थोमस एरेन्सनट्रप (Thomas Aarenstrup) वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | |
| ५५. | परमादेश | चार्ल्स गुरूमुख शोभराज वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५६. | परमादेश | केशव बराल वि. त्रिभुवन विश्वविद्यालय, काठमाडौंसमेत | |
| **इजलास नं. १८** | | | **४९ - ५१** |
| ५७. | उत्प्रेषण / परमादेश | नरेश चौधरी वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५८. | उत्प्रेषण / परमादेश | पन्नेलाल चौधरी वि. निजामती किताबखाना, हरिहरभवन ललितपुरसमेत | |
| ५९. | कर्तव्य ज्यान | किस्नाटी देवी वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | **५१ - ५२** |
| ६०. | उत्प्रेषण / परमादेश | केतकी भुजुवा वि. मणिलाल भुजुवासमेत | |
| ६१. | प्रतिषेध | सागर थापा वि. गृह मन्त्रालयसमेत | |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CF-००१०, बहुविवाह, *नेपाल सरकार वि. मन के.सी. समेत*

फौजदारी न्यायको उद्देश्य प्रचलित कानूनले अपराध घोषित गरेको कार्य गर्ने व्यक्तिलाई कानूनबमोजिम दण्ड सजाय गरी समाजमा अपराध नियन्त्रण गर्नु पनि हो। मुलुकी ऐन, बिहावारीको महलको ९ नं. बमोजिम कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नभई वा अंशबन्डाको महलको १० नं. बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेको अवस्था नभई अर्को विवाह गर्न पाउने नदेखिने।

प्रतिवादी राजु थापाले निजकी श्रीमती रमीला थापा हुँदाहुँदै मन के.सी. सँग अर्को विवाह गरेको देखिएको छ । प्रतिवादी राजु थापा र निजकी जेठी श्रीमती रमीला थापाबीच सम्बन्ध विच्छेद भएको देखिँदैन भने रमीला थापा अंश लिई छुट्टी भिन्न भएको अवस्था पनि देखिँदैन। प्रतिवादीहरूबीच दोस्रो विवाह भइसकेको अवस्था रहेमा वारदात घटित भइसकेको मान्नुपर्छ । दोस्रो विवाह गरेपछि हाल सो दोस्रो वैवाहिक सम्बन्ध कायम नरहेको भन्ने कुराले सम्पन्न भइसकेको दोस्रो विवाह (बहुविवाह) नभएको मान्न मिल्दैन। सम्पन्न भइसकेको कार्य नभएको हुन सक्दैन र नभएको बनाउन पनि सकिँदैन। बहुविवाह स्थापित भइसकेको अवस्थामा कानूनको परिणाम तत्काल सिर्जित भएको देखिन्छ। सोबाट लामो समयपछिबाट गरिएको सम्बन्ध विच्छेदले मद्दत गर्न सक्ने नदेखिने।

बहुविवाह फौजदारी कसुर भएको र फौजदारी कानूनको अक्षरश: लागू गर्नुपर्ने हुन्छ। कुनै वस्तुस्थिति देखाएर वा जाहेरवाला वा पीडितको आक्रोश वा क्षमा वा सहनशीलताजस्ता कुराले फौजदारी दायित्वबाट मुक्त गर्न सकिँदैन । यसबाट फौजदारी कानूनको कार्यान्वयनमा अपवाद खोज्ने अवस्था निम्त्याउँछ, जुन कानूनले अनुमति दिँदैन । दुष्कृतिलाई रोक्ने प्रयोजनका लागिसमेत यस्तो दृष्टिकोणलाई स्थान दिन नमिल्ने।

जाहेरवाला रमीला थापा, प्रहरीमा कागज गर्ने जमुना पुरी, शारदा थापा, बद्री थापासमेतले गरेको बकपत्रबाट प्रतिवादी राजु थापा मिति २०५९।८।२० गते घरबाट निजलाई र प्रतिवादी मन के.सी. समेतलाई मिति २०५९।९।१९ मा काठमाडौंमा ल्याएको भन्ने देखिनुका साथै मिति २०५९।९।१६ गते निज प्रतिवादीहरूलाई हेटौंडामा फेला पारेको देखिएको हुँदा प्रतिवादी राजु थापाले आफ्नो घर छोडी हिँडेको मिति २०५९।८।२० भन्दा पूर्व मिति २०५९।३।५ मा नै प्रतिवादी मन के.सी. सँग विवाह गरिसकेको रहेछ भन्न मिल्ने नदेखिने।

प्रतिवादी मन के.सी. का साक्षी राजु थापा र प्रतिवादी राजु थापाका साक्षी रेणु थापाले प्रतिवादीहरूबीच मिति २०५९।३।५ मा विवाह भएको भन्ने कुरा सुनेको हो भनी अदालतमा बकपत्र गरिदिएका छन् । निज साक्षीहरूले विवाह भएको आफूहरूले नदेखेको र सो विवाहमा सामेल पनि नभएको भन्ने व्यहोरा पनि सो बकपत्रमा लेखाइदिएका छन्। प्रमाण ऐन, २०३१ को दफा ३७(२) बमोजिम प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले व्यक्त गरेको कुरालाई मात्र प्रमाणमा लिन हुने देखिन्छ । प्रतिवादीका साक्षीहरूले मिति २०५९।३।५ मा विवाह भएको प्रत्यक्ष देखेको सुनेको वा थाहा पाएको नभई अरू व्यक्तिबाट सुनेको भन्ने देखिँदा निज साक्षीहरूले गरेको बयानलाई विश्वसनीय मान्न नसकिने।

प्रतिवादी राजु थापाले अदालतमा बयान गर्दा मिति २०५९।३।५ मा दोस्रो विवाह गरेको भनेको भए पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति

२०५९।८।२३ मा विवाह गरेको भन्ने व्यहोरा लेखाएको पाइन्छ । अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा के कारण वा परिस्थितिले गर्दा मिति २०५९।८।२३ मा विवाह गरेको भन्ने व्यहोरा लेखाएको नदेखिएकोले निजले गरेको बयानको सो व्यहोरा पनि विश्वसनीय देखिन नआउने ।

यसरी प्रतिवादी राजु थापा र मन के.सी. ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, जाहेरवाला, अनुसन्धानको क्रममा कागज गर्ने जमुना पुरी, शारदा थापा, बद्री थापासमेतका व्यक्तिले अदालतमा गरेको बकपत्रसमेतका प्रमाणबाट प्रतिवादी राजु थापाले मन के.सी. सँग मिति २०५९।८।२३ मा नै दोस्रो विवाह गरेको पुष्टि हुन आउने ।

अर्का प्रतिवादी मन के.सी. को हकमा विचार गर्दा प्रतिवादी मन के.सी. ले प्रतिवादी राजु थापासँग विवाह गरेको कुरालाई स्वीकार गरेकी भए पनि निज राजु थापाकी जेठी श्रीमती भएको कुरा थाहा थिएन भनी अदालतमा बयान गरेको देखिएको र निजलाई प्रतिवादी राजु थापाकी पहिलो श्रीमती रहेको थाहा भएको भन्ने कुरा पुष्टि हुने प्रमाण अभियोगबाट पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादी मन के.सी. ले अभियोग दाबीबाट सफाइ पाउने देखिन आएकोले निज प्रतिवादीको हकमा पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै परिवर्तन गरिरहनु परेन । तसर्थ माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी राजु थापा र मन के.सी. लाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।२४ को फैसला केही उल्टी भई प्रतिवादी राजु थापालाई १ वर्ष कैद र रू.५,०००।– जरिवाना हुने र प्रतिवादी मन के.सी. ले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, मा.न्या.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६५-NF-००५१, जालसाजी, *प्रेमबहादुर बलामी वि. सतिस बानियाको संरक्षक भई आफ्नो हकमा समेत द्वारिका बानिया*

यहाँ वादीहरूमध्ये सतिस बानिया नाबालक रहेको कुरामा विवाद छैन । निजलाई जन्मनासाथ प्राप्त अंशको हक लेनदेन व्यवहारको १० नं. वा अंशबन्डाको १९ को व्यवस्थाबाट संरक्षण हुन सक्ने हुँदैन । यस्तो स्थितिमा जालसाजमा फिराद लिई आउनुबाहेक निजको हकमा अर्को विकल्प पनि छैन । कुन मार्ग अवलम्बन गर्दा आफूलाई न्याय प्राप्त हुन्छ सो कुरा वादी आफैँले तय गर्ने हो, प्रतिवादी वा अदालतले होइन । यस स्थितिमा वादीहरू सगोलमा बसेको भन्ने कुराले कुनै अर्थ राख्दैन । सगोलमा बस्दैमा सबै अवस्थामा लोग्ने वा पतिको व्यवहार थाहा हुन्छ भन्ने पनि हुँदैन । लिखतमा वादीहरू साक्षी बसेको अवस्था छैन । यस स्थितिमा नाबालकसमेतको हक संरक्षण गर्न अ.बं.८३ नं. को सुविधासमेत लिई नक्कल सारेको मितिबाट आएको फिराद अस्वीकार गर्न मिल्ने नदेखिने ।

जहाँ जालसाजको प्रश्न उत्पन्न हुन्छ त्यहाँ जालसाजपूर्ण कार्य भएको छ वा छैन भन्ने कुरा नै मुख्यरूपमा हेर्नु पर्ने हुन्छ । लिखत बदरमा जाने हदम्याद कटेको कारणबाट जालसाज नहुने होइन । जालसाजपूर्ण कार्य भएको छ भने लिखत बदरमा म्याद कट्नु गौण कुरा हुने ।

यहाँ प्रतिवादीमध्येको सानुबहादुरले विवादित जग्गा राजीनामा गर्नुअघि पनि प्रसस्त जग्गाहरू वादीको मन्जुरीबिना बिक्री गरेकोबाट वादीहरूको अंशको हक मर्न गएको अवस्था देखिन्छ । विवादित जग्गा बिक्री गर्दा वादीहरूको मन्जुरी लिएको अवस्था नदेखिँदा

प्रतिवादीहरूको कार्य मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिम जालसाजपूर्ण देखिन आउने हुँदा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गर्दै दिने सानुबहादुर बानिया र लिने प्रेमबहादुर बलामी भई र.नं.१२४३ बाट मिति २०५५।६।२७ मा पारित राजीनामा लिखतमध्येको वादीहरूको हक जाने अर्थात् ३ भागको २ भाग जालसाजपूर्ण भई निष्क्रिय हुने र प्रतिवादीहरूमध्येको सानुबहादुर बानियालाई किर्ते कागजको १० नं. बमोजिम जरिवानासमेत हुने ठहर्‍याई यस अदालत संयुक्त इजलासबाट मिति २०६२।११।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६५-NF-००५२, जालसाजी, *प्रेमबहादुर बलामी वि. जयन्द्र कोइरालासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०५६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुकमाया बोटेसमेत*

कर्तव्य ज्यानको कसुर प्रमाणित हुनका लागि प्रत्यक्ष प्रमाणको बढी महत्त्व हुन्छ। सो नभएको स्थितिमा परिस्थितिजन्य प्रमाणले पुष्टि गरेको हुनुपर्छ । त्यसैगरी कर्तव्य ज्यानजस्तो मुद्दामा ज्यान मार्नका लागि कुनै न कुनै रिसइबी वा तत्कालीन अन्य केही कारण हुनु वा देखिनु पर्ने हुन्छ। प्रस्तुत विवादमा मृतक धनबहादुर बोटेको हत्या प्रतिवादीहरूले गर्नुपर्नेसम्मको त्यस्तो पूर्व रिसइबी वा तत्कालीन केही अन्य कारण रहे भएको भन्ने अभियोगसमेत देखिँदैन। अभियोग दाबी प्रमाणित गर्ने प्रत्यक्ष प्रमाणको सर्वथा अभाव रहेको अवस्थामा घटना घटाउने कार्यमा क्रमश: भए गरेका कामकारवाही, प्रतिवादीहरूको शङ्कास्पद गतिविधि एवम् क्रियाकलापहरू स्पष्ट देखिने गरी एकपछि अर्को घटनाक्रम एवम् परिस्थितिजन्य प्रमाणको रूपमा मुद्दामा ग्रहण गर्न सकिने।

परिस्थितिजन्य प्रमाणबाट कसुरदार देखिएको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा परिस्थितिजन्य प्रमाण जहिले पनि प्रत्यक्ष हुनुपर्छ । कर्तव्य ज्यानजस्तो मुद्दामा परिस्थितिजन्य प्रमाण अनुमानबाट समर्थित हुने विषय होइन । के कस्तो परिस्थितिजन्य प्रमाण हो भन्ने कुरा अभियोग माग दाबी लिँदाकै अवस्थामा स्पष्टरूपमा खुलाउनु पर्छ । घटनासँग सम्बन्धित विभिन्न कडीहरू मालाकाररूपमा एक अर्कोसँग जोडिएको र त्यसबाट परिणामको स्वाभाविक निष्कर्षसमेत आउनु पर्ने हुन्छ। जाहेरी दरखास्त आफैँमा स्वतन्त्र प्रमाण नहुने हुँदा अदालतले अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्तलाई प्रमाणको रूपमा लिन मिल्ने हुँदैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म त्यस्तो जाहेरी दरखास्तको विश्वसनीयतामाथि शङ्का गर्ने प्रशस्त ठाउँ रहन जाने र अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्न सकिने नहुँदा त्यस्तो जाहेरी केवल अपराधको सूचनासम्ममा सीमित हुन जाने।

जाहेरवालाहरू भैरव बोटे, हिरामान बोटे र केमबहादुर बोटे तथा मौकामा कागज गर्ने मानिस रन्जित गिरीसमेतको कथन कुनै सबुद प्रमाणमा आधारित नभई अनुमानसम्म देखिएको हुँदा त्यस्तो भनाइकै आधारमा मात्र कसैलाई दोषी ठहर गर्न मिल्ने हुँदैन। मिसिल संलग्न विश्वासिलो अकाट्य प्रमाणको अभावमा कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी मुद्दामा

केवल अनुमान, आशङ्का र सम्भावनाजस्ता मनोगत प्रमाणलाई मात्र आधार बनाई कर्तव्यबाटै मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु कानून र फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हुनजान्छ । यी प्रतिवादीहरूको कर्तव्यबाटै मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न वस्तुनिष्ठ सबुद प्रमाणको अभावमा यी प्रतिवादीहरूलाई कर्तव्यजस्तो गम्भीर फौजदारी अपराधमा दोषी ठहर गर्न मिल्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन तथा बहस जिकिरसँग सहमत हुन नसकिने हुँदा अभियोग दाबी प्रमाणित हुने प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणको विद्यमानताको अभावमा यी प्रतिवादीहरू सुकमाया बोटे र भूमिराज बोटेलाई कर्तव्य ज्यान मुद्दाको अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली**, ०७०-CR-०४७४, कर्तव्य ज्यान, *पदमकुमार लिम्बू चोङ्गवाङ्ग वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो श्रीमती चन्द्रकुमारी लिम्बूलाई पहिलादेखि नै कुटपिट गर्ने गरेको र मिति २०६८।५।८ गते राति पनि श्रीमतीलाई लात्ती बक्सिङ्ले शरीरको संवेदनशील अंगमा जत्रतत्र प्रहार गरी कुटपिट गरी मारेको भनी जाहेरवाला आइतराम लिम्बूको किटानी जाहेरी परेको देखिन्छ । मृतक चन्द्रकुमारी लिम्बूको लास प्रकृति मुचुल्कामा शरीर भरी नीलडाम रहेको, पेट फुलेको भन्ने उल्लेख भएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण सम्बन्धमा Hypovolemic Shock due to haemoperitoneum as aresult of blunt abdominal trauma causing spleen injury भन्ने उल्लेख भएको मिसिल संलग्न तथ्यगत अवस्थाको पृष्ठभूमि हेर्दा मृतक चन्द्रकुमारी लिम्बूको मृत्यु स्वभाविकरूपमा भएको भन्न मिल्ने अवस्था नदेखिने ।

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा श्रीमतीसँग घरायसी कुरामा झगडा भइरहने गरेको र वारदात भएको राति श्रीमतीसँग मासु पकाएको विषयमा झगडा परी श्रीमतीलाई धकेली दिएको भन्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ । अदालतसमक्षको बयानमा मृतक श्रीमती आफैँ पानी तान्ने कलमा लडेर चोट लागी शरीरमा नीलडाम र चोट परी मृत्यु भएको भन्ने जिकिर लिएको देखिए पनि मृतकको लास प्रकृति मुचुल्कामा उल्लेख भएको शरीर भरीको नीलडाम एवम् शवपरीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण सम्बन्धमा Haemoperitoneum as aresult of blunt abdominal trauma causing spleen injury भन्ने उल्लेख भएको व्यहोराबाट मृतक आफैँ लडेर उक्त चोट लागेको भन्न सकिने अवस्था छैन । मिसिल संलग्न उपर्युक्त तथ्यबाट प्रतिवादीको जिकिर विश्वसनीय देखिन नआएकाले निजको बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।

जाहेरवाला र मौकामा व्यहोरा लेखाउने व्यक्तिहरूले मौकाको आफ्नो भनाईलाई समर्थन गर्दै अदालतमा गरेको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १०(१)(क) र दफा १८ बमोजिम ठोस प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने भएकाले यिनै प्रतिवादीले गरेको कुटपिटबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरेको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब

देखिन आएको छ । आफू निर्दोष भएकाले सफाइ पाउनु पर्ने भन्ने प्रतिवादीको जिकिर मनासिब देखिन नआउने।

प्रतिवादीलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्न जाने भएकाले अ.बं. १८८ नं. बमोजिम १७ वर्ष कैद गर्ने भनी सुरू र पुनरावेदन अदालतबाट व्यक्त भएको राय सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले आफ्नी श्रीमती चन्द्रकुमारी लिम्बूलाई मार्नुपर्नेसम्मको पूर्वयोजना र मनसाय राखी कुटपिट गरेको देखिएको छैन । निजले जोखिमी हतियारले मृतकउपर प्रहार गरेको अवस्थासमेत देखिएको छैन । प्रतिवादीले लातमुक्का प्रहार गरेको कारण मृतकको मृत्यु भएको देखिएको छ । यसका अतिरिक्त मृतक एवम् प्रतिवादीका नाबालक सन्तानसमेत रहेको परिप्रेक्ष्यमा प्रतिवादीलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पनि जाने देखिएकाले अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद हुन मनासिब देखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादी पदमकुमार लिम्बूले गरेको कुटपिटको कारण निजको श्रीमती चन्द्रकुमारी लिम्बूको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएकाले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।१२।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सजायको हकमा ठहरेबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकाले प्रतिवादीलाई १२(बाह्र) वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०१०३, निषेधाज्ञा, *दिनेशप्रसाद कुशवाह वि. विन्देश्वरी महतो कोइरीसमेत*

वस्तुतः कि.नं. ५९ को उक्त जग्गामा पुनरावेदक निवेदकको निर्विवाद हक रहेको भन्ने कुराको पुष्टि हुने कुनै लिखत यी पुनरावेदक निवेदकले प्रस्तुत गर्न सकेको देखिँदैन । यसका अतिरिक्त उक्त जग्गामा भएको घर पाताल भई विपक्षीहरूले घर बनाई बसोबास गरी भोग गरी आएको भनी लिखित जवाफमा जिकिर लिएको देखिएको छ । निवेदकले विवादित जग्गामा आफ्नो निर्विवाद हक रहेकोमा भन्ने कुरा प्रस्तुत गर्न नसकेको तथा हक अधिकारमा विवाद रहेको देखिएको एवम् निवेदन दाबीबमोजिम तत्काल कुनै नयाँ निर्माण कार्य हुन लागेको नदेखिएकाले निवेदकले भने जस्तो आशङ्काको स्थितिको विद्यमानता भएको नदेखिएकोले निषेधाज्ञाको आदेश जारी हुने सक्ने अवस्था र स्थिति रहेको देखिन आएन । उक्त अवस्थामा निवेदकको निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेश मनासिबै देखिन आउने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट निवेदकले दाबी गरेको कि.नं. ५९ को जग्गामा निवेदकको निर्विवाद हकका सम्बन्धमा विवाद रहेको र उक्त जग्गामा विपक्षीहरूले घर बनाई भोगचलन गरी आएको भन्ने जिकिर रहेको सन्दर्भमा निवेदकले दाबी गरेबमोजिम आशङ्काको अवस्था विद्यमान रहेको नदेखिँदा निषेधाज्ञाको आदेश जारी गर्ने अवस्था नभएको भनी निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।२१ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०५०२, निषेधाज्ञा, *भुवानन्द न्यौपाने वि. जगन्नाथ पाण्डेसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अवलोकन गर्दा निवेदकले आफ्नो कि.नं. ७५ को जग्गामध्ये १० धुर जग्गामा विपक्षीहरूले घर बनाउन लागेको भन्ने दाबी रहेकोमा पुनरावेदन अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्काको न.नं. १ मा निवेदकको कि.नं. ७५ को जग्गा देखिएको छ । त्यस्तै विपक्षीहरूको कि.नं. ५४ र ५७ को जग्गा न.नं. ४ मा देखाइएको पाइन्छ । नक्सा मुचुल्कामा न.नं. ५ र ६ मा विवाद देखाइएकोमा न.नं. ५ को जग्गामा जगसमेत हाल्ने काम भइसकेको देखिन्छ । उक्त जग्गा निवेदकको हो वा विपक्षीको हो भन्ने कुरा सबुद प्रमाण बुझी इन्साफ गर्नुपर्ने अवस्था देखिन आउँछ । विवादित जग्गा निवेदकको भए निजले जग्गा खिचोला मुद्दा दिई सामान्य कानूनी प्रक्रियाअन्तर्गत उपचार प्राप्त गर्न सक्ने नै हुन्छ । तर प्रस्तुत निषेधाज्ञा मुद्दाको रोहमा नक्सा मुचुल्काबाट देखिएका न.नं. ५ को जग्गा निवेदकको कि.नं. ७५ भित्रको हो वा होइन भन्ने हक बेहकतर्फ प्रमाण बुझी इन्साफ गर्न मिल्ने नहुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिन पाउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट विवाद न.नं. ५ को जग्गा सम्बन्धमा सबुद प्रमाण बुझी इन्साफ गर्नुपर्ने विषय भएको देखिएकोले निवेदकको निर्विवाद हकको जग्गा भन्ने प्रमाणित भई नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१०।२४ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७५३, निषेधाज्ञा, *रामकुमारी खवास वि. गोर्खा विकास बैंक लि. इटहरीसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा निवेदकले निज नाउँ दर्ताको कि.नं. ९५१ को ०-१-० जग्गा धितो राखी मिति २०६५।१०।२ मा विपक्षी गोर्खा विकास बैंकबाट रू.२,५०,०००।– कर्जा लिएकोमा भाखाभित्र तिर्न बुझाउन नसक्दा बैंकबाट विभिन्न मितिमा साँवा र ब्याज रकम बुझाउन भनी निवेदकलाई पत्राचार गरी निवेदकले सोपत्र बुझेकोसमेत देखिन्छ । उक्त कर्जा रकम निवेदकले बुझाइसकेको भन्ने देखिने कागजात निवेदकबाट पेस भएको देखिँदैन । निवेदकले बैंकबाट लिएको ऋण भाखाभित्र नतिरेको अवस्थामा ऋण सम्झौताको सर्तअनुसार कर्जा असुलउपर गर्ने प्रयोजनको लागि जग्गा लिलामीमा निकालेको देखिएकाले सो कार्यबाट निवेदकको कुनै कानूनी हकमा आघात हुने आशङ्काको अवस्था नरहेकाले निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट निवेदकले विपक्षी बैंकबाट लिएको ऋण चुक्ता नगरेको कारण ऋण सम्झौताको सर्तअनुसार ऋण असुलउपर गर्न धितोमा राखेको जग्गा लिलामीमा राखेको कार्यबाट निवेदकको हक अधिकारमा आघात पर्ने आशङ्काको स्थिति नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।१२।१९ को आदेश मिलेको देखिँदा सदर हुने

ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-१२७३, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. लेखनाथ लम्साल*

प्रतिवादी लेखनाथ लम्सालउपर जाहेरवालाहरू राकेश श्रेष्ठ र हेम राईले जाहेरी दरखास्त दिँदा निजको नाम उल्लेख गरेको देखिँदैन । राकेश श्रेष्ठ र हेम राईले पेस गरेको भरपाई लिखतमा लेखनाथ लम्सालको नाम कहीँकतै पनि उल्लेख नभएको र सो कागजमा निजको संलग्नता कहीँकतै देखिँदैन । प्रतिवादी इन्द्रकुमार श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष र वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरूबाट बुझी लिएको रकम लेखनाथ लम्साल र रवि थापाले लिएका हुन्, मैले लिएको होइन । मलाई जाहेरवालाहरूले जबरजस्ती कागज गराएका मात्र हुन् भनी आफ्नो बयानमा लेखाएको देखियो । निजको उक्त भनाईलाई प्रमाणद्वारा कहीँ कतैबाट पुष्टि गरेको देखिँदैन । प्रतिवादी इन्द्रकुमार श्रेष्ठको भनाइबाहेक जाहेरवालाहरू राकेश श्रेष्ठ र हेम राईलाई वैदेशिक रोजगारको सिलसिलामा अष्ट्रेलिया पठाउनको लागि यी प्रतिवादी लेखनाथ लम्सालको संलग्नता कहीँकतैबाट पुष्टि हुँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी अभियोगमा दाबी प्रमाणित गर्ने भार वादीमा रहने भन्ने कानूनी व्यवस्था रहेकोले आफ्नो अभियोगदाबी प्रमाणित गर्ने भार वादी पक्षमा रहने देखियो । यी प्रतिवादीउपर वादी नेपाल सरकारले आफ्नो अभियोगदाबी प्रमाणित गर्न नसकेको अवस्था हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको नै देखिँदा सदर हुने ।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-१३२६, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सन्दीप रावलसमेत*

वादी नेपाल सरकारले गरेको पुनरावेदन जिकिरबमोजिम अभियोग दाबीबाट सफाइ पाएका प्रतिवादीहरूमध्ये अनुपम पराजुलीको हकमा विचार गर्दा निज प्रतिवादीबाट कुनै हातहतियार खरखजाना बरामद भएको देखिँदैन । निज प्रतिवादी उक्त अवैध कार्यमा संलग्न रहेको भन्ने कुनै तथ्ययुक्त प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । वादी पक्षले आफ्नो दाबी प्रमाणित गराउन जिल्ला प्रशासन कार्यालयबाट तोकिएको मितिमा आफ्नो साक्षीहरू उपस्थित गराउन नसकेको, निज अनुपमको पेस्तोल बेच्ने तथा पेस्तोल बोकेको अवस्थामा पक्राउमा परेका प्रतिवादीहरू गोपाल उप्रेती र शिशिर गौतमहरूसँग चिनजान रहेको भन्ने देखिँदैन । निज आफू निर्दोष रहेको भनी मुद्दा हेर्ने अधिकारीसमक्ष इन्कार रही बयान गरेको र सो बयानलाई आफ्ना साक्षीमार्फत पुष्ट्याइँ गराइ रहेको अवस्थामा निजले आरोपित कसुर गरे होलान् भनी अनुमानको आधारमा सजाय गर्न मिल्ने देखिँदैन । अभियोग दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ ले वादीमा हुन्छ भन्ने व्यवस्था रहेकोमा सो अभियोग वादी पक्षबाट प्रमाणित गराउन नसकेको अवस्थामा अभियोग दाबीबाट प्रतिवादी अनुपम पराजुलीलाई सफाइ दिने गरी भएको पुनरावेदन

अदालत, पाटनको फैसला मिलेको देखिने।

प्रतिवादी सन्दीप रावलउपरको पुनरावेदन जिकिरतर्फ हेर्दा निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातमा आफू प्रत्यक्ष सहभागी नभएको भन्ने र जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमक्ष बयान गर्दा कसुर गरेकोमा पूर्णत इन्कार रही बयान गरेको देखिन्छ। निज प्रतिवादी सन्दीप रावलका साक्षी सागर गुरूङले मिति २०६८।९।१ गतेको घटना घटेको १७ दिनपछि मात्र सन्दीप रावललाई पक्राउ गरेको हो । निजले कुनै हातहतियार बोक्ने, ओसारपसार गर्ने जस्ता कार्य गरेका छैनन् । निजलाई लगाइएको अभियोग झुट्ठा हो भनी मिति २०६८।१०।१५ मा बकपत्र गरेको देखिन्छ । आफ्नो अभियोग दाबीलाई प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ ले वादीमा हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा वादी पक्षले निज प्रतिवादीउपरको अभियोग ठोस प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन। तसर्थ यी प्रतिवादी सन्दीप रावललाई कसुरदार कायम गरी अभियोग प्रमाणित गर्न नसकेको अवस्थामा कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-RC-०१०३, ०६७-CR-०१०७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करण गुरूङ, हुम्बा भन्ने हुमबहादुर गुरूङ वि. नेपाल सरकार*

मौकामा कागज गरिदिने व्यक्तिहरूको भनाइ तथा पुल हाउसका सञ्चालक योजनाप्रसाद गुरूङसमेतको कागजबाट घटना भएको साँझ मृतक र यी प्रतिवादीहरूबीच झगडा भएको तथ्य निर्विवादरूपमा पुष्टि भएको देखिन्छ। मृतकको साथमा सँगै मोटरसाइकलमा सवार रहेका जुद्धबहादुर थापा र के.वि. पुनले मृतक बुद्धिजंग राना र हामीसमेत भई नाचगान हेर्न गएको अवस्थामा मृतक र राजु गुरूङसमेतका बीचमा हेलमेटका विषयमा झगडा भएको हो पछि हामी वर्दघाट फर्कने क्रममा बुद्धिजंगले चलाएको मोटरसाइकलमा म जुद्धबहादुर थापा बसेको थिएँ। घटनास्थलमा आई पुग्दा हामीतर्फ फायर हुँदा बुद्धिजंग रानालाई लागी ढलेका हुन्। गोली हानी भाग्दै गर्दा कुमार गुरूङ र राजु गुरूङसमेतका व्यक्तिहरूलाई स्पष्टसाथ चिनेका हौं । मृतकलाई प्रतिवादीले गोली हानी मारेका हुन् भन्ने मौकाको कागज तथा अदालतमा सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेकोले पनि यी प्रतिवादीहरूको प्रस्तुत वारदातमा संलग्नता रहे भएको तथ्यलाई पुष्ट्याइँ गरिरहेको पाइने।

प्रतिवादीहरू कुमार गुरूङ र करण गुरूङ हालसम्म पनि फरार नै रहेको र आफू निर्दोष रहेको भए अदालतबाट जारी भएको वारेन्ट तथा म्यादी पुर्जीको म्यादमा उपस्थित भई आफ्नो सफाइको सबुद पेस, दाखिल गर्नुपर्नेमा सो केही नगरी प्रस्तुत मुद्दाको कारवाहीमा उदासिन रहेको देखिँदा निज प्रतिवादीहरूको प्रस्तुत वारदातमा संलग्नता रहेछ भन्ने कुरा स्वत: पुष्टि हुन्छ । तसर्थ यी प्रतिवादीहरू करण गुरूङ र कुमार गुरूङसमेतको मिलेमतो र संलग्नतामा गोली हानी बुद्धिजंग रानालाई कर्तव्य गरी मारेको तथ्य प्रमाणित हुन आई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०४८५, उत्प्रेषण, *विरजीया देवीसमेत वि. हरिश्चन्द्र राय यादवसमेत*

प्रस्तुत मुद्दाका विपक्षी हरिश्चन्द्र राय यादवले शेषपछिको बकसपत्रको लिखत गरिदिने दाताको मृत्युपश्चात् दाताले अंश हकबाट प्राप्त गर्ने सम्पत्तिमा निजको हक सिर्जना हुने नै देखियो । स्व. चनिया देवी यादवनीले हरिश्चन्द्र राय यादवलाई गरिदिएको शेषपछिको बकसपत्रको लिखत हालसम्म बदर नभएको अवस्थामा उक्त लिखतअनुसार निज चनिया देवीले पाउने अंशबापतको सम्पत्ति निज हरिश्चन्द्र राय यादवले दा.खा. नामसारी गर्न पाउने नै देखिने ।

प्रस्तुत निवेदनको सन्दर्भमा शेषपछिको बकसपत्रको लिखतअनुसार हरिश्चन्द्र राय यादवले अंशियार स्वर्गीय आमा चनियादेवीको भागमा पर्ने १ भाग सम्पत्ति निजले पाउने नै देखियो । रौतहट जिल्ला अदालतबाट मिति २०६७।७।८ मा अंश दर्ता मुद्दाको फैसला भएकोमा सो फैसलाअनुसार बन्डा मुचुल्का हुनुपूर्व मिति २०६७।७।१८ मा विपक्षी चनिया देवीको मृत्यु भएको देखिन्छ । अब यस्तो अवस्थामा अदालतबाट बन्डापत्र हुँदा प्रस्तुत मुद्दाका विपक्षी हरिश्चन्द्र राय यादवले आफ्नो भागको १ भाग र निज स्व. चनियादेवीको शेषपछिको बकसपत्रको लिखतअनुसार थप १ भाग गरी २ भाग अंशबन्डा गरी लिन पाउने नै देखिन्छ । यस्तो अवस्थामा रौतहट जिल्ला अदालतले मिति २०६८।३।११ मा बन्डा मुचुल्का गर्दा विपक्षी हरिश्चन्द्र राय यादवले आफ्नो भागको र आफ्नी आमाबाट प्राप्त गरेको शेषपछिको बकसपत्रको लिखतअनुसार समुच्चा सम्पत्तिलाई ४ खण्ड गरी सोको २ खण्ड अंश पाउने गरी बन्डा मुचुल्का खडा गरेको देखिन्छ। उक्त बन्डा मुचुल्कालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।८।८ को आदेश कानूनसम्मत नै देखिने।

आफ्नी आमा चनियादेवी यादवनीले गरेको इच्छापत्रअनुसार छोरा हरिश्चन्द्र राय यादवले सम्पूर्ण सम्पत्तिलाई ४ भाग गरी सोबाट आफ्नो र स्वर्गीय आमाको गरी २ (दुई) भाग विपक्षी हरिश्चन्द्र राय यादवले अंश पाउने गरी छुट्याएको रौतहट जिल्ला अदालतको मिति २०६८।३।११ को बन्डा मुचुल्का मिलेको नै देखिन आयो। अतः उक्त बन्डा मुचुल्का बदर गरिपाउँ भनी दायर भएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१२०९, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. बसन्तकुमार देवान राई*

प्रतिवादीले अनुसन्धान अधिकृत र न्यायाधिकरणमा बयान गर्दासमेत यस मुद्दाका जाहेरवाला मिलन तिवारीसँग चिनजान परिचयसमेत छैन भनी बयानमा लेखाएको पाइन्छ । जाहेरवालाले नेपालबाट साउदी अरबमा कुराकानी गरी अमेरिका पठाउने कुरा भएअनुसार नेपालमा दरबारमार्ग कफी सपमा भेट भएपछि रकम दिएको भने तापनि साउदी अरबमा सम्पर्क गर्ने फोन नं. उल्लेख गर्न नसकेको, कल रेकर्ड देखाउन सकिन्छ कि भनी सोधनी गर्दा जाहेरवालाले नसक्ने भनी जवाफ दिएको, प्रतिवादी मिति २०६७।३।१७ गते प्रहरी हिरासतमा रहेको कुरा जाहेरवालाले बकपत्रमा स्वीकार गरेको र वैदेशिक रोजगार विभागको माथि वर्णित पत्रले समेत समर्थन गरेको देखियो । प्रतिवादीले आफू पक्राउ परेको भोलिपल्ट पढ्न नदिई दुईवटा कागजमा सही गराएको भनी यस मुद्दामा व्यक्त गरेको हुँदा यी प्रतिवादीले मिति २०६७।३।१७ गते बिहान १०$^{१}/_{२}$ बजेतिर कफी हाउसमा (कहीँ नाम थाहा भएन भनिएको, कहीँ अन्नपूर्ण कफी हाउस भनिएको) रकम दिएर लिखत गराएको

भन्नेमा जाहेरी कथनलाई प्रतिवादीले पूर्णतः इन्कार गरेको अवस्थामा जाहेरवालाको रकम प्रतिवादीले लिएको भन्ने कुरा शङ्कास्पद देखिन आउने।

जाहेरवालाले प्रतिवादीलाई दिएको भनेको रकम रू.३०,००,०००।– बुझाएको भनेको रकम सानो रकम देखिँदैन । यो रकम कहाँबाट कसरी ल्याएको र निजलाई कुन दिन कुन स्थानमा कहिले दिएको हो सो यकिनसाथ भन्न सकेको देखिँदैन । जाहेरवालाबाट लिएको भनिएको रकम रू.३०,००,०००।– यी प्रतिवादीले लिएको यकिनसाथ प्रमाणित हुन नसकेको अवस्थामा वैदेशिक रोजगार ठगी फौजदारी मुद्दाको अभियोगमा अनुमान, अन्दाज र अड्कलको भरमा यी प्रतिवादी कसुरदार रहेछन् भन्न सकिने अवस्था देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसला मुनासिब भई मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल मङ्सिर २३ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७२-CR-१२३२, १२३३, बहुविवाह, *सृष्टिना जोशी वि. नेपाल सरकार, रजनिसराजा मानन्धर वि. नेपाल सरकार*

जाहेरवालीले प्रतिवादीउपर २०६६ फागुनमा दायर गरेको अंश मुद्दामा मिति ०६९।३।६ मा सुरू अदालतबाट अंश पाउने ठहरी फैसला भएको देखिन्छ । २०७१ साल मङ्सिरमा यस अदालतमा मिलापत्र भएपछि मात्र सो मुद्दा अन्तिम भएको देखिन्छ । अंश मुद्दा अन्तिम हुनु अगावै प्रतिवादी सृष्टिना र रजनिसबीच सम्बन्ध भई २०६८ श्रावणमा निजहरूबाट छोराको जन्मसमेत भएको देखिन्छ । जाहेरवालीसँग सहमति लिएर दोस्रो विवाह गरेको हो भन्ने प्रतिवादी रजनिसको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रथमतः मन्जुरी लिइसकेपछि मात्र विवाह गरेको भन्ने प्रमाण मिसिलबाट देखिँदैन । कानूनले नै दोस्रो विवाहलाई कसुरजन्य अपराध मानी सजायसमेत गरेको अवस्थामा पत्नीको मन्जुरीबाटै दोस्रो विवाह गरेको भए पनि अपराध त अपराध नै हुन्छ र त्यो दण्डनीय पनि हुन्छ । प्रतिवादी रजनिसराजाले दोस्रो विवाह गरेको पुष्टि भइरहेको अवस्थामा निज कसुरदार होइनन् भन्न मिलेन । अतः प्रतिवादी रजनिसराजा मानन्धरलाई मुलुकी ऐन, बिहावारी महलको ९ नं. प्रतिकूल दोस्रो विवाह गरेको ठहर गरी १ वर्ष ३ महिना कैद र रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याएको हदसम्म पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

पुनरावेदक प्रतिवादी सृष्टिना जोशीको हकमा विचार गर्दा, अनुसन्धान अधिकारीसमक्ष र अदालतमा सृष्टिना जोशीले प्रतिवादी रजनिसराजा र जाहेरवाली कल्पना लोग्ने स्वास्नी हुन् भन्ने थाहा जानकारी थिएन भनी बयान गरेको देखिन्छ । प्रतिवादीको इन्कारी बयानलाई निजका साक्षी सुरजकुमार श्रेष्ठ, सुमोहिनी जोशीसमेतले पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । मुलुकी ऐन, बिहावारीको १० नं. ले जानीजानी दोस्रो विवाह गर्ने स्वास्नी मानिसलाई मात्र सजाय हुने व्यवस्था गरेको पाइन्छ । प्रतिवादी सृष्टिना जोशीले प्रतिवादी रजनिसराजा मानन्धरकी अर्की श्रीमती छन् भन्ने जानीजानी निजसँग विवाह गरेको ठोस र तथ्ययुक्त प्रमाण वादीतर्फबाट पेस हुन सकेको नदेखिँदा प्रतिवादीहरू रजनिस र सृष्टिना एउटै एयरलाइन्समा काम गर्ने पढेलेखेका उमेर पुगेका मानिस भन्ने आधार लिएर सृष्टिनालाई समेत कसुरदार ठहर गरी सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको

फैसला सो हदसम्म मिलेको नदेखिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी रजनिसराजा मानन्धरलाई मुलुकी ऐन, बिहावारीको महलको ९ नं. प्रतिकूल दोस्रो विवाह गरेको ठहर गरी १ वर्ष ३ महिना कैद र रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याएको हदसम्म पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी सृष्टिना जोशीले प्रतिवादी रजनिसराजाको अर्को श्रीमती छ भन्ने जानी-जानी विवाह गरेको भन्ने अभियोग दाबी प्रमाणित भएको नदेखिँदा निजलाई समेत मुलुकी ऐन, बिहावारीको महलको ९ नं. प्रतिकूल विवाह गरेको ठहर्‍याई १ वर्ष ३ महिना कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने गरी पुनरावेदन अदालत, पाटनले मिति २०६९।३।१२ मा गरेको फैसला केही उल्टी भई सृष्टिना जोशीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः शिवहरी पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल वैशाख २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-RC-००२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरसिंह लेप्चा*

प्रतिवादी प्रेमबहादुर तामाङले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी वीरसिंह लेप्चा र मृतक वीरमान तामाङबीच काठ बेचबिखन सम्बन्धमा झगडा भएको थाहा पाएँ। मेरो श्रीमती जारी गरी लगेको रिसइबी वीरमानसँग थियो। वीरसिंह लेप्चाले धारिलो हतियार छुरी प्रहार गरी वीरमानलाई मारेका हुन् भनेको पाइन्छ। तर, अदालतमा भने मृतकले श्रीमती जारी गरे पनि रू.५,०००।- जारी बुझाएपछि हामीबीचमा रिसइबी थिएन । प्रतिवादी वीरसिंह लेप्चासँग वारदातको दिन भेट भएको हो । सोबाहेक अरू कुरा थाहा भएन भनी आफ्नो र यी प्रतिवादीको अभियोग दाबीमा पूर्णतः इन्कार रहेको देखिन्छ । मणिकुमार राईको विवाह घरनजिक वारदातस्थल रहेको देखिन्छ । विवाहमा गाउँलेहरू आउने जाने गरेको स्थिति छ। विवाहमा उपस्थित सुरेन्द्र मोक्तान, पूर्णसिंह स्याङ्बो, दलबहादुर मोक्तान, पदमकुमार राई, गोपीमाया स्याङ्बो, मिलनकुमार चौरासे राईसमेतका व्यक्तिहरूले हल्ला भएपछि सुनेको हो भनी अनुसन्धानमा कागज गरी दिएको पाइन्छ । मौकामा कागज गर्ने कुनै पनि व्यक्तिलाई बकपत्रका लागि अदालतमा उपस्थित गराउन वादीतर्फबाट सकेको देखिँदैन । मृतकको मृत्यु छुरा प्रहारबाट भएको देखिए पनि यो यसले छुरा प्रहार गरेको हो भन्ने तथ्य देख्ने चस्मदिद् गवाह कोही देखिँदैन । मृतकलाई कर्तव्य गर्नका लागि षड्यन्त्र गर्ने भनिएका सहप्रतिवादी प्रेमबहादुर तामाङले यस अदालतबाट भएको मिति २०६३।७।१ को फैसलाअनुसार सफाइ पाएको स्थिति छ। षड्यन्त्रको अभियोग लागेका प्रेमबहादुर तामाङले मौकामा बयान गर्दा पोल गरेकोबाहेक प्रतिवादी वीरसिंह लेप्चा विरूद्ध कुनै अरू बुझ्नुपर्ने प्रमाण नदेखिने।

फगत आफैँमा खण्डित भइरहेको प्रेमबहादुरको पोलको आधार मात्र प्रतिवादी वीरसिंह लेप्चाउपरको कर्तव्य ज्यानको कसुर प्रमाणित हुने प्रत्यक्ष प्रमाण हुन सक्दैन । यसरी प्रतिवादीउपरको अभियोग प्रमाणित हुने वस्तुगत आधार प्रमाणबाट खुल्न नसकेको र सहप्रतिवादीको खण्डित भइरहेको मौकाको बयान र वारदातको घटनापछि प्रतिवादी फरार रहेको स्थितिलाई मात्र आधार मानी सर्वस्वसहित जन्मकैदको कसुरदार कायम गर्न न्यायोचित देखिएन। यस स्थितिमा प्रतिवादी वीरसिंह लेप्चालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ अनुसार सर्वस्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसला मिलेको नदेखिँदा

प्रतिवादी वीरसिंह लेप्चाले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०५२४, जबरजस्ती करणी र चोरी, *नेपाल सरकार वि. राम मगरसमेत*

अभियोग दाबीबमोजिम प्रतिवादीहरू राम मगर र सुरज तामाङलाई जबरजस्ती करणीतर्फ सजाय नगरी जबरजस्ती करणी गर्न सहयोग गरेको कसुरमा सजाय गरेको मिलेन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीहरूमध्ये दुई जनाले जबरजस्ती करणी गर्दै गर्दा मौका पारी चिच्याउँदा अर्जुन लिम्बूसमेतले घेरा हाली राम मगर र सुरज तामाङलाई पक्रन सफल भएको, दुई जना भागेका हुन्। मेरो आँखा छोपी जबरजस्ती गरेको हुँदा को को व्यक्ति भनी छुट्टाउन सक्दिन। मैले गुहार मागेको सुनी अर्जुन लिम्बू र पायल राई आएपछि भागेका हुन् भनी पीडितले अदालतमा बकपत्र गरेकी छन्। दुई जनाले करणी गर्न भ्याएका हुन् भनी पीडितले दिएको जाहेरी निजले अदालतमा गरेको उक्त बकपत्रसँग मेल खान गएको छ। आफ्नो सतीत्त्व हरण भएकी महिलाले न्यायको मार्ग अवलम्बन गर्ने क्रममा अदालतको बकपत्रमा खुलाएको व्यहोरा नै के कति जनाले जबरजस्ती करणी गरेछन् भन्ने सन्दर्भमा प्रमाण ग्राह्य हुने हुँदा अभियोग दाबीकै आधारमा मात्र प्रतिवादीहरू चारैजनाले पीडितलाई जबरजस्ती करणी गरेका रहेछन् भन्न नमिल्ने।

प्रतिवादीहरूलाई चोरीतर्फ सजाय नगरेको मिलेन भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा घटना भएको तत्कालै प्रतिवादीहरू राम मगर र सुरज तामाङ पक्राउ परेको देखिन्छ। निजहरूबाट चोरीसँग सम्बन्धित कुनै पनि दशी बरामद हुन सकेको छैन। चोरीको अभियोगमा सबै प्रतिवादीहरू पूर्णतः इन्कार छन्। वारदात पश्चात् तत्कालै पीडितलाई उद्धार गर्ने अर्जुन लिम्बू र पायल राईले मौकामा कागज गर्दा पीडितको चोरी भएको रकम, मोबाइल र टप सम्बन्धमा केही उल्लेख गर्न सकेको देखिँदैन। पीडित आफूमाथि यौन अपराध हुँदा पूर्ण चेतनामा रहेको देखिन्छ। यसरी अनुसन्धान क्रममा सङ्कलन भएका उक्त तथ्यहरूबाट प्रतिवादीहरूको चोरीतर्फको कसुर वस्तुगतरूपमा प्रमाणित नभएको हुँदा चोरीतर्फको अभियोग दाबीबाट प्रतिवादीहरूलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसलामा कुनै त्रुटि रहेको देखिन नआउने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादी दीलिप मल्लिकलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ बमोजिम ५ वर्ष कैद र ऐ. को ३क नं. बमोजिम थप ५ वर्ष कैद सजाय तथा निजबाट रू.२५,०००।- पीडितले क्षतिपूर्ति भराई पाउने र प्रतिवादीहरू राम मगर र सुरज तामाङलाई ऐ. को ४ नं. बमोजिम जनही ३ वर्ष कैद सजाय गरी चोरीतर्फको अभियोग दाबीबाट सबै प्रतिवादीहरूले सफाइ पाउने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।३।१४ र २०६८।१०।८ मा भएका फैसलाहरू मिलेको हुँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-CR-१३७५, ०९०४, कर्तव्य ज्यान, *कुमार थापामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. ललितकुमारी थापा*

आफ्नी आमासँग आउने जाने गरेको मृतकको बानी र व्यवहारमाथि शङ्का गरी मृतक साँझको

समयमा आफ्नो घरमा आएको मौका पारी प्रतिवादी कुमार थापामगरले कुटपिट गर्ने क्रममा मृतकको मृत्यु भएको भनी जाहेरवाला र मौकामा कागज गर्ने सीता देवी थापासमेतका व्यक्तिले गरेको शङ्का र अनुमान लास जाँच प्रतिवेदन, प्रतिवादीको गोठमा भेटिएको बोरामा लागेको रगत मानव रगत रहेको भन्ने परीक्षण प्रतिवेदन र आपराधिक मनोवृत्ति विकास नभएका प्रतिवादीका नाबालक छोराले प्रतिवादी र मृतक जुधेको भनी मौकामा व्यक्त गरेको भनाइबाट प्रमाणित र पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादी कुमार थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को देहाय ३ को कसुरमा सोहीबमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिने।

प्रतिवादी ललितकुमारी र मृतकबीच कुनै रीसइवी रहेको पाइँदैन। गाउँले शमशेरबहादुर थापाले मृतक आफ्नो घरमा आउजाउ गरेको सम्बन्धलाई लिएर आफूउपर शङ्का गर्दा प्रतिवादी ललिताले मृतकलाई केही नभनी शमशेरबहादुर थापामाथि गाउँमा उजुरी दिएको पाइन्छ । यसबाट मृतकलाई कर्तव्य गर्न लगाउने, कर्तव्य गर्न सघाउनेसम्मको अवस्था र परिस्थिति ललितालाई परेको देखिन आउँदैन। यिनको घरमा रहेको पसलमा मृतक आएको देखिन्छ। तर हत्यासँग सम्बन्धित कुनै पनि दशी यिनको घरबाट प्राप्त भएको छैन । जाहेरवाला एवम् मौकामा बुझिएका व्यक्तिले मृतक यिनको घरमा आवतजावत गर्ने गरेको कार्यलाई शङ्का मानी संलग्नता व्यक्त गरे पनि उक्त शङ्का हत्यासम्मको हुन्छ भन्न अनुसन्धान र मुद्दा पुर्पक्षका क्रममा अदालतबाट संकलित कुनै पनि वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको छैन। शङ्काकै भरमा प्रतिवादी ललितकुमारी थापालाई अभियोग दाबीअनुरूप सर्वस्वसहित जन्मकैद गर्न न्यायोचित देखिएन। तर, मृतक इन्द्रबहादुर गोलेलाई सहप्रतिवादी कुमार थापामगरले कर्तव्य गरी ज्यान लिएको विषय वारदातस्थलसँगै घर जोडिएकी यी प्रतिवादीलाई थाहा जानकारी थिएन भनी अनुमान गर्न उचित देखिन नआउने।

वारदातबारे जानकारी भएपनि मातृत्वको कारण यी प्रतिवादीले कुनै जाहेरी नगरी चुप लागी बसेको देखिन आयो। यस स्थितिमा प्रत्यर्थी प्रतिवादी ललितकुमारी थापालाई  ज्यानसम्बन्धीको महलको २५ नं. अनुरूप सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन आयो । तसर्थ, प्रमाणको अभावमा प्रतिवादी ललितकुमारी थापालाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादी कुमार थापालाई के कति सजाय गर्दा उचित हुन्छ भनी विचार गर्दा मृतकको मृत्युको कारणबाट आफ्नी आमाको बदनामी भएको तनावले ग्रस्त भई अपराध गरेको देखिन्छ । तत्काल उठेको झोक र रिसबाट साधारण लाठा, ढुङ्गा जस्ता वस्तु प्रयोग गरी छाडेको प्रहारबाट ज्यान गएको अवस्थामा ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप कैद वर्ष १० हुन सक्ने हुन्छ। तर प्रस्तुत मुद्दामा लास जाँचबाट मृतकले धेरै स्थानमा चोट खाएको देखिँदा यहाँ ज्यानसम्बन्धीको महलको १४ नं. आकृष्ट हुन नसक्ने भएको हो । तथापि सजाय निर्धारित गरिँदा भने कसुरको प्रकृति उक्त १४ नं. सँग करिब करिब उस्तै हो कि जस्तो देखिएकोले सोमा हुने सजायलाई आधार बनाउन सकिन्छ। यस आधारमा पुनरावेदक प्रतिवादीलाई १० वर्षभन्दा बढी तर २० वर्षभन्दा कम सजाय गर्नु न्यायोचित देखिन आयो। तसर्थ प्रतिवादी कुमार थापालाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिँदा निजलाई अ.बं. १८८ नं. अनुरूप १४(चौध) वर्ष कैद सजाय हुने।

तसर्थ उल्लिखित आधार र कारणबाट पुनरावेदक प्रतिवादी कुमार थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३

अनुरूप सर्वस्वसहित जन्म कैद र प्रत्यर्थी प्रतिवादी ललित कुमारी थापालाई ऐ. ऐनको २५ नं. बमोजिम सजाय हुने भनी मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।७।१८ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी कुमार थापामगरका हकमा ऐनबमोजिम सजाय गर्दा चर्को हुने भई अ.बं. १८८ नं. अनुरूप कैद वर्ष १४ (चौध) मात्र सजाय हुने ठहर्छ । पुनरावेदक प्रतिवादी कुमार थापामगर र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०४२७, *कर्तव्य ज्यान, पदमप्रसाद पाण्डे वि. नेपाल सरकार*

सम्बद्ध मिसिल कागजातहरूको अध्ययनबाट प्रस्तुत मुद्दाको उठान मृतकको काका गोविन्दबहादुर राउतको जाहेरीबाट भएको देखिन्छ । मिसिल संलग्न रहेको घटनास्थल विवरणमा उल्लिखित लासको विवरणमा मृतकको घाँटीको अगाडिको भागमा डोरीको डामजस्तो ५ इन्च लम्बाइको नीलो डाम देखिएको भन्ने उल्लेख भएको र मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा "Cause of death is asphyxia due to strangulation" भन्ने उल्लेख भएको देखिँदा मृतकको मृत्यु स्वाभाविकरूपमा भएको देखिन नआउने ।

पुनरावेदक प्रतिवादी मौकामा अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा आफूले मृतकलाई कर्तव्य गरी मारेको कुरामा इन्कार रहेपनि वारदातको दिन आफू र श्रीमतीबीच वादविवाद झगडा भएको कुरा स्वीकार गरेको देखिन्छ । वारदात घटित भएको समयमा मृतक र प्रतिवादी एउटै कोठामा रहेको कुरामा विवाद नरहेको र सो समयमा अन्य तेस्रो व्यक्तिको उपस्थिति भन्ने पनि देखिएको छैन । यसप्रकार मृतक स्वयम् आफैँले आत्महत्या गरेको भनी प्रतिवादीले जिकिर लिए पनि सो कुरा शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट पुष्टि हुन नसकेको तथा अन्य तेस्रो व्यक्तिको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने नदेखिएकोसमेतका परिस्थितिजन्य प्रमाणबाट यी पुनरावेदक प्रतिवादीको कर्तव्यबाटै मृतकको मृत्यु भएको पुष्टि हुन आएकोले पुनरावेदन अदालत, राजविराजबाट यी प्रतिवादीलाई कसुरदार ठहर गरी भएको फैसला अन्यथा नदेखिँदा आरोपित कसुरबाट सफाइ पाउनुपर्दछ भनी निजले लिएको जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित आधार कारणबाट यी प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको कुरा पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६८।८।६ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।२५ को फैसला मनासिबै देखिए पनि वारदातको समग्र परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले न्यायको रोहमा निजलाई अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-CR-०२१८, ठगी, *चित्रबहादुर जि.सी. वि. नेपाल सरकार*

मुलुकी ऐन, ठगीको महलको १ नं. मा ललाउने फकाउने, जाल परिपञ्च गर्ने, किर्ते कागज बनाउने वा पेस गर्ने, झुक्याउने वा अरू जुनसुकै व्यहोरासँग धोका दिई वा गफलतमा पारी भन्ने जस्ता शब्दहरू प्रयोग भएबाट उक्त कानूनले अरू किसिमको जोरजुलुम अन्याय अत्याचारलाई समेटेको नभई प्रतिवादीले पीडितलाई झुठ, फरेब र झुक्याउनेलगायतको कार्य गरी पीडितलाई विश्वास दिलाउनसमेत सफल भई पीडितको सहमतिबाटै प्रतिवादीबाट पीडित विरूद्ध ठगीको कसुर भएको देखिनु अपरिहार्य हुन्छ। पीडितको सहमतिको मुख्य कारण नै यी प्रतिवादीको झुक्यान deceit हुन्छ । तर प्रस्तुत विवादमा प्रतिवादीले पीडितलाई ललाएको फकाएको समेतको कार्य गरी दाबीको लिखतमा पीडितको सहीछाप गराएको वा पीडितले सहीछाप गरेको कुनै प्रमाण गुज्रन आएको छैन। प्रतिवादीले पीडितलाई दिएको रू.१० हजारको चर्को ब्याज थैलीमा गाभी बढी थैलीको लिखतलाई ठगी गरेको भन्ने अभियोग दाबी छ तर कानूनले तोकेको दश प्रतिशतको सीमा नाघी चर्को ब्याजदर जोडी लेनदेन गर्ने गराउने प्रचलन धेरै पहिलादेखि रही आएको प्रचलन हो । नेपाल भारतलगायतका मुलुकमा जताततै व्याप्त यो व्यवहारलाई सुदखोरी पनि भनिन्छ । यो व्यवहार कानूनद्वारा अमान्य भए पनि नेपालको कानूनले यसलाई कसुर ठहर गरी दण्डनीय बनाएको पाइँदैन। सो रहे भएको भए सो कानून उल्लेख गरी प्रतिवादी विरूद्ध अभियोग दाबी लिन सक्नु पर्थ्यो । यस्तो व्यवहार सदर नहुने भनी मुलुकी ऐन, लेनदेन व्यवहारको ६ नं.ले प्रष्ट बोलेको देखिने।

कुनै काम कुरालाई कानूनले सम्बोधन गरिसकेको अवस्थामा कानूनको प्रष्ट व्यवस्थाबेगर यस्तो व्यवहारलाई भिन्नै प्रयोजनको लागि बनेको कानूनभित्र जबरजस्ती पार्ने काम गर्नु कानूनको अनुचित प्रयोग हुन्छ। कानूनले कसुर भनी परिभाषित नगरेको काम कुरा गरेको विषयलाई लिएर कसैउपर मुद्दा चलाउनु र ठहर गर्नु दुवै अनुचित हुने।

प्रतिवादी र जाहेरवालीबीचमा भएको तमसुक लिखत कारोबारलाई मुलुकी ऐन, ठगीको महलको १ नं. ले समेट्न सक्ने नदेखिँदा प्रतिवादीले उक्त १ नं. को कसुर गरेको ठहर्‍याई निजलाई ठगीको ४ नं. बमोजिम १ महिना ११ दिन कैद र रू.४१,६००।- जरिवाना हुने ठहर्‍याएको सुरू प्युठान जिल्ला अदालतको मिति २०६८।१०।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।११।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी चित्रबहादुर जि.सी. ले अभियोग दाबीको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-CI-०१९९, लेनदेन, *चित्रबहादुर जि.सी. वि. तनसरा वि.क.*

विवादित तमसुक हुँदाको अवस्थामा साहुले ऋणीलाई ठगीको महलको १ नं. अनुसार ललाउने फकाउनेलगायतको कार्य गरी सोको प्रभावमा परी ऋणीले विवादित तमसुक गरेको नदेखिएको समेतको आधार लिई यी वादीले ठगी गरेको भन्ने अभियोग दाबी पुग्ने ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला उल्टी भई यस इजलासबाट आजै फैसला भएको अवस्था छ। तर यी वादीले ठगी मुद्दाबाट सफाइ पाएको भन्दैमा प्रस्तुत मुद्दाको वादी दाबी स्वतः पुग्छ भन्नु उपयुक्त हुँदैन। सो ठगी मुद्दामा यी वादीले स्वेच्छापूर्वक

व्यक्त गरेको जिकिर यी वादीका विरूद्ध प्रमाण नलाग्ने भन्न नमिल्ने।

प्राविधिक कारणले वादी विरूद्धको ठगी तर्फको अभियोग दाबी पुग्न नसकेको कारणबाट वादी विरूद्धका ती प्रमाणहरूलाई बेवास्ता गर्दा सही न्याय सम्पादन हुन सक्दैन। जो यथार्थ हो त्यसलाई न्यायिक दृष्टिकोणबाट विश्लेषण गर्न र बोल्न पर्छ। प्राविधिकता र यान्त्रिकताको अलमलले न्यायलाई रोक्ने छेक्ने काम गर्न नसक्ने हुँदा ठगी मुद्दामा यी वादीले नै स्वीकार गरेको जिकिर विरूद्ध पूरै वादी दाबी पुग्ने भनी ठहर गर्नु सर्वथा अनुचित हुने देखिन्छ। अत: वादीले प्रतिवादीलाई २०५० सालमा रू.१०,०००।- सम्म ऋण दिएको र प्रतिवादीबाट दुई पटक गरी रू.६,८००।- प्राप्त गरिसकेको कुरा स्पष्टरूपमा प्रमाणित भएको देखिँदा प्रत्यर्थी प्रतिवादी तनसरा वि.क.ले वादीबाट २०५० साल वैशाख महिनामा लिएको रू.१०,०००।- र सोको कानूनबमोजिम हुने ब्याजमा प्रतिवादीले बुझाएको रकम रू.६,८००।- कटाई बाँकी थैली मात्र वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याएको सुरू प्यूठान जिल्ला अदालतको मिति २०६८।१०।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०१७४, लेनदेन, *पुरूषोत्तम भक्त प्रधानाङ्ग वि. केशव श्रेष्ठसमेत*

विवादको पक्षले उठान नगरेको विषयमा प्रवेश गरी निर्णय गर्नु अगाडि न्याय निरूपण गर्ने निकायबाट गम्भीर रूपमा विचार गर्नुपर्ने हुन्छ। वादीले सुरू फैसलाउपर चित्त नबुझाई पुनरावेदन गरेको अवस्थामा पुनरावेदन सुन्ने अदालतबाट पुनरावेदकले उठाएको प्रश्नहरूमा सम्बोधन नगरी प्राविधिक आधारमा मुद्दामा ठहर गर्नुपर्ने अवस्थामा त्यसको अन्तरवस्तुलाई विचार गर्नु अनिवार्य हुन्छ। मुद्दा खारेजी नै हुने प्राविधिक पक्ष मुद्दामा समावेश भएको खण्डमा मुद्दाको सम्बन्धित पक्षले त्यसलाई नै बढी जोड दिई दाबी खण्डन गर्नका लागि मुख्य आधार प्रमाणको रूपमा विषय उठाउने सम्भावना बढी हुन्छ। सामान्यतया २०५५।१२।१६ को कपाली तमसुक लिखितको १० वर्षे अन्तिम हदम्याद २०६५।१२।१५ हुनेमा विवाद हुन सक्दैन। यस्तो स्वाभाविकरूपले अनुमान गर्न सकिने विषयमा प्रतिवादीले कुनै प्रश्न नउठाएको र सुरू अदालतले समेत निर्णयका क्रममा त्यसतर्फ प्रवेश गरेको नदेखिँदा पुनरावेदकीय अधिकारक्षेत्र प्रयोग गरी तल्लो निकायको निर्णयलाई नै परिवर्तन गर्न सक्ने अधिकार भएको अदालतबाट निर्णय गर्दा त्यस्तो विषयलाई सतही र हल्कारूपमा प्रमाणको रूपमा ग्रहण गरी निर्णय गर्नु उचित र तर्कसङ्गत मान्न नसक्ने।

विवादको विषय २०५५ सालको लेनदेन लिखत र २०६५ सालको लिखतको सार्थक सम्बन्ध रहेको वा दुवै लिखतको छुट्टाछुट्टै अस्तित्व रहेको हो भन्ने सन्दर्भमा निर्णय हुनुपर्ने भई सुरू अदालतबाट सोही विषयमा केन्द्रित भई ठहर निर्णय भएको देखिन्छ। तर पुनरावेदन अदालतबाट लिखतको हदम्यादलाई प्रमुखताका साथ उठान गरी ठहर खण्डमा सोही विषयलाई केन्द्रित गरी लिखतको म्याद २०६५।१२।१५ मा नै १० वर्ष समाप्त भइसकेको भनी दाबी नै खारेज हुने गरी ठहर भएको देखिन्छ। पुनरावेदन अदालतबाट प्रस्तुत मुद्दाको फैसलामा

अन्तिम हदम्याद मिति २०६५।१२।१५ मानिएको भए पनि वार्षिक नेपाली पात्रोमा उक्त दिन सार्वजनिक बिदा शनिबार परेको देखिन्छ । अन्तिम हदम्यादमा बिदा परेका भए पक्षको नालेस गर्न हदम्याद नजाने बिदापछिको पहिलो दिनसम्म स्वतः हदम्याद कायम हुनेमा विवाद हुन नसक्ने।

मुलुकी ऐन, अ.बं. ४५ नं. मा *"हदम्याद पुग्ने वा म्याद तारेखमा हाजिर हुनुपर्ने वा कुनै कागज दाखिल गर्नुपर्ने दिन अड्डा तातिल परे तातिलपछि अड्डा खुलेको पहिलो दिनमा हाजिर हुने दाखिल गर्नेको हदम्याद वा म्याद तारिख गुज्रन सक्दैन ।"* भन्ने कानूनी व्यवस्था देखिँदा अड्डा तातिल (बन्द) भएको कारण मुद्दाको हदम्याद वा म्याद तारेख समाप्त नहुने सम्बन्धमा कुनै द्विविधा वा अड्चन देखिँदैन । यस्तो अवस्थामा शनिबारको सार्वजनिक बिदाको दिनलाई अन्तिम हदम्याद कायम गरी दाबी नै खारेज हुने भनी गरेको पुनरावेदन अदालत, पाटनको फैसला उल्लिखित अ.बं. ४५ नं. को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा मिलेको देखिन नआउँदा हदम्यादको आधारमा फिराद दाबी खारेज हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।४।१२ मा भएको फैसला मिलेको नदेखिँदा बदर हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०६३६, जग्गा खिचोला चलन, *जुगुल ठाकुर हजाम वि. रामप्रसाद राय यादवसमेत*

वादी प्रतिवादीले भोग गरिरहेका यिनै जग्गा सम्बन्धमा यिनै प्रत्यर्थी प्रतिवादीले यिनै पुनरावेदक वादीउपर दिएको २०५९ सालको दे.नं. १४०१ को निर्णय बन्डा बदर दर्ता बदर दर्ता मुद्दामा भई आएको मिति २०६१।९।१ को नक्सा मुचुल्का हेर्दा न.नं. १, २, ३ र ४ को घरजग्गा उक्त मुद्दाका वादी यस मुद्दाको प्रत्यर्थी प्रतिवादीको भोग चलनमा रहेको र न.नं. ५, ६ र ७ सो मुद्दाको प्रतिवादी यस मुद्दाको पुनरावेदक वादी जुगुल ठाकुर हजामको भोगमा रहेको देखिन्छ । उक्त दे.नं. १४०१ को मुद्दामा भएको नक्सामा वादी प्रतिवादीको बीचको सीमानाको खाली जग्गाको भोग कसको हो भन्ने स्पष्ट देखिँदैन । प्रस्तुत मुद्दामा मिति २०६५।२।१३ मा भएको नक्सामा सो खाली जग्गालाई न.नं. समेत नजनाइएको, विवादित पनि नजनिएको, कसको भोगमा रहेको भन्ने पनि नजनिएको र पूर्वपश्चिम ४९ फिट लम्बाई जनिएको देखिन्छ । ती दुवै नक्सा मुचुल्काबाट विवादित जग्गाको विषयमा कुनै भिन्नता रहेको पाइँदैन । वादी प्रतिवादीको घर जग्गाको पश्चिमपट्टीको न.नं. १ को सार्वजनिक बाटोको बीचबाट पूर्वतर्फ रहेको ४९ फिट पूर्व-पश्चिम लम्बाई जनिएको खाली जग्गा रहेकोमा सो खाली जग्गालाई ५५X२० फिटको आफ्नै कि.नं. १५५/३२९ न.नं. ४ को घर जग्गामध्येकै हुँदा सोमा प्रतिवादीले उत्तरतर्फको कि.नं. १५५/३२८ न.नं. ३ को घर जग्गामा मिसाई खिचोला गरे भनी फिरादमा दाबी लिएको देखिन्छ। पहिले परेको उल्लिखित दे.नं. १४०१ को मुद्दामा नापनक्सासमेत भई अन्तिम भइरहेको र दुवै नक्सा मिलिरहेको अवस्थामा वादी प्रतिवादीको जग्गाको सीमानाको खाली जग्गालाई वादीले न.नं. ४ को आफ्नो कि.नं. १५५/३२९ मध्येका भनी लिएको दाबी कानूनसम्मत मान्न सकिने नदेखिने।

यसरी न.नं. ३ को प्रतिवादीको घरजग्गामा फिराद दाबी नभएकोमा नक्सा मुचुल्कामा विवाद देखाई घर भत्काइ पाउँ भन्ने दाबीसमेत नभएकोमा सुरूले वादी दाबी नपुग्ने ठहर गरेकोमा फिराद दाबी नै नभएको घरको सम्बन्धमा प्रतिवादीको न.नं. ३ को घर जग्गामा

वादी दाबी पुग्न नसक्ने ठहर भएबाट सो सम्बन्धमा दाबी नै नलिएका वादीलाई तात्विक असर पर्ने देखिँदैन । वादी प्रतिवादीको न.नं. ४ र ३ बीचको खाली जग्गा बाटोसमेत रहेको नक्सा मुचुल्काबाट देखिँदा बाटोको सम्बन्धमा फिरादमा दुवै दाबी नरहेबाट वादी दाबी नपुग्ने ठहर भएको सुरू फैसला सम्बन्धमा हेर्दा मिति २०६११९११ र २०६५१२११३ मा भएका दुवै नक्सा मुचुल्कामा बाटो नजनिई खाली जग्गा भनिएकोमा फैसला गर्दा खाली जग्गा नभनी सो खाली जग्गालाई बाटोको सङ्ज्ञा दिई बाटोमा दाबी नरहेको भनी भनेको नमिलेकोले सो हदसम्म सुरू फैसला नमिलेकोले उल्टी गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आयो । दुवै नक्सा मुचुल्कामा खाली जग्गा भई आएको देखिएबाट विवादमा रहेको नदेखिएको, सो जग्गामा वादीको मात्र भोग हुने अवस्था नदेखिएको, वादी प्रतिवादीहरूकै घर जग्गा साँध सीमाना रहेको खाली जग्गाको लम्बाई वादीले ५५ फिट भनेकोमा नक्सामा ४९ फिट देखिएको र दे.नं. १४०१ को मुद्दामा भएको नक्सामा समेत खाली रही कसैको भोग नजनिएको अवस्थामा सो खाली जग्गा मेरो कि.नं. १५५/३२९ को न.नं. ४ को घर जग्गामध्येको हो भन्ने वादी दाबी युक्तिसङ्गत नहुँदा उक्त खाली जग्गालाई बाटो कायम गरेको सुरू फैसला केही उल्टी गरी वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत १५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०१६१, जबरजस्ती करणी, *प्रभाखर भेटवाल वि. नेपाल सरकार*

यी पीडिताउपर प्रतिवादीले सहमतिमा करणी गरेको हो वा जबरजस्ती करणी हो भन्नेतर्फ हेर्दा यी पीडिता बिहे गर्ने केटा हेर्ने सिलसिलामा प्रतिवादीको घरमा आएको देखिन्छ। साथै यी पीडिता प्रतिवादीको ससुराली गाउँको केटी रहेको र प्रतिवादीकी सासूसँग बिहे गर्ने केटा हेर्ने क्रममा यी प्रतिवादीको घरमा पाहुनाको रूपमा बसेको समयमा वारदात हुन आएको देखिन्छ । यसबाट यी प्रतिवादीले पीडिताउपर अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा त्यसो नगरी अभिभावकत्त्वको दुरूपयोग गरी पीडिताउपर यौन शोषण गरेको तथ्य स्थापित हुन आयो। प्रतिवादीको अनुचित प्रभावमा पर्न सक्ने अवस्थामा पीडिताबाट हारगुहार र प्रतिकार नहुँदैमा त्यति रातिको समयमा सहमतिबाट करणी भएको हो भनी न्यायको रोहबाट मान्न सकिएन । यसबाट यी प्रतिवादीले पीडिताउपर जबरजस्ती करणी गरेको देखिन आउने।

यी पीडिता अपाङ्ग हुन् वा होइनन् भन्नेतर्फ हेर्दा यी पीडिताले वारदात मितिभन्दा अगावै मिति २०६६।१२।५ मा 'ग' वर्गको मध्यम अपाङ्गताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । यसरी पीडिताले प्रचलित कानूनको अधीनमा रहेर अपाङ्गताको विभिन्न वर्गीकरणहरूमध्ये 'ग' वर्गको मध्यम अपाङ्गताको प्रमाणपत्र प्राप्त गरेको अवस्थालाई अन्यथा भन्न मिलेन। तसर्थ आफ्नो काम गर्न अशक्त नहुने पीडितालाई अपाङ्ग मान्न नमिल्ने भनी प्रतिवादीतर्फका कानून व्यवसायीले लिएको जिकिरसँग यो इजलास सहमत हुन सकेन। तसर्थ यी प्रतिवादीले अपाङ्ग पीडिताउपर जबरजस्ती करणी गरेको देखिँदा यी प्रतिवादी पर्वत भन्ने प्रभाखर भेटवाललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणी ३(५) नं. बमोजिम ५ वर्ष कैद, ऐ. ३क नं. बमोजिम थप ५ वर्ष कैद र प्रतिवादीबाट पीडितालाई रू.१,००,०००।– जरिवाना

हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: विदुर काफ्ले
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल असार १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३५६, कर्तव्य ज्यान, *नथुनी महरा चमार वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा अनुसन्धानको क्रममा बयान गर्दा फुपु गेनिया देवीसँगको जग्गासम्बन्धी रिसइबीको कारणले मृतक झालो देवीउपर अर्का प्रतिवादी रामेश्वर सदा मुसहरसमेत भई दबियाले घाँटीमा प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भनी गरेको बयान, गेनियादेवीसमेतको मौकाको कागज र अदालत आई गरेको बकपत्रसमेतबाट पुष्टि हुन आउने।

यी प्रतिवादी नथुनी अदालतमा इन्कार रहे पनि निजको बयान परस्पर विरोधाभाषी रहेको देखिन्छ । अदालतको बयानको स.ज. ४ मा वारदातको दिन आफ्नै गाउँघरमा थिएँ भनेकोमा स.ज. ७ मा वारदातको विषयमा सुनेको तर बाहिर भएको कारणले घटनास्थलमा हेर्न नगएको र स.ज. १५ मा आफू गेनिया देवीको भतिजा भएको कुरा लुकाई कुनै नाता पर्दैन भनी उल्लेख गरेबाट निजको इन्कारी बयान आफैँमा परस्पर विरोधाभाषी रहेको र त्यस्तो इन्कारीलाई अन्य प्रमाणले समर्थन नगरेको अवस्थामा यी प्रतिवादीसमेतबाटै दबियाले मृतकउपर प्रहार गरी मृत्यु भएको भन्ने देखिन आयो । यसबाट यी प्रतिवादीउपर अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: विदुर काफ्ले
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल असार १३ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०६९-CI-०१०१, निषेधाज्ञा, *आन्तरिक राजश्व कार्यालय, भक्तपुरको तर्फबाट ऐजनका प्रमुख कर अधिकृत दीपक खरेल वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ हात्तिसारस्थित हिमालयन एन्याक्स एण्ड नुडल्स प्रा.लि.का अधिकारप्राप्त बिक्री निर्देशक अरूण के.सी., आन्तरिक राजश्व कार्यालय, भक्तपुरको तर्फबाट ऐजनका अधिकृत दीपक द्वारिकाप्रसाद सत्याल वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ हात्तिसारस्थित हिमालयन एन्याक्स एण्ड नुडल्स प्रा.लि.का अधिकारप्राप्त बिक्री निर्देशक अरूण के.सी.*

निवेदकले उत्पादन गरेको चाउचाउ बजारसम्म पुर्‍याउन प्याक गरेको र्‍यापर्समा तिरिसकेको अन्तःशुल्क कट्टा गर्न पाउनु पर्ने भन्ने निवेदकको जिकिर रहेकोमा विपक्षीहरूले सो कट्टा गर्न पाउने नपाउने सम्बन्धमा कुनै खण्डन जिकिर नगरी अन्तःशुल्क निर्धारण भएमा पनि वैकल्पिक उपचार रहेको भन्ने विपक्षी कार्यालयसमेतले जिकिर लिएबाट प्रस्तुत विवादमा अन्तःशुल्क लगाउन सक्ने आशङ्का विद्यमान रहेको देखिने।

आर्थिक ऐन, २०७२ ले अन्तःशुल्क ऐन, २०५८ को दफा ३क मा उपदफा ५ थप गरी सो दफामा *यस दफाबमोजिम अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ र प्याकिङ्ग सामग्रीमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने छैन* भन्ने थप कानूनी व्यवस्था गरेको देखिन्छ । *No Taxation without Representation* को सिद्धान्तअनुसार तत्काल बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ र हाल कायम रहेको नेपालको संविधानको धारा ११५ मा *कानूनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन* भनी संवैधानिक अधिकार प्रदान गरिएको छ । करको सिद्धान्तअनुसार जनप्रतिनिधिले

संसद्बाट कानून बनाएर मात्र जनता वा करदाताबाट कर उठाउन र लिन पाउने व्यवस्था रहेको छ । सोही सिद्धान्तलाई अनुशरण गर्दा यी करदाताले कानूनले स्पष्टरूपमा अन्तःशुल्क छुट पाउने भनी व्यवस्था गरेको अवस्थामा र प्रस्तुत मुद्दाको उठान भएपश्चात् आर्थिक वर्ष ०७२/७३ मा अन्तःशुल्क ऐन, २०५८ को दफा ३क मा उपदफा (५) थप गरी सोमा *प्याकिङ सामग्रीमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने छैन* भन्ने व्यवस्था गरेबाट यी करदाताले निवेदनमा उल्लेख गरेको आ.व.०६४/६५ देखि आ.व.०७१/७२ सम्म (अन्तःशुल्क ऐन, २०५८ को दफा ३क मा उपदफा ५ थप गरेको समयसम्म) र्‍यापर्समा तिरेको अन्तःशुल्क छुट पाउने देखिन्छ। चाउचाउ उत्पादनमा प्रयोग भएको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ र्‍यापर्समा कर छुट नपाउने भए आ.व. ०७२/७३ मा आएर सो कच्चा पदार्थमा कर छुट नपाउने भनी किन ऐनमा व्यवस्था गरियो सो स्पष्ट गर्न सकेको छैन । यस्तो अवस्थामा निवेदन दाबीका आ.व.हरूमा करदाता प्रा.लि.ले र्‍यापर्समा तिरेको अन्तःशुल्क छुट पाउने नै देखिने ।

उल्लिखित संवैधानिक व्यवस्था, नजिर, करको सिद्धान्त, कानूनी व्यवस्थासमेतका आधारमा आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट निवेदक करदाता प्रा.लि.लाई निवेदनमा उल्लेख गरेको कच्चा पदार्थ र्‍यापर्समा तिरी सकेको अन्तःशुल्कको रकम पुनः माग नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । आन्तरिक राजस्व कार्यालय, भक्तपुरको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल भदौ ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CI-००६६, क्षतिपूर्ति र मनासिब खर्च दिलाई पाउँ, *बाबुराम आचार्य वि. ज्ञानकुमार सुवेदीसमेत*

प्रतिवादी ज्ञानकुमार सुवेदीले रू.३,२५,०००।- मात्र आफूले लिएको र सोबाहेक वादी दाबीको अन्य रकम रू.१०,००,०००।- कुन्दन राणाले बुझेको भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा माथि विवेचित करारको तपसिल प्रकरण १ मा "हाल बैनास्वरूप कुन्दन राणाको नाउँमा काटिएको रू.५,००,०००।- को चेक र म प्रथम पक्षका नाउँमा काटिएको रू.२,५०,०००।- को चेक गरी जम्मा रू.७,५०,०००।- बुझिलिई यो करार सम्पन्न भएको छ ।" भनी र सोही करारनामाको प्रकरण २ मा दोस्रोपक्षले प्रथम पक्षमार्फत आजका मितिले १५ दिनभित्र कुन्दन राणालाई रू.५,००,०००।- बैना थप गर्ने छ" भन्नेसमेतको कथनले प्रतिवादीको कुन्दन राणाले वादीबाट रकम बुझेको भन्ने प्रतिउत्तर जिकिरसमेत मनासिब नभई निज प्रतिवादी ज्ञानकुमार सुवेदीमार्फत नै कारोबार गरेको पुष्टि हुन्छ । अब निज कुन्दन राणालाई बुझाउने गरी काटिएको चेकसमेत प्रतिवादी ज्ञानकुमार सुवेदीले नै वादी (करारको दोस्रो पक्ष) बाट बुझी कारोबार भएको अवस्थामा सोको तिर्ने दायित्व आफूबाट नभई कुन्दन राणाबाटै भराउनु पर्ने भन्ने निज प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने ।

करार मिति २०६१।५।३१ मा कुन्दन राणाको नाउँमा जारी भएको रू.५,००,०००।- को र सोही मितिमा प्रतिवादी ज्ञानकुमार सुवेदीका नाउँमा जारी भएको रू.२,५०,०००।- को गरी जम्मा

रू.७,५०,०००।- को चेक बुझेको भरपाई, मिति २०६१।६।१५ मा सर्वे पेस्कीबापत भनी रू.२५,०००।- को चेक बुझेको नगद भरपाई, मिति २०६१।६।२६ मा जग्गाको थप बैनाबापत रू.५,००,०००।- को चेक बुझेको नगद भरपाई, मिति २०६१।७।२ मा थप पेस्कीबापत रू.२५,०००।- को चेक बुझेको नगद भरपाई र मिति २०६१।८।३ मा पेस्कीबापत रू.२५,०००।- बुझेको नगद भरपाईसमेत गरी जम्मा रू.१३,२५,०००।- वादीबाट प्रतिवादी ज्ञानकुमार सुवेदीले बुझी लिएको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । जुन तथ्यमा प्रतिवादी ज्ञानकुमार सुवेदीको समेत विवाद रहेको नपाइने ।

उपर्युक्त विवेचित आधार कारणसमेतबाट प्रतिवादीमध्ये ज्ञानकुमार सुवेदी र वादीबीच जग्गाको विषयमा मिति २०६१।५।३१ मा करार भएको र वादी दाबीबमोजिमको रकम रू.१३,२५,०००।- रूपैयाँ प्रतिवादी ज्ञानकुमार सुवेदीले प्रतिवादी कुन्दन राणाको समेत हस्ते गरी बुझी लिएको कुरा मिसिल प्रमाणबाट देखिएको छ । वादीबाट प्रतिवादी कुन्दन राणाले रकम बुझेको प्रत्यक्ष प्रमाणको अभाव देखिएको तथा बैना रकमको विवाद हुँदा प्रतिवादी ज्ञानकुमार सुवेदीबाट वादी दाबीको बिगो रू.१३,२५,०००।- वादीले भरिपाउने देखिन्छ । क्षतिपूर्तिको सम्बन्धमा उक्त करार लिखतमा क्षतिपूर्ति भराउनेसम्बन्धी कुनै प्रावधान नरहेको साथै स्पष्ट दाबी पनि नभएको हुँदा क्षतिपूर्ति भराई दिन मनासिब देखिन आएन । तसर्थ काठमाडौं जिल्ला अदालतबाट भएको सुरू फैसला मनासिबै देखियो । अतः वादीले प्रतिवादी ज्ञानकुमार सुवेदीबाट वादी दाबीको बिगो रू.१३,२५,०००।- भरिपाउने ठहर्‍याएको मिति २०६४।८।११ को सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सो फैसला उल्टी गरी वादीदाबी खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१ मा भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल मङ्सिर २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-११२३, अंश चलन, *उषा चन्द वि. नरेन्द्रबहादुर चन्द*

वादीको वतन र प्रतिवादीको वतन एकै ठाउँ अर्थात् महेन्द्रनगर वडा नं. १८ निम्बुखेडा सालघारी नै देखिन आएबाट दुवै पक्ष सोही घरजग्गामा बसोबास गरेको अनुमानलाई यी प्रतिवादीले विस्थापित गरेको पाइँदैन । यी पुनरावेदक प्रतिवादीले यो यति पारिश्रमिकमा यो यति समयसम्म यो यति काम गरेको भन्ने अथवा यो यस मितिमा यति ऋण लिएको वा माइतीले यति सहयोग गरेको भन्ने लिखत प्रमाणको अभावमा यी प्रतिवादीको मौखिक जिकिरको आधारमा उल्लिखित जग्गा यी प्रतिवादीको निजी आर्जनको एकलौटी हकको जग्गा मान्न नमिल्ने ।

मूल पुरूष स्वर्गीय बाटुली देवीका नाममा दर्ता रहेको ती सम्पत्तिहरूबाट यी प्रतिवादीले अंश पाउने तर आफ्नो नाममा दर्ता रहेको महेन्द्रनगर नगरपालिकामा रहेको जग्गामा अंश गर्न नपर्ने भन्ने यी पुनरावेदकको जिकिर विरोधाभासपूर्ण समेत देखिन्छ । आफूले पाएको जग्गाहरूमध्ये कतिपय जग्गाहरू बिक्री गरेको त्यसमा वादीसमेतले लिखत बदरको फिरादपत्र दिन नसकेकोले विवादित जग्गा आफ्नो एकलौटीको जग्गा रहेको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिर देखिन्छ तर जग्गा हक हस्तान्तरणको लिखत विरूद्ध लिखत बदरको नालेस नपर्दैमा सगोल हकका बाँकी जग्गाबाट लिखत बदरमा उजुर नगर्ने अंशियारको अंश हक समाप्त हुन्छ भनी भन्नु कानून तथा न्यायसम्मत नहुने ।

प्रस्तुत मुद्दाको फिरादपत्र मिति २०६१।९।५ मा परेको सो फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति मानी तायदाती फाँटवारी माग्ने आदेश भएको देखिन्छ। प्रस्तुत सम्पत्ति मानो छुट्टिएको पछिको सम्पत्ति नभई सो मितिभन्दा अघि वादी प्रतिवादीहरू सगोलमा रहँदा आर्जन भएको सम्पत्ति देखिँदा प्रस्तुत सम्पत्तिलाई बन्डा लाग्ने सम्पत्ति ठहर्‍याई त्यसबाट वादीले ३ भागको १ भाग अंश ठहर्‍याएको कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६६।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यस अदालतबाट प्रदान भएको निस्सासँग सहमत हुन सकिएन । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल माघ ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-११५०, उत्प्रेषण / परमादेश, *अनिलकुमार मल्ल वि. राष्ट्रिय वाणिज्य बैङ्क केन्द्रीय कार्यालय, रामशाह पथ, काठमाडौंसमेत*

राष्ट्रिय वाणिज्य बैङ्क गुलरिया शाखाको प्रबन्धक पदमा कार्यरत रहँदा निमित्त प्रबन्धकको हैसियतले कामकाज गर्ने गरी कार्यालय तथा ढुकुटीको साँचोहरू सहायक प्रबन्धक सुबिलकुमार राईलाई जिम्मा दिई उपचारको लागि मिति २०६७।४।७ मा बिदा बसेको अवस्थामा उक्त शाखामा नगद चेक गर्दा रू.९० लाख ५७ हजार हिनामिना भएको सम्बन्धमा मलाईसमेत प्रतिवादी बनाई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको र उक्त मुद्दामा मलाई दोषी ठहर गरी मिति २०६८।२।२६ मा फैसला भएकोमा सो फैसलाउपर सम्मानित सर्वोच्च अदालतमा मिति २०६८।८।६ मा मेरो पुनरावेदन परी हाल विचाराधिन अवस्थामा छ । अदालतमा विचाराधिन मुद्दाको ख्याल नगरी बैङ्कको सेवाबाट बर्खास्त गरेको मिति २०६८।८।१९ को निर्णय तथा काम कारवाहीले संविधानप्रदत्त पेसा रोजगारसम्बन्धी संवैधानिक र वाणिज्य बैङ्क ऐन नियमले निश्चित गरेको मेरो कानूनी हकमा आघात पुग्न गएको छ । उक्त निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरी पूर्ववत् नोकरीमा बहाली गराउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकको निवेदन जिकिर देखिन्छ। तर निवेदकले यस अदालतमा विचाराधिन रहेको भनी उल्लेख गरेको भ्रष्टाचार (बैंकको ढुकुटीको रकम हिनामिना) मुद्दामा निवेदकलाई दोषी ठहर गरी विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६८।२।२६ को फैसला सदर हुने ठहरी यस अदालतको संयुक्त इजलासबाट ०६८-CR-०३६५ नं. बाट मिति २०७१।४।१८ मा फैसला भएको देखिँदा निवेदकको रिट निवेदनको मूल आधार पूरै समाप्त भएको अवस्था छ। यो बुँदा नै प्रस्तुत रिट निवेदन खारेज गर्नका लागि यथेष्ठ रहेकोले अरू आधारहरू दिइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल फागुन ११ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WO-०१८०, उत्प्रेषण / परमादेश, *यादवप्रसाद घिमिरे वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

सर्वोच्च अदालत अभिलेख अदालत भएकोले यसका फैसलाहरूले फैसला मितिबाटै अन्तिमता पाउने गर्छन् । सर्वोच्च अदालतको फैसलाको पुनरावलोकन निवेदन विचाराधिन रहेको भनी यसको प्रभावकारितालाई कम गर्न मिल्दैन। अतः जबरजस्ती करणी मुद्दामा यस अदालतबाट भएको

मिति २०७१।९।३ को फैसला विचाराधिन रहेकोले निवेदकउपर विभागीय कारवाही गर्न नमिल्ने भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन। जहाँसम्म आफूले यो फैसला नहुँदै सेवाबाट राजीनामा दिएको त्यसलाई स्वीकृत नगरी विभागीय कारवाही गरेबाट कम्पनीको कर्मचारी विनियमावलीको नियम १०६(१) को त्रुटि भएको भन्ने निवेदकको निवेदन जिकिर छ त्यसमा विचार गर्दा निवेदकको राजीनामा स्वीकृत नै गर्नको लागि कम्पनी बाध्य छ भन्नु उपयुक्त हुँदैन । त्यसमाथि निवेदक विरूद्धको जबरजस्ती करणी मुद्दाको पेसी २०७१।९।३ मा रहेको र त्यसको १ दिन अगाडि २०७१।९।२ मा निवेदकले दिएको राजीनामा सोही दिन स्वीकृत गर्नु प्रशासकीय हिसाबले समेत सम्भव हुँदैन। त्यसपछि २०७१।९।३ मा यस अदालतबाट फैसला भएपछि उक्त राजीनामा स्वतः औचित्यहीन भई निवेदक विरूद्ध विभागीय कारवाहीको बाटो प्रशस्त भएकोले सर्वोच्च अदालतबाट मिति २०७१।९।३ मा भएको फैसलाको आधारमा मिति २०६४।९।२२ देखि मिति २०६६।८।३० सम्मको निलम्बन अवधिको तलब भत्ता तथा अन्य कुनै पनि सुविधा नपाउने गरी २०७१।९।३ देखि लागू हुने गरी कम्पनीको कर्मचारी विनियमावली, २०६१ को विनियम ९३ को खण्ड (ख) को उपखण्ड (१) को अभियोगमा विनियम ८९(६) बमोजिम कम्पनीको सेवाबाट बर्खास्त गर्ने र बाँकी रकम असुलउपर गर्नेसमेतको मिति २०७१।१२।३० को निर्णय कानूनसम्मत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०७५७, ०६८-RC-०००२, कर्तव्य ज्यान, धनबहादुर दौल्याल *वि. नेपाल सरकार, नेपाल सरकार वि. भरत दौल्यालसमेत*

शव परीक्षण प्रतिवेदन तथा घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्कामा उल्लिखित घा खतहरू निज मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई व्यहोरासँग मिल्न आउँछन्। प्रतिवादीहरूमध्ये भरत दौल्यालले प्रहार गरेको घटनास्थलमै छाडेर गएको ऐयरको भाटा मौकामा दाखिला भई सनाखतसमेत भएकोसमेतका प्रत्यक्ष एवम् परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीहरू भरत दौल्याल, कृष्ण दौल्याल र उजले दौल्यालले निज जयराज बुढालाई मर्मस्थानमा प्रहार गरी घाइते बनाएको भन्ने कुरा पुष्टि हुन आउने।

प्रतिवादीहरू दानबहादुर भन्ने धनबहादुर दौल्याल, प्रतिवादी भक्कु (भगवत) भन्ने भरत दौल्याल, प्रतिवादी उजले दौल्याल र प्रतिवादी कृष्ण दौल्याललाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको बझाङ जिल्ला अदालतको मिति २०६६।३।२१ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६७।२।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी धनबहादुर दौल्यालको पुनरावेदन जिकिर पुग्न नसक्ने।

स्थानीय जात्राको समयमा दुईवटा समूहबीच भइरहेको मैत्रीपूर्ण खेलकुद प्रतियोगितामा एक्कासी उत्पन्न विवादको जरियाबाट दुइटै समूहमा भएको भिडन्तमा एउटा समूहले अर्को समूहलाई कुटपिट गर्ने सिलसिलामा झगडा छुट्याउन आइपुगेका जयराज बुढामाथि भएको आक्रोसपूर्ण आक्रमणबाट लागेको चोट प्रहारबाट घाइते भई निजको मृत्यु भएको देखिएको, आपराधिक कृत्यलाई पूर्णता प्रदान गर्न आवश्यक पर्ने मार्नेसम्मको पूर्वरिसइबी, पूर्वयोजना र तयारीको अभाव देखिन आएको तथा हुलमा भएको

आक्रमणमा मर्मस्थानमा चोट पुगी मृत्यु भएको सन्दर्भमा जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादीहरूलाई जनही १२(बाह्र) वर्ष कैद हुने ।

इजलास अधिकृत : आत्मदेव जोशी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल चैत ३० गते रोज ३ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७१-CI-१११२, मरूवा मोही लगत कट्टा, *सुखल चौधरी वि. सुरेशप्रसाद साह कानू*

प्रस्तुत मुद्दामा भूमि सुधार कार्यालयले गरेको फैसलालाई पुनरावेदन अदालतले केही वा पूरै उल्टी गरेको अवस्था नभई प्रतिवादीको पुनरावेदन नै लाग्न नसक्ने भनी खारेज गरेको देखिन्छ । यसबाट भूमिसुधार कार्यालयले गरेको फैसला नै सदर भएको वा कायम रहेको देखिन्छ । अर्थात् पुनरावेदन अदालतले खारेजी फैसला गरेपछि परिणाममा भूमिसुधार कार्यालयको फैसला नै सदर वा कायम रहेको अवस्था हो । यस अवस्थामा पुनरावेदक प्रतिवादीले पुनरावेदन अदालत, हेटौंडाको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा फेरि पुनरावेदन गर्न पाउने अवस्था देखिन्न । तथापि पुनरावेदन अदालतको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अन्तर्गत यस अदालतमा पुनरावेदन नलाग्ने अवस्थाका मुद्दाहरू खासखास आधारमा सोही ऐनको दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेर्न माग गरी यस अदालतमा प्रवेश गर्नसक्ने कानूनी व्यवस्था भएकै देखिँदा यी पुनरावेदक न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने अधिकारक्षेत्रको माध्यमबाट यस अदालतमा प्रवेश गर्नुपर्नेमा सोही ऐनको दफा ९(१)(ग) बमोजिम पुनरावेदनको माध्यमबाट प्रवेश गरेको देखिँदा तथ्यमा प्रवेश गरी पुनरावेदनको औचित्यतर्फ विचार गरिरहनु परेन । प्रतिवादीको पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार १० गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-०६२२, १०२३, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *ईसाक राई वि. नेपाल सरकार, नेपाल सरकार वि. निर्मल लिम्बू*

मृतकको कर्तव्य गरी मार्नमा प्रत्यक्ष भूमिका निर्वाह गरेका यी पुनरावेदक ईसाक राईले आफ्नो पुनरावेदन जिकिरमा आफूले कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकाले सजाय कम हुनुपर्ने जिकिर लिएको पाइयो । सो सम्बन्धमा हेर्दा मृतकका बाबुले एक वर्ष अगाडि पिटेको आफ्नो पुरानो रिसइबी रहेको भन्ने पूर्वयोजनासहित प्रस्तुत वारदात घटाएका यी प्रतिवादीले ११ वर्षको कलिलो उमेरको निर्दोष बालकलाई पाशविक एवम् निर्मम तरिकाले घाँटी थिची छुरीले रोपी मारेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट प्रमाणित भइरहेको अवस्थामा सजायबाट उन्मुक्ति पाउनु पर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने कानूनसम्मत र विवेकसम्मत आधार छैन । जहाँसम्म कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकाले सजायमा छुट पाउनु पर्छ भन्ने पुनरावेदन जिकिर छ सो सन्दर्भमा हेर्दा यसरी मोबाईल चार्ज गर्न भनी हिंडेको अबोध बालकको हत्या गरी कसैले थाहा नपाओस् भनी घरका सदस्यहरूलाई समेत वारदातका बारेमा जानकारी गराएको पाइँदैन । वारदातका बारेमा भाग्न उम्कन सक्ने जति हतकन्डा प्रयोग गरी अपराध लुकाउन खोजेको र वारदातपछि प्रहरीसमक्ष समर्पण गरेको नभई पक्राउ परी उपस्थित गराइएको

देखिन्छ । यसप्रकार वारदातपछि प्रहरीले पक्राउ गरेपश्चात् मात्र निजले साबिती बयान दिएकै भरमा सजायमा छुट दिन मिल्ने आधार नभएकोले निजको पुनरावेदन जिकिरसँग समेत सहमत हुन सक्ने अवस्था देखिएन । अतः निज प्रतिवादी ईसाक राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र मुलुकी ऐन, चोरीको महलको १४(२) नं. को सजाय गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी इसाक राईको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी निर्मल लिम्बूको हकमा विचार गर्दा निजले अदालतसमक्षको बयानमा कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ । अर्का प्रतिवादी ईसाक राईले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी निर्मल लिम्बू पनि वारदातमा सँगै भई मृतकको खुट्टा समाई थिची दिएको लेखाए तापनि अदालतसमक्षको बयानमा आफू एक्लैले उक्त वारदात गराएको प्रतिवादी निर्मल लिम्बूको वारदातमा संलग्नता नभएको भनी बयान गरेका छन् । प्रतिवादी निर्मल लिम्बूको साथबाट कसुरसित सम्बन्धित कुनै दशी बरामद हुन सकेको पनि छैन । जाहेरवाला डगलसिंह राईले बकपत्र गर्दा प्रतिवादी निर्मल लिम्बूको संलग्नता छ छैन मैले देखिन भनी बकपत्र गरेको पाइन्छ । घटना विवरणका मानिस अर्जुन राईले उक्त बरामद भएको मोबाइल प्रतिवादी ईसाक राईले मसँग साटेका हुन् भनी बकपत्र गरेको देखिन्छ । प्रमाणको भार शङ्कारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादी निर्मल लिम्बूले कसुर गरेको कुरा वस्तुनिष्ठरूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा सुरू मोरङ जिल्ला अदालतले निज प्रतिवादी निर्मल लिम्बूलाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।२८ को फैसला मनासिब भएकोले सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-१०५३, उत्प्रेषण / परमादेश, *जिल्ला पर्सा, वीरगन्ज उपमहानगरपालिका कार्यालय, वीरगन्ज वि. दिनेशप्रसाद कानु*

रिट निवेदक वीरगन्ज उपमहानगरपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी रहेको तथ्यमा विवाद देखिँदैन । नयाँ बसपार्कको शौचालय ठेक्का सम्बन्धमा ठेकेदारले बुझाउनु पर्ने बाँकी किस्ता रकम रू.५,०८,११५।– रकम नबुझाएको भनी यी निवेदकको तलब भत्तासमेत वीरगन्ज उपमहानगरपालिकाले मिति २०६८।७।३० को पत्रबाट रोक्का राखेको तथ्यमा पनि विवाद देखिएन । उल्लिखित ठेक्का निज रिट निवेदकले लिएको भन्ने पुनरावेदकको भनाई नभई उनाउ व्यक्तिले लिएको ठेक्कामा निवेदकको संलग्नता रहेको भन्ने पुनरावेदकको जिकिर देखिन्छ । तर सो ठेक्कामा रिट निवेदकको संलग्नता देखिने कुनै तथ्ययुक्त प्रमाण पुनरावेदकले पेस गर्न सकेको देखिँदैन । निवेदकले सेवा सर्तसम्बन्धी कुनै आचरणको पालना नगरेको वा आचरण उल्लघङ्न गरेको भनी स्पष्टीकरण माग गरी विभागीय कारवाही अगाडि बढाएको भन्ने पनि देखिँदैन । पुनरावेदकले रिट निवेदकको नयाँ बसपार्क ठेक्का सम्बन्धमा कुनै संलग्नता नदेखिई सम्बन्धित फाँटबाट तलब भत्ता फुकुवा गर्न टिप्पणी पेस भई निर्णय हुन बाँकी भएको भनी लिखित जवाफ पेस गरेबाट पनि रिट निवेदकको तलब भत्ता रोक्का राख्नु पर्ने कुनै मनासिब कारण रहे

भएको देखिन आउँदैन। यस्तो अवस्थामा कुनै तथ्ययुक्त र भरपर्दो आधार कारणबिना स्थायी कर्मचारीको तलब भत्ता रोक्का राख्नु कानून, न्याय र विवेकसम्मतसमेत नहुने भएकोले पुनरावेदन अदालतबाट रिट जारी हुने ठहऱ्याएको आदेशलाई अन्यथा गर्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ, स्थायी कर्मचारीको बिना कारण तलब भत्ता रोक्का राख्न मनासिब नदेखिएकोले निवेदन मागबमोजिम निवेदकको भुक्तानी गर्न बाँकी तलब भत्ता यथासिघ्र भुक्तानी दिनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।०७।०६ को आदेश मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार ९ गते रोज ५ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-०४४६, अंश चलन, *दीपक सिंह वि. दिनेश सिंह*

विपक्षी वादी दिनेश सिंहले कि.नं. १६२ र १६३ का जग्गाहरू आफूले बेलायत बस्दा आर्जन गरेको पैसाबाट किनेको स्वआर्जनको जग्गा भनी फिरादमा दाबी लिएको पाइन्छ। यी जग्गाहरू राजीनामा गरिलिँदाको राजीनामाको लिखत हेर्दा सम्पत्ति दिनेश सिंहको स्वआर्जनको आय स्रोतबाट खरिद गरेको भन्ने व्यहोरा उल्लेख गरी पुनरावेदक दिपक सिंह साक्षी बसेको देखिएको छ। सो साक्षी बसेको कुरालाई यी पुनरावेदक प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दासमेत स्वीकारेको पाइन्छ । निजले सही गरेको तर व्यहोरा के लेखे थाहा भएन भनी उल्लेख गरे पनि एउटा पढे लेखेको सचेत तथा सक्षम व्यक्तिले सही गरिसकेपछि व्यहोरा के लेखेको रहेछ थाहा भएन भनी भन्न पाउने अवस्था नरहने।

एक पटक यी पुनरावेदक प्रतिवादीले उल्लिखित कित्ता जग्गाहरू प्रत्यर्थी वादी निजको भाइ दिनेश सिंहको स्वआर्जनको हो भनी लिखित रूपमा नै स्वीकारी बसेको अवस्थामा पछि मुद्दा पर्दा आफ्नो प्रतिकूल हुने देखेपछि सो होइन भन्न मिल्ने हुँदैन । यसो भन्नमा यी पुनरावेदक विबन्धित हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ३४ हेर्दा पनि एक भन्नमा यी पुनरावेदक विबन्धित हुने।

कुनै सम्पत्ति स्वआर्जन तथा सगोलको के हो भनी छुट्याउने विषय कानूनी प्रश्न समाहित विषय नभई तथ्यसम्बन्धी प्रश्न मात्र हो। कुनै कुरा के र कस्तो हो भनी निक्यौल गर्ने विषयमा तथ्यसम्बन्धी प्रश्न नै निहित रहेको मानिन्छ । सो तथ्यसम्बन्धी विषय निराकरण भइसकेपछि सोको कानूनी हैसियत तथा अस्तित्व के हुने भन्ने विषयसम्बन्धमा कानूनले केही सर्त र अवस्था तोकेको भएमा वा सो सम्बन्धमा कानूनको व्याख्या गर्नुपर्ने अवस्था भएमा मात्र त्यसमा कानूनी प्रश्नको सन्निहितता रहेको मानिने।

जग्गाहरू यसरी प्राप्त भएको हो भन्ने तथ्यको निरूपण भएपछि त्यसरी प्राप्त सम्पत्तिको अस्तित्व के हुन्छ तथा सो सम्पत्तिमा कसको हक रहन्छ भन्ने निक्यौल गर्ने विषय मात्र कानूनी प्रश्न समाहित विषय हुन्छ। यसमा एक पटक स्वआर्जन भनि स्वीकारेकोमा पछि आएर होइन भनेको नितान्त तथ्यसम्बन्धी विषयमा सुरू तथा पुनरावेदन अदालतले विबन्धन आकर्षित गरेको देखिएबाट पुनरावेदक प्रतिवादीको कानूनी प्रश्न भएकोले विबन्धन लागू हुने होइन भनी लिएको जिकिरसँग सहमत हुन नसकिने।

वादी प्रतिवादीको आमा सुचित्रा देवी सिंहले आफूले अंश भागबापत पाउने सम्पूर्ण चल अचल सम्पत्ति आफ्नो शेषपछि लालन पालन र काजकिरिया

गरेबापत यी वादी दिनेश सिंहले खान पाउने गरी मिति २०६४।९।१३ मा शेषपछिको बकसपत्र पारित गरिदिएको पाइन्छ। सो बकसपत्रको लिखतमा आफ्नो अंश भागको सम्पत्ति मात्र भनी उल्लेख भएको र फिराद दाबीमा समेत सो हदसम्मको सम्पत्तिमा मात्र वादीले दाबी लिएको देखिँदा अन्य सम्पत्ति तथा अरू अंशियारको अंश लाग्ने सम्पत्ति बकसपत्र गरिदिएको तथा सोमा फिरादीले दाबी गरेको नदेखिने।

अंश हक एक जन्म सिद्ध तथा नैसर्गिक हक भएकाले सगोलको सम्पत्तिमा सगोलका सबैको जुनसुकै समयमा पनि अंश हक निहित रहेको नै हुन्छ । यी वादी प्रतिवादीको आमा जिउँदै रहेको समयमा सगोलको सम्पत्तिमा निजको पनि अंश हक निहित रहने र आफ्नो अंश हकजति कानूनी व्यवस्थाका आधारमा आफूखुसी गर्न पाउने।

अंश बन्डाको सम्बन्धमा विवाद हुने समयमा अंशियार कायम नरहेको व्यक्ति अंशियार हुन नसक्ने र सोभन्दा अगाडि पछि अंश पाउने कल्पना गरी आफ्नो अंश हकजति शेषपछिको बकसपत्र गरेको सदर नहुने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार प्रमाणबाट कि.नं. १६२ र १६३ को जग्गा वादी दिपक सिंहको स्वआर्जनको देखिएकोले सो जग्गाहरू सगोलका अंशियारको बन्डा नलाग्ने भई यी वादीको एकलौटी हक कायम हुने देखिन्छ । सोबाहेकको अन्य सम्पत्तिमध्ये आफ्नो अंश भाग लाग्ने ३ खण्डको १ खण्ड सम्पत्ति वादी प्रतिवादीको आमा सुचित्रा देवी सिंहले यी वादीलाई मात्र आफ्नो लालन पालन गर्न र मृत्युपछि काज किरियासमेत गर्न भनी शेषपछिको बकसपत्र पारित गरी लेखी दिएकोमा पुनरावेदक प्रतिवादीको प्रतिउत्तर जिकिर र वादी प्रतिवादीको साक्षीहरूको बकपत्र हेर्दासमेत निज आमाको लालन पालन र काज किरियासमेत गरी वादी दिनेश सिंहले लिखतमा उल्लिखित सर्त पूरा गरेको नै देखिन्छ। सो देखिएबाट आफ्नो आमाको सो बकसपत्रअनुसारको भाग र आफ्नो अंश भागसमेत मिलाई सम्पूर्ण सम्पत्तिको ३ भागको २ भाग अंश यी वादी दिनेश सिंहले पाउने नै देखिन्छ। तसर्थ सम्पूर्ण सम्पत्तिमा आमाको भागसमेत ३ भाग लगाई आफ्नो र आमाको भागसमेत वादी दिनेश सिंहले पाउने ठहर्‍याई भएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै भएकोले सम्पूर्ण सम्पत्तिको २ भागको १ भागमात्र वादीले पाउनु पर्ने हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार प्रमाणहरूबाट वादी दाबीको कि.नं. १६२ र १६३ का जग्गाहरू निजी आर्जनको देखिएकोले बन्डा नलाग्ने र सोबाहेकका अन्य सम्पत्तिमा २ भागको १ भाग वादी दिनेश सिंहले पाउने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको मिति २०६९।८।१८ को फैसला केही उल्टी गरी उक्त कि.नं. १६२ र १६३ को जग्गाहरू निजी आर्जनको बन्डा नलाग्ने सम्पत्ति नै ठहर्‍याई र सोबाहेकको अन्य सम्पत्तिमा ३ भागको २ भाग सम्पत्ति यी वादी दिनेश सिंहले पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल असार २९ गते रोज ४ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री आनन्दमोहन भट्टराई,** ०६९-WO-०८१३, परमादेश, *अधिवक्ता पुन्देवी महर्जन (सुजाना) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

कुनै पनि कुरा प्रकाशन गर्नु पछाडिको मूल

उद्देश्य त्यस्तो कुरालाई सार्वजनिक गरी त्यसको बारेमा सर्वसाधारणलाई जानकारी गराउनु हो । सोही उद्देश्यको लागि नेपाल सरकारले जारी गरेको सूचना, विधायिकाले बनाएको कानूनलगायतका विषयवस्तुहरू राजपत्रमार्फत प्रकाशन गरी त्यसमा सर्वसाधारणको पहुँचलाई बढाउने गरेको हुन्छ । यसले सरकारी कारवाहीलाई पारदर्शी बनाउन, सरकारको जनताप्रतिको उत्तरदायित्वलाई सुनिश्चितता प्रदान गर्न एवम् त्यस्ता सूचना एवम् कानूनका बारेमा सर्वसाधारणलाई आधिकारिकरूपमा जानकारी गराउन मद्दत गर्दछ । सर्वोच्च अदालतबाट कुनै मुद्दामा कुनै कानूनको कुनै प्रावधान अमान्य र बदर भएका फैसलालगायतका महत्त्वपूर्ण फैसलाहरू सर्वोच्च अदालत आफैँले कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिनमार्फत प्रकाशन गर्ने गरेको छ । सर्वोच्च अदालतले प्रकाशन गर्ने नेपाल कानून पत्रिका एवम् सर्वोच्च अदालत बुलेटिन सर्वसाधारणको लागि पहुँचयोग्य रहनुका साथै त्यस्ता प्रकाशित फैसला सर्वोच्च अदालतको वेबसाइटमा समेत राखिने गरेकोले यो सर्वसाधारणको पहुँचको दृष्टिकोणले झन सहज भएकोछ । यसरी जुन उद्देश्यको लागि निवेदकहरूले सर्वोच्च अदालतबाट कुनै कानूनको कुनै प्रावधान अमान्य र बदर भएका फैसलाहरू राजपत्रमा प्रकाशन गर्न माग गरेको देखिन्छ, त्यो उद्देश्य सर्वोच्च अदालतले प्रकाशन गर्ने नेपाल कानून पत्रिका र सर्वोच्च अदालतको बुलेटिनको प्रकाशनबाट पूरा भइरहेको देखिएकोले राजपत्रमार्फत त्यस्ता फैसलाहरूको जानकारी दिइरहन आवश्यक देखिन नआउने ।

मुलुकी ऐन, स्त्री अंशधनको महलको ७ नं., कर्तव्य ज्यानको महलको ६(३) मा उल्लिखित व्यवस्था, इलाज गर्नेको महलको ६ नं. मा उल्लिखित व्यवस्थाको 'नेल ठोकी खोर' वा 'कारागारमा राखी' भन्ने वाक्यांशसमेतका व्यवस्थाहरूलाई यस अदालतबाट अमान्य र बदर घोषित भएको व्यहोरा जनाई प्रकाशन गरेको देखिन्छ । यसरी निवेदकहरूले आफ्नो रिट निवेदनमा उठाएको माग पनि क्रमशः सम्बोधन भइरहेको देखिने ।

सर्वोच्च अदालतले कुनै कानूनको सम्पूर्ण वा कुनै भाग अमान्य र बदर घोषित गरेको फैसलाहरू यस अदालतमा समेत रहेको उक्त फैसलाहरूको सम्बन्धमा आधिकारिक जानकारीसमेत सर्वोच्च अदालतले नै दिन सक्ने भएकोले ती फैसलाहरू विपक्षीहरूबाट झिकाइरहनु पर्ने आवश्यकता नदेखिने ।

सर्वोच्च अदालतबाट कुनै नेपाल कानून वा त्यसको कुनै भाग अमान्य वा बदर हुने गरी भएका फैसलाहरू यस अदालतबाट नै सर्वसाधारणको जानकारीको लागि नेपाल कानून पत्रिका एवम् सर्वोच्च अदालत बुलेटिनमा प्रकाशन हुने भएकोले राजपत्रमा प्रकाशन गरिरहनु परेन । साथै त्यस्ता अमान्य र बदर घोषित भएका कानूनहरू प्रकाशन हुँदा सो व्यहोरा जनाई प्रकाशन हुन थालेको देखिएको र सो फैसलाहरू कार्यान्वयन गर्न यस अदालतबाट आदेशसमेत जारी भइसकेको र फैसलाको कार्यान्वयन निर्देशनालयमार्फत पनि कार्यान्वयनबारे कार्य भइरहेको हुँदा कार्यान्वयनकै लागि निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु आवश्यक नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-RC-०१०३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गङ्गे भन्ने अश्विन राई*

मृतक नक्कली भन्ने सपना राईको पति रोजगारको लागि विदेश गएको अवस्थामा निज सपना

राई र प्रतिवादी गङ्गे भन्ने अश्विन राईबीच अवैध यौन सम्बन्धबाट मृतक सपना राईले गर्भधारण गरेको र प्रतिवादीले सो गर्भपतनको लागि मृतक सपना राईलाई भन्दा नमानेको कारणबाट एकान्त ठाउँमा लगी मिति २०६६/०९/३० गते रातको समयमा ढुङ्गाले घुच्चुकमा प्रहार गरी हत्या गरेको भन्ने किटानी जाहेरी परेको देखिँदा प्रतिवादी गङ्गे भन्ने अश्विन राईले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत बयान गर्दा मृतक नक्कली भन्ने सपना राईसँग अवैध यौन सम्बन्धबाट गर्भ रहेकोमा गर्भपतन गर्न नमानेकोले मिति २०६६।०९।३० गते जोरधार भन्ने स्थानमा माघे संक्रान्तिमा लाग्ने एकराते मेला बजारमा भेट गरी बजारबाट १५० मिटर टाढा लगी निज मृतकले थाहा नपाउने गरी ढुङ्गाले ३/४ पटक टाउकोमा प्रहार गरी कर्तव्यद्वारा मृतकको हत्या गरेको भनी कसुरमा पूर्ण साबिती रही बयान गरेको पाइन्छ। मृतकको पोष्टमार्टम रिपोर्ट हेर्दा, मृत्युको कारण severe head Injury भनी Note The deceased was pregnant and duration of pregnancy approximately three months भन्ने उल्लेख भएको पाइने।

मृतकको मृत्यु टाउकोमा प्रहार गरेको चोटबाट भएको भन्ने पोष्टमार्टम रिपोर्ट, प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त तथा स्वयम् प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत कसुरमा पूर्ण साबित भई बयान गरेकोसमेतबाट मृतक नक्कली भन्ने सपना राईको मृत्यु प्रतिवादी गङ्गे भन्ने अश्विन राईको कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आयो। तसर्थ निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिम कसुर अपराध गरेको देखिँदा निजलाई ऐ. ऐनको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट भएैको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।११।०९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-RC-०१०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुभाष तामाङ*

प्रतिवादी सुभाष तामाङले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा मृतक रूद्रबहादुर राई र आफ्नो आमाबीच पटकपटक अवैध यौन सम्बन्ध हुने गरेकोले मृतक रूद्र राईलाई घाइते तथा अपाङ्ग बनाउने योजना बनाई अन्य साथीहरूसमेतको सहयोग लिई कुटपिट गर्ने उद्देश्य राखी मिति २०६८।०५।१६ गते राति १२:३० बजेको समयमा आफ्नो घरमा पुग्दा मृतक रूद्रबहादुर राई र आमा रामदेवी तामाङ नाङ्गै सुतिरहेको अवस्थामा फेला पारी चिरपटले २०/२२ पटक प्रहार गरेको कारणबाट मृतकको मृत्यु भएको भनी कसुरमा साबिती रहेको पाइन्छ। मृतकको लासको ढाडपट्टिको भागमा कुटेकोजस्तो नीलडाम रहेको भन्ने लासजाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन एवम् वस्तुस्थिति मुचुल्कासमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको देखिएको र प्रतिवादी सुभाष तामाङले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान तथा सहअभियुक्तहरू सूर्यकुमार राई, बाबुराम राई, विक्रम तामाङ र विष्णु गुरूङसमेतको बयान व्यहोरासमेतबाट मृतकलाई प्रतिवादी सुभाष तामाङ एक्लैले कुटपिट गरी मारेको भन्ने पुष्टि हुन आएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू अदालतको फैसलालाई सदर ठहर गरी साधक सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति

२०६९।११।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सुभाष तामाङलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने राय व्यक्त गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको रायको सम्बन्धमा विचार गर्दा प्रतिवादी कसुर गर्दाको अवस्थामा १६ वर्ष उमेर पूरा भएको देखिएको र मृतक रूद्रबहादुर राईले आफ्नी आमासँग पटकपटक अवैध यौन सम्बन्ध कायम गर्ने गरेकोले रिस उठी अन्य प्रतिवादीहरूसँग सल्लाह गरी कुटपिट गर्ने पूर्वयोजना बनाई रातको समयमा सुतिरहेको स्थानमा कुटपिट गरी सोही कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भन्ने अवस्था देखिँदा अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने व्यक्त भएको राय सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको देखिएन। यस अवस्थामा प्रतिवादी सुभाष तामाङको उमेर १६ वर्षको देखिएको, आफ्नी आमासँग अवैध यौन सम्बन्ध कायम गरेको अवस्थामा फेला पारी चिरपटले कुटपिट गरेको भन्ने कुरालाई प्रतिवादी स्वयम्ले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा कसुर गरेको स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएको देखिँदा निज प्रतिवादी सुभाष तामाङलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०८३७, १२१६, कर्तव्य ज्यान, तुलसी विष्ट वि. नेपाल सरकार, *नेपाल सरकार वि. वीरसिंह विष्ट*

सहप्रतिवादी तुलसी विष्टले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा साबित हुँदै काका सुरज भन्ने वीरसिंह विष्टले काकी माइत गएको अवस्थामा खाना पकाउन बोलाएर करणी गरेका र गर्भ रहेको थाहा पाई काकालाई जानकारी गराउँदा बच्चा जन्मेपछि फालौंला भनी भनेका थिए। मिति २०७०।०४।०८ गते राति व्यथा लागेपछि खेतबारीमा गई बच्चा जन्मिएपछि उमरको रूखको फेद नजिकै सालनालसहित फालिदिएको हुँ, वीरसिंह विष्टलाई बोलाउन नसकी आफैँ एक्लै गई फालिदिएको हुँ भनी बयान गरेको देखियो। यसबाट सुरज भन्ने वीरसिंह विष्टको अदालतको बयान खण्डित भई अधिकारप्राप्त अधिकारीसमक्षको बयान समर्थित रहेको देखिन आउने।

प्रतिवादी सुरज भन्ने वीरसिंह विष्टलाई के कति सजाय हुने भन्ने सन्दर्भमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. हेर्दा अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिए देखिएबाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि ३ वर्षसम्म कैद गर्नुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ। सो कानूनी व्यवस्थाअनुसार प्रतिवादी सुरज भन्ने वीरसिंह विष्टको अवैध गर्भ प्रतिवादी तुलसी विष्टले धारण गरेपछि तुलसी विष्टले सो कुरा निज सुरज भन्ने वीरसिंह विष्टलाई भन्दा आफूले लिनुपर्ने उक्त दायित्व बहन नगरी बच्चा जन्मेपछि फालौंला भनेकोसम्म देखिएको र प्रतिवादी तुलसी विष्टको बयान व्यहोराबाट समेत निज प्रतिवादी सुरज भन्ने वीरसिंह विष्ट बच्चा फाल्नमा प्रत्यक्ष सरिक भएको नदेखिए तापनि गर्भ रहँदाकै अवस्थामा बच्चा जन्मिएमा फालिदिने मत सल्लाहमा पसी मतलबी देखिँदा निज प्रतिवादी सुरज भन्ने वीरसिंह विष्टको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम १(एक) वर्ष ६(छ) महिना कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।५।३० को फैसला मनासिब नै देखिँदा

सदर हुने ।

प्रतिवादी तुलसी विष्टले काका सुरज भन्ने वीरसिंह विष्टको अवैध गर्भ बोकी जन्मेको बच्चालाई आफूले बाटोमा लगेर फ्याँकेको तथ्यमा पनि निजले अनुसन्धान अधिकारी तथा अदालतमा साबित भई बयान गरेको कुरा मिसिल संलग्न रहेको लास जाँच तथा घटनास्थल मुचुल्का, प्रहरी नायब निरीक्षक वीरभद्र खडायतको प्रतिवेदन, पूरा महिना पुगी बच्चा जन्मिएको भन्ने महाकाली अञ्चल अस्पतालको प्रतिवेदन, पुष्पा महतराले गरेको घटना विवरण कागजसमेतबाट यी पुनरावेदक प्रतिवादी तुलसी विष्टले अवैध गर्भ धारण गरी जिउँदै जन्मिएको शिशुलाई जन्माउने आमाले बाटोमा फ्याँकेको र पछि उक्त शिशु मरेको तथ्य स्थापित भएको देखिँदा निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १८ र १३(३) नं.को कसुर गरेको पुष्टि हुन आयो । अतः प्रतिवादी तुलसी विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।५।३०को फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी तुलसी विष्ट १७ वर्षकी कलिलो उमेरकी देखिएको, खाना बनाउने निहुँमा काका नाता पर्ने सुरज भन्ने वीरसिंह विष्टले बोलाई करणी गरी गर्भधारण गराएका र गर्भधारण भएपछि सो कुरा प्रतिवादी सुरज भन्ने वीरसिंह विष्टलाई जानकारी गराउँदा जन्मेपछि फालौंला भनेकोमा वारदातको रात व्यथा लागेकोले केही भन्न नपाएको, यौन शोषणमा परी गर्भ रहेको अवस्थामा कसैले पालोस् भनी बाटोमा जातक फ्याँकिदिएको, शिशुको शरीरमा कुनै चोटपटक लागेको नदेखिएको, निजको मारौं भन्ने मनसाय पनि रहेको नदेखिएको, प्रतिवादी अविवाहित रहेकी, आफ्नै काकाको अनिच्छित गर्भ रहेको, अनुसन्धान र अदालतमा समेत सत्यतथ्य बताई न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको, र सामाजिक लोक लज्जाबाट बच्न अवैधरूपमा जन्मिएको शिशुलाई फालेको देखिँदा ऐनबमोजिम कैद सजाय गर्दा चर्को पर्ने देखिएकोले निज प्रतिवादी तुलसी विष्टलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ४(चार) वर्ष मात्र कैदको सजाय हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी तुलसी विष्टको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २४ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-MS-०००६, सम्बन्ध विच्छेद, *नारायण चन्द वि. धनेश्वरी चन्द*

वादी प्रतिवादी दुवै सम्बन्ध विच्छेद गर्न मन्जुर भएको खण्डमा हाम्रो कानूनी व्यवस्थाबमोजिम सहजरूपमा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था देखिन्छ । तर लोग्ने स्वास्नीमध्ये कुनै एक पक्ष मन्जुर नभएमा सम्बन्ध विच्छेद गरिपाउँ भन्ने पक्षले मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नम्बरमा उल्लिखित कानूनी आधारहरू पुष्टि गर्न सक्नुपर्छ । अन्यथा सम्बन्ध विच्छेद हुन नसक्ने ।

प्रस्तुत मुद्दामा वादीले प्रतिवादी लगातार २४ वर्षदेखि मेरो मन्जुरीबेगर माइतीघरमा बस्ने गरेकी र मलाई ज्यान मार्नेसम्मको प्रयत्न गर्नुका साथै मानसिक कष्ट यातना दिने र ज्यान मार्ने धम्कीसम्म दिँदै आएकीले सम्बन्ध विच्छेद गरिपाउँ भनी वादीले लिएका जुन आधार तथा दाबीतर्फ विचार गर्दा प्रतिवादी वादीसँग अलग भएर बस्नु परेको अवस्था सिर्जना गर्न स्वयम् वादीले प्रतिवादीलाई कुटपिट गरी घरमा बस्न नदिएको कारणले माइतमा गई बस्नु परेको अवस्था प्रतिवादीको घाउजाँच केश फारमबाट

देखिन्छ । अर्कोतर्फ प्रतिवादीबाट ज्यान मार्ने धम्की दिने, ज्यान मार्नेसम्मको प्रयत्न गरेको तथा मानसिक कष्ट दिएको भन्ने कुराको पुष्टि गर्न वादीले केबल आफ्नो मौखिक कथनबाहेक अन्य कुनै ठोस प्रमाणहरू प्रस्तुत गर्न सकेको नदेखिने।

महिलाले आफ्नो लोग्नेसँगको वैवाहिक दाम्पत्य पारिवारिक जीवन कायमै राखी परिवारसँग सुखपूर्वक जीवन बिताउन पाउनु महिलाको पारिवारिक एवम् दाम्पत्य अधिकार भएको हुँदा वादीले प्रतिवादीसँगको लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद गरिपाउँ भनी लिएको दाबी जिकिर आधारहीन देखिएको अवस्थामा कुनैपनि विवाहित महिलालाई कानूनविपरीत मनोगत आधारमा निजको स्वेच्छा विरूद्ध लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गराउन प्रचलित कानूनले नमिल्ने हुँदा पुनरावेदक वादीको दाबी जिकिरसँग सहमत हुन सकिएन। सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय मुख्य न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीले मिति २०६९।८।२६ मा व्यक्त गरेको राय मनासिब नै देखिने।

अतः माथि विवेचित आधार एवम् प्रमाणहरूबाट वादी प्रतिवादीबीचमा रहेको लोग्ने स्वास्नीको सम्बन्ध कानूनबमोजिम सम्बन्ध विच्छेद गराई दिनुपर्ने कुनै कार्य प्रतिवादी धनेश्वरी चन्दबाट भएको नदेखिएकोले सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।३।२८ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय मुख्य न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीको मिति २०६९/८/२६ को राय मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको दाबी एवम् पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०७४६, करकाप, *कर्णबहादुर रावत वि. डम्बरबहादुर के.सी.*

पुनरावेदक वादीले मिति २०६७।१०।३ गतेका दिन प्रतिवादी डम्बरबहादुर के.सी.ले धम्की दिई करकापसँग कागज गराएका हुन् भनी जिकिर लिए तापनि उक्त मितिमा जाजरकोट जिल्ला प्रहरी कार्यालयमा यी वादी प्रतिवादीहरूको बीच भएको भनिएको कागज वादीले पेस गर्न सकेको देखिँदैन । वादीका साक्षीद्वय स्वर्ण सिंह र नन्दलाल वलीले पनि करकापबाट कागज भएको प्रत्यक्ष देखेका हौं भनेर स्पष्ट लेखाउन सकेको देखिँदैन, केवल वादीले नै भनेकाले थाहा पाएका हौं भनी सुरू अदालतमा बकपत्र गरिदिएको अवस्था छ । यसरी पुनरावेदक वादीले दाबी लिएको कागज गराएको मिति २०६७।१०।३ र प्रतिवादीहरूले व्यवहार मिलाउने कागज भएको हो भन्ने मिति २०६७।५।२९ फरकफरक भई एक आपसमा बाझिएको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक वादीले मिति २०६७।१०।३ मा निजसँग कागज गराएको हो भन्ने पुष्टि हुने ठोस प्रमाण कागजातहरू प्रस्तुत गर्न सकेको देखिँदैन । यसरी यी पुनरावेदक वादीले दाबी लिएको मिति २०६७/१०/३ मा जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा वादी प्रतिवादीहरूको बीच प्रस्तुत विवादसम्बन्धी कुनै कागज भएको मिसिल संलग्न कागजातहरूबाट नदेखिएकाले पुनरावेदक वादीको मौखिक भनाइलाई मात्र विश्वास गर्न सक्ने अवस्था रहेन । प्रतिवादी गोपाल वि.क. ले यी पुनरावेदकसमेतका उपर ठगीमा कारवाही चलाउन दिएको उजुरीको सन्दर्भमा पुनरावेदक वादीसमेत ठगीको कारवाहीबाट बच्ने उद्देश्यबाट आपसमा सहमतिको कागज गरेको भन्ने देखिएकोले यस्तो कार्यलाई करकापको संज्ञा दिई मिति २०६७।१०।३ मा प्रतिवादीहरूले करकापबाट कागज गराएको भन्ने

पुनरावेदक वादीको जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी डम्बरबहादुर के.सी.समेतले वादी दाबीबमोजिम मिति २०६७।१०।३ मा करकापद्वारा कागज गरे गराएको भन्ने दाबी पुष्टि हुन नसकेकोले वादी दाबी पुग्ने गरी ठहर्‍याएको सुरू जाजरकोट जिल्ला अदालतबाट मिति २०६८।९।१७ मा भएको फैसला मिलेको नदेखिई उल्टी भई वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतले मिति २०६९।५।११ मा गरेको फैसला मुनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७१-CR-०६५६, खुन डाँका, *दिलबहादुर भन्ने दिलबहादुर तुम्सीङ मगर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीबाहेक निजसँग वारदातमा संलग्न भएका भनिएका अन्य ५ जना व्यक्तिहरू को को हुन् भन्नेतर्फ अनुसन्धानबाट केही खुल्न नसकी खुली आएका बखत दाबी लिने व्यहोरा अभियोग पत्रमा उल्लेख गरेको पाइन्छ। २/२ जना व्यक्तिलाई कर्तव्य गरी मारी धनमालसमेत डाँका गरेको भन्ने दाबी छ। तर यी पुनरावेदक प्रतिवादीबाट सो वारदातसँग सम्बन्धित कुनै दशी प्रमाण फेला परेको अवस्था नदेखिने।

जाहेरी दरखास्त आफैँमा प्रमाण हुन नसक्ने र लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलाई मात्रै पनि आरोपित व्यक्तिका विरूद्ध स्वयम्मा अकाट्य प्रमाण मान्न मिल्दैन। मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० मा मौकामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने व्यवस्था गरेको छ। सो दफाको उपदफा (१) मा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने उल्लेख भएकोमा मिति २०५९।२।४ मा भएको घटनाको बारेमा २०६८।१।२१ मा गरेको कागजलाई मौकामा व्यक्त गरेको कुरा मानी स्वतन्त्र प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन। यसका अतिरिक्त ती कागज गर्ने व्यक्तिहरू प्रत्यक्षदर्शीसमेत नरहेको अवस्थामा केवल जाहेरीमा आशङ्का र अनुमान गरेकै भरमा प्रतिवादी कसुरदार हुन् भन्न मिल्ने अवस्था नदेखिने।

"जाहेरी घटनाका विषयमा दिइने सूचनाको एक माध्यम हो। यसले प्रमाण सङ्कलनमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, स्वयम्ले सार्थकता प्राप्त गर्दैन। यो आफैँमा अकाट्य र स्वतन्त्र प्रमाण नहुने भनी (*ने.का.प.* ०६९, अङ्क १, नि.नं.८७६० पृष्ठ १३०, स.ई.)" सिद्धान्त प्रतिपादन भएको र प्रस्तुत मुद्दाको जाहेरवालाको जाहेरीसमेत सुनेको आधारमा दिएको भन्ने देखिएबाट सो जाहेरी व्यहोरा अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकेबाट जाहेरी कै आधारमा नै वारदातमा प्रतिवादीको संलग्नता रहेको मान्न मिल्ने अवस्था नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ। सोअनुसार वादीले दाबी प्रमाणित हुने प्रमाण पेस गर्न सकेको नपाइने।

जाहेरी व्यहोरा एवम् जाहेरवालाको बकपत्र व्यहोरासमेत विरोधाभाषपूर्ण रहेको र केवल आशङ्का र अनुमानको भरमा प्रतिवादीउपर पोल गरेको देखिँदा यी पुनरावेदक प्रतिवादीले सो वारदात गरेका हुन् भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआई केवल अनुमान र शङ्कायुक्त आधारमा कसुरदार कायम गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम

पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिने ।

तसर्थः सुरू काभ्रेपलान्चोक जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२४ को फैसला उल्टी भई पुनरावेदक दिलबहादुर भन्ने डिलबहादुर तुम्सिङ्ग मगरले प्रस्तुत मुद्दाको अभियोग दाबीको कसुरबाट सफाइ पाउने ठहर्‍याएको सुरू काभ्रेपलान्चोक जिल्ला अदालतको फैसला सदर हुने ।

शाखा अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ असोज ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०६९-CR-०००५, ०६९-RC-००१९, *कर्तव्य ज्यान र चोरी*, *नेपाल सरकार वि. श्रीराज सुनुवारसमेत, नेपाल सरकार वि. श्रीराज सुनुवार*

एउटै जरियाबाट उठेको वारदातमा अलग अलग कसुरको दाबी लिइए पनि ठूलो सजाय हुने खत वा सजायमा सानो सजाय हुने खत खापिने व्यवस्था मुलुकी ऐन, दण्ड सजायको ८ नं. मा रहे भएको देखिन्छ । सो ८ नं. मा "एकैजनाले धेरै पटक सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि कुनै खतमा सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत वा सो सजायहरू मध्ये कुनै सजाय भएपछि अरू सानो सजाय हुने खत खापिँदैन ........." र १० नं. मा ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सोभन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ । अरू ऐनको खत खाप्नु हुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ । जरिवाना र कैदको सजाय हुनेमा दुवै कलमको ठूलो सजायको मात्र दुवै कुराको सजाय गर्नुपर्छ ..." भन्ने व्यवस्था रहेभएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्था हेर्दा एउटै व्यक्तिले गरेको कसुरहरूमध्ये ठूलो सजाय हुने कसुरमा सानो सजाय हुने कसुरको खत स्वतः खापिने देखिन्छ । यसबाट यी प्रतिवादीहरू उपर ज्यानसम्बन्धीको १३(१) र १७(१) नं. अनुसार मात्र सजाय गरी चोरीको कसुरलाई केही नबोलेको सुरू र पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै देखिन आयो । प्रतिवादीहरूबाट बरामद भएको बिगो रू.१,३२५१८।- सुरू रामेछाप जिल्ला अदालतको आदेशानुसार मृतककी श्रीमती बालकुमारी बस्नेतले बुझी लिएकोसमेत देखिएकोले त्यस सम्बन्धमा थप केही बोलिरहनु परेन । यसबाट यी प्रतिवादीहरू श्रीराज सुनुवार र रामबहादुर कार्कीउपर चोरीतर्फ केही नबोली ज्यानसम्बन्धीको महलको क्रमश: १३(१) र १७(१) नं. अनुसार मात्र सजाय हुने ठहर्‍याएको फैसला मिलेकै देखिन आउने ।

मानबहादुर कार्कीसमेतका अन्य प्रतिवादीहरू उपर ज्यानसम्बन्धीको महलको १६ नं. अनुसारको अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला त्रुटिपूर्ण भई ती प्रतिवादीहरूलाई समेत सोही १६ नं. अनुसार नै सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा यी प्रतिवादीहरूमध्ये कसले कहाँ र कसरी मृतकउपर ज्यान मार्न योजना बनाए वा षड्यन्त्र गरे भन्ने स्पष्ट अभियोग दाबी रहेको देखिँदैन । केवल मानबहादुर कार्कीसमेतका ६ जना प्रतिवादीहरूले मृतकउपर ज्यान मार्न योजना बनाएको भन्नेसम्म अभियोग दाबी रहेको देखिन्छ । साथै सुरू जाहेरीमा समेत कस्तो

प्रकारको षड्यन्त्र यी प्रतिवादीबाट भएको हो भन्नेसमेत किटानी गरेको देखिँदैन । यी ६ जना नै प्रतिवादीहरू मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार देखिन्छन् । मौकामा कागज गर्ने कसैले पनि यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी भन्न सकेका छैनन् । मुख्य प्रतिवादी श्रीराम सुनुवार आरोपित कसुरमा साबित हुँदासमेत यी प्रतिवादीहरू कसैउपर पोल गर्न सकेका छैनन् । मौकामा बुझिएका खगेन्द्र बहादुर खड्काले समेत अदालतमा आई यी प्रतिवादीहरूको मृतकलाई मार्ने कार्यमा संलग्नता नरहेको भनी कागज गरेको देखिन्छ । यसबाट यी प्रतिवादीहरूले मृतकउपर ज्यान मार्न षड्यन्त्र गरेको भनी ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने ।

अतः प्रतिवादी श्रीराज सुनुवारलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादी रामबहादुर कार्कीलाई ऐ. १७(१) नं. बमोजिम १० वर्ष कैद सजाय र प्रतिवादीहरू रामबहादुर कार्की, मानबहादुर कार्की, दुर्गाबहादुर बस्नेत, गणेशबहादुर बस्नेत, अर्जुनबहादुर बस्नेत, नरबहादुर कार्की र हतमाया कार्कीलाई ऐ. १६ नं. अनुसार अभियोग माग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू रामेछाप जिल्ला अदालतको मिति २०६७।३।६ को फैसला सदर ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी श्रीराज सुनुवारको हकमा साधक जाँचको लागिसमेत पेस भएको देखिँदा निजको हकमा साधक सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७०-CR-०८१४, मानव बेचबिखन तथा ओसारपसार, *शम्भु राउत कुर्मी वि. नेपाल सरकार*

राज्यको अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी दरखास्त, प्रमाणित बयान, प्रतिवादीको बयान तथा घटना विवरण कागजसम्म गराएर मुद्दा चलाई आफ्नो दायित्व पूरा भएको सम्झिन मिल्दैन । कुनैपनि कसुर अपराधमा अपराधको सूचना प्राप्त भएपछि सोलाई पुष्टि गर्ने तथ्य, दशी प्रमाण, प्रत्यक्षदर्शी साक्षी र पहिचान भएका तथ्य तथा दशीहरूको वैज्ञानिक परीक्षण हुनु अत्यन्त आवश्यक हुने ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ अनुसार पीडित आफैँले उजुरी दिएको अवस्थामा बयान प्रमाणित गराउने र त्यस्तो बयान पीडित मुद्दाको कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि उक्त बयान अदालतले प्रमाणमा लिन सक्नेछ भनी उल्लेख भएको पाइन्छ । तर प्रस्तुत मुद्दामा मिति २०६६।४।११ मा निजको बयान प्रमाणित हुँदा निजले आफ्नो उमेर १५ वर्ष भनी उल्लेख गरेको र मिति २०६७।९।१६ मा अदालतसमक्ष बकपत्र हुँदा आफ्नो उमेर १७ वर्ष भनी उल्लेख भएको पाइन्छ । बयान प्रमाणित हुँदा नाबालक भएको कारण निज आफ्नो स्वतन्त्र भनाई राख्न सक्षम नहुने भई जाहेरवाला बाबु रोहबरमा बसेको पनि देखिन्छ भने अदालतसमक्षको बकपत्रमा निज कानूनबमोजिम आफ्नो भनाई राख्न स्वतन्त्र र सक्षम भइसकेको अवस्था छ । त्यसै पनि उक्त दफा ६ मा पीडित स्वयम्ले उजुरी दिएमा निजको तत्काल बयान गराई अदालतबाट प्रमाणित गराउने भन्ने कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा

उजुरवाला पीडित स्वयम् नभई अरू नै व्यक्ति रहेको सन्दर्भमा उक्त प्रमाणित बयानभन्दा निज पीडित स्वयम्ले अदालतसमक्ष गरेको बकपत्रको प्रमाणिक महत्त्व बढी हुन जाने।

उपर्युक्त प्रकरणहरूमा गरिएको विश्लेषणबाट प्रस्तुत मुद्दामा केबल जाहेरी, जाहेरवालाको अदालतसमक्षको बकपत्र र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को प्रष्ट प्रावधानको अनुशरण नगरी भएको पीडितको प्रमाणित बयानबाहेक अन्य कुनैपनि प्रत्यक्ष एवम् ठोस सबुद प्रमाणबाट जाहेरवालाको छोरीलाई यी पुनरावेदक प्रतिवादी हरि भन्ने शम्भु राउत कुर्मीले अपहरण गरी भारतमा लगी यौन शोषण गरी बिक्री गरेको भन्ने कसुर प्रमाणित हुन सकेको अवस्था विद्यमान नदेखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा १ को खण्ड (ङ) को देहाय (१) बमोजिम १० वर्ष कैद तथा रू.५०,०००।- जरिवाना हुने तथा सोही ऐनको दफा १७(१) बमोजिम रू.२५,०००।- क्षतिपूर्तिबापत पीडितलाई प्रतिवादीबाट भराइदिने ठहर्‍याएको पर्सा जिल्ला अदालतको मिति २०६८।७।२८ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।३।४ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी हरि भन्ने शम्भु राउत कुर्मीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ १ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०१७५, उत्प्रेषण / परमादेश, *विजयालक्ष्मी राणा वि. रामकुमार राईसमेत*

निवेदकका पति भिमराज शमशेर ज.ब.रा. र विपक्षी रामकुमार राई, पुष्प महर्जनको बीचमा मिति २०६२।१२।१८ मा भएको बैना बुझेको लिखतमा भिमराज शमशेर ज.ब.रा.को वतन काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ भनी उल्लेख भएको देखिने।

रिट निवेदकको वतन बैना लिखतमा लेखिएको वतनबाट रीतपूर्वक इतलायनामा म्यादको सूचना जारी भएको देखिँदा वतन फरकमा म्याद तामेल भएको भन्ने निवेदकको भनाइसँग सहमत हुन सकिएन।

सार्वजनिकरूपमा कानूनअनुसार पत्रिकामा प्रकाशित इतलायनामाको सूचनाको बारेमा निवेदकलाई जानकारी थाहा भएन भनी मान्न मिल्दैन। सो सूचनामा उल्लेख भएको वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१ नक्सालबाट नै निवेदकले मृतकसँगको नाता प्रमाणित गरी ल्याएको हुँदा सो सार्वजनिक रूपमा तामेल भएको इतलायनामा सूचनाले कानूनी मान्यता प्राप्त गर्ने।

तसर्थ, निवेदकले उठाएको बैनाबट्टा लिखतको बारेमा रिटक्षेत्रबाट प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्नु उचित र रिटसम्बन्धी अवधारणाको अनुकूल हुने देखिँदैन । निवेदकका पतिको नाउँमा उल्लिखित रीतपूर्वक तामेल भएको म्यादलाई गैरकानूनी भन्न नमिल्ने र निवेदकले उठाएको अन्य तथ्यतर्फ रिट निवेदनबाट प्रवेश गर्न मिल्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७३ साल भदौ ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-१३२०, उत्प्रेषण / परमादेश, *झुमादेवी भण्डारी वि. नेत्रप्रसाद भण्डारीसमेत*

रिट निवेदकले विवाद उठाएका आदेशहरू मुद्दाको कारवाहीको क्रममा भएका अन्तरकालीन

आदेशहरू देखिन्छन् । अदालतबाट मुद्दाको सुनुवाइको क्रममा गरिने अन्तरकालीन आदेश मुद्दाको अन्तिम निष्कर्ष होइन । मुद्दाको कारवाही हुँदै जाँदा इन्साफको रोहमा आवश्यक न्यायिक निरूपण गर्ने कुरा सुरक्षित रहेको देखिने ।

वस्तुतः व्यक्तिको हक अधिकारमा गैरकानूनी तवरबाट आघात पारिएको अवस्थामा सो हक प्रचलनका लागि रिट क्षेत्रबाट उपचार प्रदान गरिने हो । नियमित अदालतबाट कानूनबमोजिम सुनुवाई गरिरहेको विषयमा पुनरावेदकिय क्षेत्राधिकार ग्रहण गरे जस्तो गरी अदालतमा विचाराधिन मुद्दामा सन्निहित प्रश्नको निरूपण रिट क्षेत्राधिकारबाट गर्ने पनि होइन । गम्भीर अन्याय (gross injustice) को अवस्था भएमा यदाकदा मुद्दाको तथ्यभित्र प्रवेश गरी उपचार प्रदान गरिने भए तापनि सामान्य अवस्थामा यस प्रकारको विषयमा असाधारण अधिकारक्षेत्रअन्तर्गत कुनै आदेश जारी गर्नु मनासिब नहुने ।

कुन प्रमाण बुझ्ने, प्रमाणको परीक्षण कसरी गर्ने तथा विवादका पक्षहरूमध्ये को कसबाट अंशको तायदाती फाँटवारी लिने भन्ने कुरा सम्बन्धित मिसिल प्रमाणका रोहमा नियमित प्रक्रियाद्वारा निरूपण गरिने विषय देखिन्छ । नियमित अदालतले न्यायिक विवेक प्रयोग गरी निरूपण गर्ने यस प्रकारको विषयमा रिट क्षेत्राधिकारबाट तथ्यगत प्रश्न निरूपण हुने गरी कुनै प्रकारको आदेश जारी गर्नु मनासिब हुँदैन । न्यायिक प्रक्रियाका सन्दर्भमा भएका उल्लिखित आदेशहरूबाट रिट निवेदकको कुनै प्रकारको मौलिक वा कानूनी हकमा असर परेको स्थिति पनि देखिएन । तसर्थ निवेदकले उठाएको विषयमा हाल अदालतमा विचाराधिन रहेको अंश मुद्दाकै सन्दर्भमा विवेचना र निरूपण हुन सक्ने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल भदौ २४ गते रोज ६ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या. विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-MS-००१३, अदालतको अवहेलना, *अजयविक्रम शाह वि. चुडामणि शर्मासमेत*

स्वतन्त्र न्यायपालिकाको आदेश अवज्ञा गरेर काम गर्नुपर्ने कुनै पनि स्वार्थ राष्ट्र सेवक कर्मचारीलाई छैन । सदैव विधिको शासन, स्वतन्त्र न्यायपालिकाको सम्मान गर्नु आफ्नो कर्तव्य भएको र अदालतको आदेश पाएपश्चात् सदैव सोको पालना गर्ने प्रतिवद्धतासमेत जनाएको देखिन्छ । त्यसैगरी यो सडक विस्तार कार्य अख्तियारको आदेशमा अदालतको आदेश प्राप्त नभएको अवस्थामा विस्तार गरिएको हो । सम्मानित अदालतको अवहेलना गर्ने काम कार्य गरेको छैन । सम्मानित अदालतबाट भएको आदेश एवम् फैसलाअनुसारको कार्य सम्मानपूर्वक सदैव समयमा नै सम्पन्न गरी परिपालना गर्दै आइरहेको छ । सम्मानित अदालतको आदेश एवम् फैसलालाई अवज्ञा गर्ने कुनै पनि कार्य नगरेको हुँदा अदालतको अवहेलनामा सजाय हुन पर्ने होइन भनी खुलाएको हुँदा विपक्षीहरूको अदालतको अवहेलना गर्ने नियत र आशय नरहेको र अवहेलना गर्ने प्रयत्न गरेको अवस्थासमेत देखिँदैन । त्यस्तो नगर्ने प्रतिवद्धतासमेत जनाएको देखियो । तसर्थ विपक्षीहरूले जानाजान अदालतको अन्तरिम आदेशको अवज्ञा गरेको अवस्था नदेखिएको हुँदा निवेदकको मागबमोजिम अवहेलनामा कारवाही गर्नुपर्ने देखिँदैन । अदालतको अवहेलना गरेकोमा सजाय गरिपाउँ भन्ने निवेदकको मागदाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०६४४, परमादेश / उत्प्रेषण, *अधिवक्ता अनन्तराज लुइँटेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदन पर्नुभन्दा अगाडिदेखि नै विपक्षी नेपाल राष्ट्र बैंकले मिति २०६७।४।३१ मा सफा नोट नीति अंगिकार गरी प्रभावकारी कार्यान्वयनका लागि विविध सूचना परिपत्रहरू जारी गरिरहेको देखिन्छ । सरकार वा सरकारको अन्य निकायहरू वा पदाधिकारी वा सार्वजनिक कर्तव्य धारण गरेका व्यक्तिहरूले संविधान वा कानूनले सुम्पेको कर्तव्य पालन नगरेको वा पालना गर्नमा ढिलाई गरेको र सोबाट कुनै व्यक्ति वा समुदायको कानूनी हकमा आघात पुग्न गएको र उपचारको अर्को प्रभावकारी उपाय नभएको अवस्थामा मात्र उक्त कानूनी कर्तव्य पालना गराउने उद्देश्यका लागि परमादेश जारी हुने गर्दछ । संविधान र संवैधानिक पद्धतिको उद्देश्य र अवधारणालाई जीवन्त राख्न सरकार र सरकारी निकायहरूको संवैधानिक एवम् कानूनी कर्तव्य निर्वाहका लागि परमादेशको माध्यमबाट निर्देशन गर्नु अदालतको संवैधानिक कर्तव्य हो । कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको वा गर्न इन्कार गरेको अवस्थामा परमादेश जारी गरी कानूनी कर्तव्य पूरा गराउने उद्देश्य परमादेशको रिटसँग अन्तरनिहित रहेको हुन्छ । अतः प्रस्तुत रिट निवेदनको तथ्यबाट "सफा नोट नीति" स्वयम् विपक्षी नेपाल राष्ट्र बैंकबाट अवलम्बन गरी कार्यान्वयनका लागि विभिन्न समयमा निर्णय, परिपत्र, सार्वजनिक सूचना तथा कार्यक्रमलगायतका विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको देखिँदा विपक्षी नेपाल राष्ट्र बैंकले आफ्नो कर्तव्य पालनामा निरन्तर सक्रिय रहिरहेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७२।११।३० गते जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०४७२, उत्प्रेषण, *सरस्वती श्रेष्ठ वि. रीता खतिवडासमेत*

मुलुकी ऐन, दण्ड सजायको ४२(२) नं. को कानूनी व्यवस्था हेर्दा लेनदेन मुद्दाको फैसलाबमोजिमको बिगो प्रतिवादीले बुझाउन नसके थुनामा राख्न सकिने प्रावधान रहेको देखिन्छ । तर यसका लागि “अघि जायजातबाट भरी पाएको ७ दिनभित्र दरखास्त दिनुपर्ने” हुन्छ । प्रस्तुत विवादका सन्दर्भमा मिति २०७०।४।२८ मा सम्पत्ति लिलाम सकार गरी सकेपछि मिति २०७१।३।३१ मा मात्र थुनाई पाउँ भन्ने निवदन दिएको देखियो । यसरी प्रतिवादीका नाउँको सम्पत्ति लिलाम गराई सकार गरेको मिति २०७०।४।२८ ले कानूनले निर्दिष्ट गरेको म्याद ७ दिनभित्र निवेदन दिएको अवस्था रहेको भए नपुग बिगोबापत प्रतिवादीलाई थुनामा राख्ने अवस्था रहन्थ्यो । तर मुलुकी ऐन, दण्ड सजायको ४२(२) नं. ले तोकेको अवधि ७ दिनभित्र वादीले दरखास्त दिएको देखिएन । म्याद नाघेपछि परेको दरखास्तका आधारमा थुनामा राख्ने गरी आदेश गरेको पाइयो ।

लेनदेन व्यवहार प्राविधिक अर्थमा करारको कुरा नभए तापनि यसबाट एकप्रकारको करारीय दायित्व नै सिर्जना गरिएको हुन्छ । त्यसैले यस्तो विषयमा थुनामा राख्ने कुरालाई विशेष सावधानीका साथ हेरिनु पर्दछ । मुलुकी ऐन, दण्ड सजायको महलको ४२(२) नं. मा विशेष अवस्थामा ऋणको दायित्व पूरा नगर्ने ऋणीलाई थुनामा राख्न सकिने व्यवस्था

रहेको हुँदा यथास्थितिमा सो प्रावधानलाई अनदेखा गर्नु मनासिब हुँदैन । कानूनी सुधारको क्रममा उक्त प्रावधान सम्बन्धमा आवश्यक परिमार्जन होला । हाल प्रचलनमा रहेको सो ४२(२) नं. मा रहेको प्रावधानलाई तार्किकरूपमा प्रयोगमा ल्याउनु वाञ्छनीय देखिन्छ । ऐनमा नै "अघि जायजातबाट भरी पाएको ७ (सात) दिनभित्र दरखास्त दिनुपर्ने" गरी प्रष्ट र किटानी व्यवस्था रहेको कुरालाई नहेरी मिति २०७०।४।२८ मा सम्पत्ति लिलाम सकार गरी सकेपछि नपुग बिगोबापत थुनामा राख्न करिब ११ महिनापछि मिति २०७१।३।३१ मा दरखास्त दिएको देखिँदा यसलाई कानूनद्वारा निर्धारित म्यादभित्र दरखास्त दिएको मान्न मिलेन । कानूनद्वारा तोकिएको म्यादभित्र दरखास्त नपरेको स्थितिमा निवेदकलाई थुनामा राखिँदा निजको वैयक्तिक स्वतन्त्रतामा गैरकानूनी तवरबाट आघात पर्न जाने अवस्था देखिन आउने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट लेनदेन मुद्दामा वादीले फैसलाबमोजिमको बिगोबापतको प्रतिवादीका नाउँको जेथा लिलाम सकार गरी सकेपछि बाँकी बिगोबापत प्रतिवादीलाई थुनामा राख्न लामो समयसम्म दरखास्त नदिई कानूनले निर्धारण गरेको समयावधि व्यतीत गरिसकेपछि थुनामा राखि पाउँ भनी वादीले दिएको निवेदनअनुसार थुनामा राख्ने गरी मकवानपुर जिल्ला अदालतका तहसिलदारबाट मिति २०७१।४।१८ मा भएको आदेश सदर हुने गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।५।२० मा भएको आदेश तथा सो आदेश सदर हुने गरी मिति २०७१।९।२ मा भएको पुनरावेदन अदालत, हेटौंडाको आदेश र सोबमोजिम भए गरिएका कामकारवाही कानूनप्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०९३७, उत्प्रेषण / परमादेश, *साबित्री बस्नेत के.सी. समेत वि. जिल्ला प्रशासन कार्यालय, मानभवन, ललितपुरसमेत*

नेपाली नागरिकताको प्रमाणपत्र लिने साबित्री बस्नेत, बाबुको नाम लोकबहादुर के.सी., पतिको नाम पुरूषोत्तम बस्नेत, ना.प्र.नं. ८१३८१ भई मिति २०५३।३।१२ मा ललितपुर जिल्लाबाट वंशजको आधारमा यी निवेदिकाले नागरिकताको प्रमाणपत्र लिएको व्यहोरा पेस भएको नागरिकताको प्रतिलिपिबाट देखिन्छ । यस तथ्यबाट निवेदिका साबित्री बस्नेत के.सी. वंशजको आधारमा नेपाली नागरिक रहेको कुरामा विवाद रहेको नपाइने ।

ललितपुर उपमहानगरपालिका वडा नं. १५ महालक्ष्मीस्थान बस्ने साबित्री बस्नेत के.सी.को नाम थर वतन थाहा नभएको परपुरूषसँग सम्पर्क सम्बन्ध भई मिति २०४०।२।३१ मा माइतीघरमा छोरा सुमन के.सी.को जायजन्म भएको हो । निज छोराको पालन पोषण निवेदक आमाले नै गरी आएको र छोराको जन्म अगाडि र पछाडि निजको बाबुको नाम, थर र ठेगाना थाहा नभएको । मिति २०४८।८।१ मा निज साबित्रीको ललितपुर जिल्ला साबिक धापाखेल गा.वि.स. वडा नं. २ हाल ललितपुर उपमहानगरपालिका वडा नं. २३ बंगलामुखी टोल बस्ने पुरूषोत्तम बस्नेतसँग विवाह भएको हो । सोपश्चात् छोरा सुमन के.सी. हालसम्म आमासँगै बस्दै आएका छन् । सुमन के.सी.को जन्म ललितपुर उपमहानगरपालिका वडा नं. १५ मा भएको हो । निजको बाबुको नाम थर ठेगाना हालसम्म थाहा (पत्ता) नभएको हुँदा नियमानुसार जन्मदर्ता वा नेपाली नागरिकता दिने कार्यको लागि सिफारिस गरिदिए पछिसम्म फरक पर्दैन भनी निवेदकहरूको रोहवरमा सुन्दर बानियाँसमेतका मानिसहरूले मिति २०७३।१।२६ मा सर्जमिन मुचुल्का गरिदिएको देखिन्छ । यस तथ्यबाट निज साबित्री के.सी.को कोखबाटै सुमन के.सी.को जन्म भएको पुष्टि भएको पाइने ।

व्यक्तिको लागि नागरिकता महत्त्वपूर्ण हुन्छ । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास

देशको नागरिक भन्ने पहिचान गराउँदछ। नागरिक नबनीकन राजनीतिक र आर्थिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवम् आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक रहन्छ। नागरिकताको प्रमाणपत्र संविधान र कानूनले तोकेको मापदण्ड पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ। देशको नागरिकले राज्यको तर्फबाट प्राप्त गर्ने यस्तो महत्त्वपूर्ण दस्ताबेजको रूपमा रहने नागरिकताको प्रमाणपत्रबाट वञ्चित गर्ने कार्य मनासिब हुनै सक्दैन । संविधान, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानूनको मापदण्डभित्र कार्यविधि पूरा गरी यी निवेदकहरूले सुमन के.सी.लाई जन्मदर्ता गरी नागरिकता पाउन नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन गर्दा ललितपुर उपमहानगरपालिकाले सिफारिसमा रोक लगाई त्यसको परिणाम निवेदक सुमन के.सी. नागरिकताविहीन हुन पुगेको अवस्था संविधानसम्मत र कानूनसम्मत नरहने।

निवेदिका आमा साबित्री बस्नेत के.सी. वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिक भन्नेमा विवाद नभएको, निवेदक सुमन के.सी. निज साबित्री के.सी. को कोखबाट माइतीघर ललितपुर उपमहानगरपालिकामा जन्मिई बाबुको पत्ता नलागेको छोरा रहेको र हालसम्म आमासँगै रहँदै बस्दै आएको देखिएकोले "बाबुको यकिन नभएको अवस्थामा निवेदिकाले माग गरेबमोजिम छोराको जन्मदर्ता र नागरिकता सिफारिस गर्न सकिने स्पष्ट कार्यविधि नभएको हुँदा गर्न नसकिने व्यहोरा जानकारी गराउने" भनी ललितपुर उपमहानगरपालिकाले मिति २०७३।१।२८ मा गरेको आदेश उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदक सुमन के.सी.लाई आमाको नामबाट कानूनबमोजिम जन्मदर्ता गरी, नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०८०९, उत्प्रेषण, *सितीयादेवी अमातनी वि. योगेन्द्र भन्ने जोगेन्द्र मण्डलसमेत*

कुनै पनि मुद्दामा अदालतबाट अन्तिम फैसला भएपछि मात्र फैसला कार्यान्वयनको कार्य कानूनले निर्दिष्ट गरेको प्रक्रिया र पद्धतिअनुसार प्रारम्भ हुन्छ। मुद्दा फैसला हुनुभन्दा पहिला नै फैसला कार्यान्वयनको कारवाही अगाडि बढ्न सक्ने अवस्था रहँदैन। किनभने फैसला भएपछि मात्र त्यसलाई सार्थकता प्रदान गर्न फैसला कार्यान्वयनको प्रक्रिया प्रारम्भ हुने हुँदा फैसला र फैसला कार्यान्वयनको कार्य एक अर्काका परिपूरक हुन् । फैसलालाई व्यवहारिकरूपमा कार्यान्वयन गरी जीवन्तता प्रदान गर्न फैसला कार्यान्वयन गरिने।

सप्तरी जिल्ला अदालतबाट रिट निवेदकको पतिको नाम दर्ताको कि.नं. १४० को जग्गाको मिति २०६२।१०।१५ मा जायजात तायदात मुचुल्का तथा मिति २०६२।११।४ को प्रतिकङ्डा रू.१०,५००।- कायम गर्ने गरी पञ्चकिर्ते मूल्याङ्कन गरिएको लिखतमा यी रिट निवेदिका साक्षीको रूपमा रोहवरमा रहेको र निजले उक्त मुचुल्काको सम्बन्धमा प्रतिवाद गरेको देखिँदैन। प्राकृतिक न्यायको सिद्धान्तअनुसार कसैको हक हितप्रतिकूल कुनै निर्णय गर्नुभन्दा अगाडि सम्बन्धित व्यक्तिलाई प्रतिवाद गर्ने मनासिब मौका प्रदान गर्नु आवश्यक हुन्छ । प्राकृतिक न्यायको सिद्धान्त (Principles of Natural Justice) लाई न्याय प्रणालीको प्राथमिक र मूलभूत सिद्धान्तको रूपमा न्याय निरूपणको सन्दर्भमा अपनाएको पाइन्छ। यो नै स्वच्छ सुनुवाइ (Fair Trail) को मूल मर्म र आधार हुनुको साथै न्यायिक काम कारवाहीलाई स्वच्छ (Fair), निष्पक्ष (Impartial) र पारदर्शी (Transparent) बनाउने कडी पनि हो । यसभित्र

पूर्वाग्रहरहित, सक्षम र कानूनीरूपमा अख्तियारप्राप्त न्यायकर्ताबाट विवादको निरूपण गरिने तथा विवादका सबै पक्षलाई उचित र पर्याप्त सुनवाइको मौकाबाट वञ्चित नगरिनेजस्ता कुराहरू मूलभूतरूपमा आउने गर्दछन्। सुनुवाइको मौकाभित्र विवादका पक्षले आफू विरूद्ध भइरहेको न्यायिक कारवाहीको बारेमा यथासक्य छिटो र स्पष्टरूपमा सूचना (Notice) पाउने, आफ्नो कुराहरू राख्ने वा प्रतिवाद गर्न उचित र पर्याप्त अवसर पाउने, आफ्नोतर्फबाट कानून व्यवसायीमार्फत प्रतिवाद गर्ने अवसरको सुनिश्चितता तथा आधार र कारणसहितको निर्णय जस्ता विषयवस्तुहरू पर्ने।

अ.बं.२०८ नं बमोजिम पहिला बेपत्ते भएको तामेली म्याद बदर भई प्रतिवादीको प्रतिउत्तर परी सप्तरी जिल्ला अदालतबाट लेनदेन मुद्दामा वादी दाबी पुग्ने ठहरी मिति २०६४।६।२३ मा फैसला भएको छ। सो फैसला हुनुभन्दा अघि उक्त लेनदेन मुद्दामा सप्तरी जिल्ला अदालतबाट मिति २०६१।११।२७ मा फैसला गर्दा यी रिट निवेदकले मुद्दामा प्रतिवाद गर्ने मौका नै नपाई एकतर्फीरूपमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत फैसला भएको देखिँदा सो फैसला स्वतः निष्क्रिय हुने देखिन्छ। यस्तो निष्क्रिय भएको फैसला कार्यान्वयन गर्ने क्रममा मिति २०६२।१०।१५ मा जायजात तायदात मुचुल्का र मिति २०६२।११।४ मा पञ्चकृते मूल्याङ्कन भई सोही आधारमा मिति २०७०।१०।२७ मा सप्तरी जिल्ला मधवापुर गा.वि.स. वडा नं. ४ को कि.नं. १४० को ज.बि. ०-१५-२ मध्ये पूर्वतर्फबाट ज.बि. ०-९-१६ को जग्गा डाक लिलाम भई उक्त डाक लिलाम विपक्षीमध्येका धीरेन्द्रप्रसाद मण्डलले सकार गरेको देखियो। उक्त डाक सकार गरी लिएको जग्गा यी धीरेन्द्र मण्डलले र.नं. १९६८८क मिति २०७१।२।२३ को राजीनामाको लिखतद्वारा रामकुमारी देवीलाई पास गरी हस्तान्तरण गरेको देखिने।

सप्तरी जिल्ला अदालतबाट मिति २०६१।११।२७ मा भएको फैसला नै प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई प्रतिवादीले सुनुवाइको मौका प्राप्त गरी पुनः फैसला भएको स्थितिमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको फैसलाअनुसार भएको कार्यान्वयनसम्बन्धी कारवाही जायजात तायदात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कनलगायतका कार्यसमेतमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत ग्रहण परिरहने हुँदा त्यस्तो कारवाहीलाई Fair (स्वच्छ) भनी मान्न मिल्दैन। Fruit of Poisonous Tree Doctrine (विष वृक्षको फलको सिद्धान्त) अनुसार त्यस्तो कारवाही पनि स्वतः निष्क्रिय हुने।

सप्तरी जिल्ला अदालतबाट जायजात तायदातको मुचुल्का तयार गर्दा वा पञ्चकिर्ते मूल्याङ्कनमा निवेदकले आफ्नो भनाई राख्न पाउने वा प्रतिवाद गर्ने अवसर प्रदान गरी प्राकृतिक न्यायको सिद्धान्तअनुरूप उक्त मूल्याङ्कनका लिखतहरू तयार भएको देखिँदैन। निवेदकलाई प्रतिवाद गर्ने मौका नै नदिई तयार भएको मूल्याङ्कन मुचुल्काले कानूनी मान्यता र वैधता प्राप्त गर्न सक्ने अवस्था रहँदैन। साथै ९ वर्षअघि भएको फैसला कार्यान्वयनका सिलसिलामा तयार भएको पञ्चकिर्ते मूल्याङ्कनको लिखतमा निवेदिका उपस्थित भई त्यस सम्बन्धमा प्रतिवाद गरेकोसमेत देखिँदैन। यसरी निवेदकलाई रोहबरमा नराखी, प्रतिवादको मौकासमेत नदिई मिति २०६२।१०।१५ मा भएको जायजात तायदात मुचुल्का र मिति २०६२।११।४ मा भएको पञ्चकिर्ते मूल्याङ्कनका आधारमा मिति २०७०।१०।२७ मा भएको डाक लिलाम र राजीनामाको लिखतसम्बन्धी सम्पूर्ण कामकारवाहीहरू कानूनअनुरूप भएको मान्न नमिल्ने हुँदा स्वतः बदर हुने।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको जायजात तायदात मुचुल्का र पञ्चकिर्ते मूल्याङ्कनलाई मान्यता नदिई डाक लिलाम बदर गरी पुनः पञ्चकिर्ते मूल्याङ्कन गरी कानूनबमोजिम गर्नु भनी सप्तरी जिल्ला अदालतबाट मिति २०७०।१२।७ मा भएको आदेश

कानूनबमोजिम भएकोमा सो आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।२।१ मा भएको आदेश र सो आदेशलाई संशोधन गरेको मिति २०७१।२।६ को आदेश र सप्तरी जिल्ला अदालतबाट मिति २०६१।११।२७ मा भएको फैसला र सो कार्यान्वयन गर्ने क्रममा भएका लिलामसमेतका सम्पूर्ण काम कारवाहीहरू स्वतः निष्क्रिय भई बदर हुने ठहर्छ। लिलामसमेतका सम्पूर्ण कारवाहीहरू बदर हुने ठहरेकोमा त्यस्तो गैरकानूनी लिलामबाट प्राप्त गरी र.नं. १९६८८क मिति २०७१।२।२२ को राजीनामाबाट भएको हक हस्तान्तरणसमेतको कार्य दुषित भई कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७३ साल मंसिर २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CI-१०९७, जग्गा हक कायम, दर्ता बदर र दर्ता, *जय किशोर सिंह वि. इलाका प्रहरी कार्यालय, बुटवल*

विवादित जग्गा बिगाहा ०-०-२$^{1/2}$ को जग्गासमेत पहिलादेखि नै आफ्नै क्षेत्रफलभित्रको भई दर्ता भोगचलनमा रहेको भए इलाका प्रहरी कार्यालयले सोमा यी पुनरावेदक वादीका पतिलाई घर बनाउन नदिनु पर्ने वा बनेको घरसमेत उठाई वा भत्काई पाउँ भनी दाबी गर्न सक्नुपर्नेमा सो गरेको पनि देखिँदैन। त्यस्तै प्रस्तुत मुद्दामा उक्त जग्गा आफ्नै नामको आफैँले पाउनुपर्ने जग्गा भएको भए प्रमाणसहित प्रतिउत्तर फिराउन सक्नुपर्नेमा प्रतिवादी प्रतिउत्तर नै नफिराई बसेको अवस्थाबाट उल्लिखित क्षेत्रफलको जग्गामा प्रतिवादीको हक रहेको भन्न सकिने देखिँदैन। यस्तो अवस्थामा वादीले दाबी गरेको क्षेत्रफलको जग्गा प्रतिवादीको जग्गाभित्र घुसी प्रतिवादीको नाममा दर्ता भएको नै देखिन आउने।

विवादित जग्गा यी वादीको नाममा निजका पतिको मृत्युपछि मिति २०५७।११।१२ मा यी वादीले मालपोत कार्यालयमा निवेदन दिएपछि मात्र निजको नाममा दर्ता हुन आएको देखिन्छ। प्रत्यर्थी प्रतिवादीले उक्त जग्गा आफूले कब्जा गरी कुनै संरचना बनाएको र वादीको कब्जाबाट वा सोमा बनेको घर हटाउने प्रयास गरेको पनि देखिँदैन। वादीले प्रत्यर्थी प्रतिवादीको नाममा दर्ता भएको थाहा पाउने कुनै अवस्था नरही अनवरतरूपमा आफैँले भोगचलन गर्दै आएको देखिन्छ। पछि ३ नं. नापी गोश्वाराअन्तर्गतको १ नं. नापी टोलीले प्रतिवादीको नाममा नापनक्सा गरी प्रकाशित गरेको सूचनाको म्याद दिन ७ भित्रै निवेदन दिएको र सो निवेदनमा कारवाही भई प्रतिवादीको नाममा नै दर्ता हुने गरी भएको निर्णय पर्चा मिति २०६२।२।९ मा सारी सो निर्णयका बारेमा र सो जग्गा २०४२ सालमा नै कि.नं. १४ भित्र घुसाई विपक्षीको नाममा दर्ता गराई हाल कि.नं. ६४ भित्र घुसाई दर्ता गराएको थाहा पाई मिति २०६२।३।२६ मा सुरू अदालतमा फिराद दिएको पाइएकोबाट सो फिराद दर्ता जग्गा पजनीको महलको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. बमोजिमको हदम्यादभित्र नै भएको पाइएको छ। वादीले प्रतिवादीको नाममा दर्ता भएको कुनै थाहा नपाई आफैँ भोगचलन गर्दै आएको र यी प्रत्यर्थीले पनि आफ्नो नाममा दर्ता भएकोले जग्गा छोड्नु पर्नेजस्तो कुनै प्रतिक्रिया नदेखाएको अवस्थामा थाहा नदिई विपक्षीको नाममा दर्ता भएको अगाडिदेखिको समयलाई गणना गरी हदम्याद नाघेको भनी अर्थ गर्न मिल्ने नदेखिने।

अत: उल्लिखित आधार प्रमाणहरूबाट इलाका प्रहरी कार्यालय, बुटवलको नाममा नापी दर्ता भएको कि.नं. ६४ को जग्गामध्ये ०-०- २$^{1/2}$ जग्गा यी वादीको हो भन्ने देखिन नआएको ठहर्‍याई मिति २०६३।११।९ मा रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६४।५।९ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई उक्त कि.नं. ६४ को जग्गामध्येको ०-०-२$^{1/2}$ जग्गा अर्थात् त्यसको हुने वर्गमिटर ४२.३३ जग्गासम्ममा प्रतिवादीको नामको दर्ता बदर भई सोमा यी वादी तेजलक्ष्मी सिंहको हक

कायम भई निजको नाममा दर्तासमेत हुने।
इजलास अधिकृत: यदुराज शर्मा
इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०६६-CI-१०९८, जग्गा हक कायम, दर्ता बदर दर्ता, *जयकिशोर सिंहसमेत वि. इलाका प्रहरी कार्यालय, बुटवलसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१२१०, लिखत दर्ता बदर दर्ता, *योगेन्द्र यादव वि. धर्मनाथ यादवसमेत*

मुलुकी ऐनको अंशबन्डाको १९(१) मा आफूखुस गर्न पाउनेसम्बन्धी गरेको व्यवस्था र लेनदेन व्यवहारको १० नं. ले आफूखुस गर्न पाउने भनी भएको कानूनी व्यवस्थाहरूको एक आपसमा सामञ्जस्य छ छैन भनी विचार गर्नुपर्ने हुन्छ। आफूखुस गर्न पाउने भनी लेनदेन व्यवहारको १० नं. ले गरेको व्यवस्थाले अंशबन्डाको १९(१) मा रहेको आफूखुस गर्न पाउने भनी गरेको व्यवस्थालाई सिमा निर्धारण गरेको, नियन्त्रण गरेको भन्ने देखिँदैन । अतः १० नं. ले आफूखुस गर्न पाउने भनी गरेको व्यवस्था १९(१) सँग सार्थक सम्बन्ध रहेको हुँदा घर व्यवहार सञ्चालन गर्न अचल सम्पत्ति बिक्री गरेको अवस्थामा सो १९(१) ले सुविधा प्रदान गरेको कानूनी व्यवस्थाले नै प्राथमिकता पाउने स्पष्ट भएको छ। सो १९(१) को कानूनी व्यवस्था हेर्दा आधाभन्दा बढी पैतृक सम्पत्ति घर व्यवहार चलाउनै परे पनि २१ वर्ष नाघेका स्वास्नी छोरा अविवाहिता छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न मिल्ने देखिने।

फिरादीहरू वर्ष १६ को धर्मनाथ राय र वर्ष १४ को विक्रम राय जग्गा बेच्ने जयनारायणको छोराहरू भएको र उक्त कानूनी अवस्थाअनुसार आधीभन्दा बढी जग्गाको घर व्यवहार चलाउन घरको मुख्य मान्छेले नाबालक उमेरका छोराहरूको मन्जुर लिन पर्ने बाध्यात्मक कानूनी व्यवस्था देखिएन। आधीभन्दा बढी जग्गा घर व्यवहार चलाउन पर्ने मुख्य व्यक्तिले बिक्री गर्दा नाबालकसँग सहमति लिन पर्ने मन्जुरी लिन पर्ने अवस्थै रहँदैन। कानूनले नै २१ वर्ष नाघेको भन्ने सिमा राखेको हुँदा सो उमेरभन्दा कम उमेर भएकासँग मन्जुरी लिन पर्ने नदेखिने।

प्रतिवादी जयनारायणको चुक्ता गर्नुपर्ने ऋणबापत पुनरावेदकले चेकमार्फत नै रकम भुक्तानी गरी जग्गा फुकुवा गरी राजीनामा गरेको हुँदा सो व्यवहार घर व्यवहार चलाउनकै लागि घर खर्चकै रूपमा प्रयोग गरेको पनि देखियो। कि.नं. १७६ को जग्गाको आधी जग्गा घर व्यवहार चलाउन बिक्री गरेको हुँदा सोअनुसार आधी जग्गाको लिखत सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला सो हदसम्म मिलेकै छ। आधीभन्दा बढी जग्गा घर व्यवहार चलाउन परेमा वादी २१ वर्ष नपुगेको धर्मनाथ र विक्रमको मन्जुर नै लिन नपरी व्यवहार चलाउन बिक्री गर्न सक्ने नै देखिने।

तसर्थ आधी जग्गामध्ये प्रत्यर्थी उर्मिला भन्ने प्रमिलाको हकमासम्म बदर गर्न पर्नेमा उमेर नपुगेका धर्मनाथ र विक्रमको हकमा समेत बदर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।३।१४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई कि.नं. १७६ को ज.वि. ०-१६-११ मध्ये आधी जग्गा बिक्री गरेको लिखत सदर भई सो सदर भएको आधीबाहेक गरी बाँकी रहने आधी क्षेत्रफल ०-८-५$^{१}/_{२}$ जग्गामध्ये २ भाग २१ वर्ष उमेर नपुगेको छोराहरू धर्मनाथ र विक्रमको हकमा समेत बिक्री गरेको अंशबन्डाको १९(१) अनुसार सदर हुने देखियो। अतः उक्तअनुसार क्षेत्रफल ०-८-५$^{१}/_{२}$ मध्ये वादी उर्मिला देवी भन्ने प्रमिला देवीको हकमा सम्म ४ भागको १ भाग दाबीबमोजिम पश्चिमतर्फबाट लिखत बदर हुने र वादीहरू धर्मनाथ र विक्रमको वादी दाबी नपुग्ने।
इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०३१६, भ्रष्टाचार (रिसवत), *सुरेशकुमार संग्रौलासमेत वि. नेपाल सरकार*

एउटै रकम फरक फरक व्यक्तिले ल्याएर फिर्ता गरेको भनी फरक फरक तथ्य निजहरूले बकपत्र गर्दा लेखाएको देखियो । सो हुँदा यी प्रतिवादीहरूले कैदीहरूबाट उठाएको रकम नै भरपाई गराई फिर्ता गराएको हो भन्ने तथ्य विश्वासयोग्य मान्न नसकिने ।

केवल छानबिन समितिसमक्ष मात्र रकम असुल गरेको स्वीकारेको भए पनि सो बयानलाई प्रतिवादीहरूले आफूहरूले सहजरूपमा गरेको नभई दबाबमा गरेको भनी छानबिन समितिसमक्ष गरेको बयानमा लेखिएको कुरालाई इन्कार गरी अख्तियारका अनुसन्धान अधिकारीसमक्ष र सुरू विशेष अदालतसमक्ष बयान गरेको पाइयो । प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को देहाय (क)(२) को स्थितिमा पारी गरिएको बयानलाई प्रमाणयोग्य मान्न सकिँदैन । सो हुँदा प्रतिवादीहरूले छानबिन समितिसमक्ष गरेको बयानलाई आधार बनाई अभियोग प्रमाणित गरी सजाय गर्नु युक्तिसङ्गत नहुने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीहरूलाई अभियोग लगाउँदा कुनै वस्तुनिष्ठ प्रमाणभन्दा पनि केवल छानबिन समितिको प्रतिवेदनलाई मात्र आधार लिई मुद्दा चलाएको अवस्था देखियो । प्रतिवादीहरूले रकम लिएको र सो रकम प्रतिवादीहरूबाट नै फिर्ता गरिएको हो भन्ने तथ्य शङ्कारहित किसिमबाट पुष्टि हुन सकेको देखिँदैन । भ्रष्टाचार जस्तो नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन त्यसलाई शङ्कारहित किसिमबाट पुष्टि गर्नुपर्ने हुन्छ । आरोप लगाउनु मात्र पर्याप्त हुँदैन आरोप पुष्टि हुन स्वतन्त्र प्रमाणको समेत आवश्यकता पर्दछ । प्रत्यक्ष प्रमाणहरूको अभावमा मुद्दा दायर गरी कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिने ।

तसर्थ यी प्रतिवादीहरूउपर लगाइएको आरोप स्वतन्त्ररूपमा प्रमाणित हुन सकेको नदेखिँदा प्रतिवादीहरूलाई जनही तीन महिना कैद सजाय हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६८।३।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरू सुरेशकुमार संग्रौला र विजेन्द्र श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

यसै लगाउको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ :

- ०७०-WO-०५९८, उत्प्रेषण, *सुरेशकुमार संग्रौला वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*
- ०७०-WO-०५९९, उत्प्रेषण / परमादेश, *सुरेशकुमार संग्रौला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-०७०६, उत्प्रेषण, *श्यामकृष्ण शाह वि. राजनकुमार अमात्यसमेत*

Justice delayed is justice denied भन्ने धेरै पुरानो न्यायको मान्य सिद्धान्त हो । न्याय ढिलो हुनु हुँदैन न्याय ढिलो हुँदा मुद्दाको पक्षहरूले न्याय प्राप्त गर्न सक्दैनन् र न्याय पाइहाले पनि ठूलो खर्च र ठूलो कष्टका साथ मात्र न्याय प्राप्त हुन जान्छ । न्याय छिटो, छरितो र सुलभ हुनुपर्दछ र अदालतसमेत सो विषयमा गम्भीर रहेको छ । छिटो न्याय पाउनु नागरिकको अधिकार हो भने छिटो न्याय प्रदान गर्नु राज्यको कर्तव्य हो । न्याय पाउने भन्नाले अदालतले "वादी दाबीबमोजिम भराई लिन पाउने ठहर्छ वा वादी दाबी पुग्ने ठहर्छ" भनी फैसला

गर्ने मात्र होइन । अदालतले आफूले गरेको फैसला सजिलोसँग कार्यान्वयन पनि गरी दिनुपर्छ । फैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको उद्देश्य हुनु पर्दछ । मुद्दा जित्ने पक्षको चाहना, आकांक्षा र उद्देश्य नै यही हो । मुद्दा हार्ने पक्षले पनि अदालतको फैसलालाई सम्मान गरी त्यसको कार्यान्वयनमा सहयोग गर्नुपर्ने ।

सुरू जिल्ला अदालतले आफैँ आफ्नो आदेश सदर गर्ने पुन: केही समयपश्चात् सोही आदेश बदर गरेको देखियो । साथै जुन बिगोबापत कैदमा राख्ने गरी आदेश भएको हो सो बिगो नै दाखिला भइसकेको देखिँदा २०६५।२।३० मा थुनामा राख्ने गरी भएको आदेश बदर गरिदिएको छ भनी मिति २०६६।९।९ मा पुनरावेदन अदालतबाट आदेश भएको पाइन्छ । के कुन कानूनी आधारमा पुर्व आदेश बदर गर्नु परेको हो सो भने उक्त आदेशमा खुलाएको नपाइने ।

सर्लाही तहसिलबाट भएको पञ्चकिर्ते मूल्याङ्कनलाई जिल्ला न्यायाधीशले सदर गरी त्यसलाई पुनरावेदन अदालत, जनकपुरले पनि सदर गरी भएको आदेशानुसार गरिएको घरजग्गाको लिलाम प्रक्रिया एवम् चलनपुर्जीसमेतलाई मिति २०६५।८।१३, २०६६।९।९, २०६६।१२।२६, २०६७।९।२ का जिल्ला तथा पुनरावेदन अदालतका आदेशले धेरै समयपश्चात् बदर गरेको देखिन्छ । पुनरावेदन अदालत, जनकपुरले मिति २०६६।९।९, २०६७।९।२ मा समेत आदेश गर्दा सर्लाही तहसिल एवम् अदालतबाट भएको आदेश प्रक्रियागत त्रुटि भए नभएको सम्बन्धमा हेर्न सक्ने अ.बं. १७ नं. ले तोकेको क्षेत्राधिकारभन्दा बाहिर गई गरेको देखिन आउने ।

एउटै अदालतबाट भएको आदेशलाई नयाँ घटनाक्रम विकास भएर थप तथ्य सिर्जना नभएसम्म सोही अदालत र समान अधिकारक्षेत्र भएको इजलासले बदर गर्न सक्ने अवस्था हुँदैन । समान इजलासले गरेको प्रक्रियागत आदेश अर्को इजलासले मान्नु नपर्ने वा पहिलेको आफ्नो आदेश आफैँले वा समानस्तरको अर्को इजलासले बदर गरी अर्को आदेश गर्दै जाने अधिकार सो अदालत वा इजलासलाई प्राप्त छैन । यस्तो आत्मनिष्ठ प्रकृतिका आदेश गर्ने छुट दिने हो भने फैसला वा आदेशको अन्तिमताको सिद्धान्तको कुनै अर्थ नरहने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले आफूले लिए खाएको ऋण अदालतको फैसलाबाट तिर्नुपर्ने ठहर भई कार्यान्वयनको रोहमा अदालतसमक्ष प्रस्तुत हुँदासमेत अदालतलाई सहयोग नगरी वादीलाई सम्भव भएसम्म अलमल्याउन खोजेको अनुभूति हुन्छ । न्याय सम्पादनको रोहमा यस्तो प्रवृत्तिलाई कदाचित मान्यता दिन सकिँदैन । मुद्दाले अन्तिमता पाइसकेपछि न्याय व्यवस्थाप्रति सम्मान राखी प्रतिवादी आफैँ स्व:स्फूर्तरूपमा अग्रसर भई बिगो बुझाउनु पर्नेमा विभिन्न अड्चन झिकी फैसला कार्यान्वयनमा अवरोध गर्ने कार्य विरूद्ध शुन्य सहनशीलता अपनाउनु न्यायको रोहमा वान्छनिय देखिने ।

माथि विवेचित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तसमेतका आधार र कारणबाट सर्लाही जिल्ला अदालतको मिति २०६५।८।१३, २०६६।१२।२६ र पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।९।९ र २०६७।९।२ का विवादित आदेशहरू न्याय तथा कानूनसम्मत नभई त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । रिट निवेदक वादी श्यामकृष्ण साहले जिल्ला अदालतमा फैसला कार्यान्वयनका सन्दर्भमा बाँकी बिगोबापत थुनामा राखिपाउँ भनी दायर गरेको दरखास्तको बाँकी कारवाही यथाशीघ्र पूरा गर्नु भनी सर्लाही जिल्ला अदालतको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम् ।

- यसै लगाउको ०६७-WO-०८८६, उत्प्रेषण, *राजकुमार अमात्य वि. श्यामकृष्ण शाहसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ ।

**इजलास नं. १७**

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७३-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *थोमस एरेन्सनट्रप (Thomas Aarenstrup) वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

फैसलाले थुना कैदबाट छुटेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ भन्ने देखियो । कैद ठेक्दा सबै मुद्दाको विवरण कैद ठेक्ने किताबमा खुलाई सबैभन्दा ठूलो कलमको कैद र जरिवानाको मात्र कैद ठेक्नुपर्छ भनी कार्यविधिगत प्रक्रियाको बारेमा स्पष्ट पारेको पाइन्छ । मुलुकी ऐन, दण्ड सजायको ४१ नं. अनुसार निवेदक प्रतिवादीलाई सजाय भएका मुद्दा पेटबोलीमा खुलाई एउटै कैदी पुर्जीमा पृथकपृथक गरी कैद गरेको अवस्था देखियो । कानूनले निर्धारण गरेको सजायको ठूलो हद २ वर्षभन्दा बढी निवेदकलाई कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन । कानूनको शासनमा जस्तोसुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नुपर्दछ । धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेकोभन्दा बढी अवधि कैदमा रहने अवस्था सिर्जना हुनु न्यायोचित नहुने ।

दण्ड सजायको १० नं. ले पनि एउटै मुद्दामा छुट्टाछुट्टै ऐन लगाई सजायको पटक खापी सजाय गर्नुपर्ने भएमा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले गरेको मात्र सजाय गर्नुपर्छ । अरू ऐनको खत खाप्न हुँदैन । जरिवानाको र कैदको सजाय हुनेमा दुवै कलमको ठूलो सजायको मात्र दुवै कुराको सजाय गर्नुपर्छ । एकै कागजको मुद्दा भएपनि नभए पनि सर्वस्वाभएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिँदैन भन्ने उक्त दण्ड सजायको १० नं. ले व्यवस्था गरेको पाइन्छ । अपराधीलाई कैदमा राखी दण्ड दिनुको उद्देश्य निजलाई पुन: अपराध गर्नबाट रोक्ने, आफूबाट भएका अपराधको पश्चाताप गराउने, आफ्नो गलत कार्य स्मरण गर्दै भावी दिनमा अपराध नगर्ने सज्जन भई सभ्य समाजमा बस्न योग्य बनाउनु पनि हो । निवेदकलाई ठहर भएको कसुरमा दुई वर्ष कैदको अवधि ठूलो कैदको अवधि हुने र दुई वर्षभन्दा बढी कैदमा राख्न मिल्ने अवस्था देखिँदैन । कानूनको यस मर्मलाई ध्यान नदिई निवेदक प्रतिवादीलाई एउटै मुद्दामा भएको दुई वर्ष कैदको सजायलाई वास्ता नगरी सोही मुद्दामा ६ महिना सजाय ठहर भएको कैदसमेत जोडी कैदमा राख्न पठाएको विपक्षीको कार्य कानूनी र न्यायोचित रहेको नदेखिने ।

तसर्थ, निवेदक डेनिस नागरिक थोमस आरेन्सट्रप (Thomas Aarenstrup) लागु औषधसहित मिति २०७१/४/१६ मा पक्राउ परेकोमा निजउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (घ) (३) र दफा १४(१) (झ) समेतको अभियोग लागी मुद्दा पेस भएकोमा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।९।३ मा फैसला हुँदा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) (घ) (३) बमोजिम ६ महिना कैद र दुई हजार रूपैयाँ जरिवाना र सोही ऐनको दफा १४(१) (झ) बमोजिम २ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहरेको र सोही इन्साफ पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।८।८ मा सदर भई अन्तिम भइरहेको देखियो । मुलुकी ऐन, दण्ड सजायको १० नं. र ४१ नं. को व्यवस्थाबाट एकै कागजको मुद्दामा ठूलो कैदमा सानो कैद गाभिने हुँदा कैदको हकमा दुई वर्ष मात्र कैदको लगत कायम गर्नुपर्नेमा जिल्ला अदालतको फैसलाको तपसिल खण्डमा दुई वर्ष ६ महिना कैद उल्लेख गरी सोहीबमोजिम कैदको लगत कायम गरेको सो मिलेको देखिएन । तर निवेदकले जरिवानाबापतको रकम बुझाउन बाँकी देखिँदा हाल निज गैरकानूनी थुनामा रहेको भन्न नमिलेकोबाट मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था भएन । निवेदकले अन्य उपयुक्त आज्ञा

आदेश वा पुर्जीको समेत माग गरेकोले माथि उल्लेख भएबमोजिम कैदको हकमा दुई वर्ष कैदको लगत कायम गर्न जरिवानाको हकमा फैसलाले लागेको जरिवाना निवेदकले बुझाएमा र निजलाई निवेदनमा उल्लिखित लागु औषध मुद्दाबाहेक अन्य मुद्दामा थुनामा राख्नु पर्ने रहेनछ भने उक्त जरिवाना तिरेपछि थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०२०५, परमादेश, *चार्ल्स गुरूमुख शोभराज वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राज्यको आदेश वा निर्णयका कारण बन्दी जीवन बिताउन बाध्य रहेका व्यक्तिहरूको जीवन स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ । यो उसको संवैधानिक दायित्व हो । बन्दी अवस्थामा रहेको कारण सम्मानपूर्ण बाँच्न पाउने संविधानप्रदत्त हक समाप्त हुँदैन। ऊ स्वदेशी वा विदेशी नागरिक हो भन्ने कुरा यस सन्दर्भमा सर्वथा निरर्थक रहन्छ । लिखित जवाफमा समानताको हकतर्फ ध्यान गएको तर सम्मानपूर्वक बाँच्न पाउने हकतर्फ विपक्षीहरूको ध्यान गएको नदेखिने।

कैदी बन्दीहरूको हकमा उसको सबैभन्दा महत्त्वपूर्ण हक उसको शारीरिक तथा मानसिक अखण्डता हो । कारागारभित्र प्रदान गरिने सुविधाहरूबाट यस्तो अखण्डता कायम नरहने स्थिति हरहालतमा बन्नु हुँदैन। यस्तो हुन्छ भन्ने मात्र कुराले राज्य रहनुको अस्तित्वमा समेत प्रश्नचिह्न उब्जन जान्छ । बन्दी बनाएका व्यक्तिहरूको जीवन र स्वास्थ्यको रक्षासम्म गर्न सक्दैन भने त्यो राज्यले अरू के नै कुरा गर्न सक्छ भन्ने कुरा पनि उब्जन पुग्छ। यहाँ निवेदकले यातना र क्रूर तथा अमानवीय व्यवहार विरूद्धको हकको पनि जिकिर गरेको पाइन्छ। जीवन धान्न र स्वस्थ रहन पुग्ने रासन उपलब्ध नहुँदा त्यस्तो व्यवहार गरिएको भन्ने आरोप पनि नआउने होइन । यसतर्फ पनि विपक्षीहरू सचेत रहेको नपाइने।

निवेदकले कारागारमा प्रदान गरिएको सुविधाको कुरा उठाएका छन् ती केवल निजी सरोकारको विषय मात्र होइनन्। प्रस्तुत मिसिलमा नै केन्द्रिय कारागारमा रहेका १५८२ जना कैदी बन्दीहरूले सही गरी न्यायको पुकारा गरी यस अदालतमा निवेदन पठाएकोले समेत एउटा विदेशी नागरिकले निवेदन पठाएको भनी त्यसलाई अस्विकार गर्न मिल्ने देखिँदैन । २०६३ सालमा तय गरेको सिधा र रकमको व्यवस्था प्रस्तुत निवेदनको सुनुवाई हुँदासम्म पनि पुनरावलोकन नभएको स्थितिमा निवेदकको मागलाई उपेक्षा गर्न मिल्ने नदेखिने।

कैदी बन्दीहरूको २०६३ सालदेखि यथावत् रहेको सिधा तथा सुविधामा समयसापेक्ष पुनरावलोकन गरिनु न्यायको दृष्टिबाट पनि आवश्यक देखियो। कैदी बन्दीले पाउने सुविधा र सुरक्षाकर्मीहरूले पाउने सुविधा समान नहुन सक्ला तर यो सम्मानपूर्वक बाँच्न पाउने हकको प्रतिकूल हुन भने सक्दैन। यसतर्फ सम्बन्धित निकायहरूको दृष्टि पुग्न सकेको नपाइने।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा "स्रोत र साधनले भ्याए सिधा खर्चमा क्रमश: बढाउँदै लगिने" भन्ने जुन कुरा परेको छ त्यसले विषयवस्तुको गाम्भिर्यतालाई अस्वीकार गर्न खोजेको त छँदै छ यस्तो तर्क गर्दा आधारभूत मानवअधिकारद्धारा सृजित दायित्वलाई राज्यले बुझ्न नसकेको प्रतित हुन्छ । जीवन र स्वास्थ्य जस्ता मानव अधिकारहरू स्रोतसाधनको उपलब्धतासँग जोडिने विषयहरू होइनन् । मानव अधिकारका पक्ष राष्ट्रहरू आधारभूत मानव अधिकार पालन गर्न बाध्य छन्। मुलुकको विकास वा स्रोतसाधन उपलब्ध हुन नसकेको कुरा देखाई तत्कालै पूरा गर्नुपर्ने दायित्वबाट उम्कन वा क्रमशः पूरा गर्दै जान्छु भन्न पाउँदैनन् । तसर्थ कैदी बन्दीको सन्दर्भमा विपक्षी

मन्त्रिपरिषद् कार्यालयद्वारा गरिएको जिकिर संविधान र मानवअधिकार महासन्धिहरूको मर्म र भावनाअनुरूप नदेखिने।

कैदी बन्दी र आश्रितले पाउनुपर्ने सुविधाको बारेमा यति भनेर अब अदालतले सो सुविधा यति नै हुनुपर्छ भनी भन्न उपयुक्त हुन्छ वा हुन्न भन्नेतर्फ हेर्दा कैदीबन्दीले तथा आश्रितले के कति सिधा पाउँदा उनीहरूको जीवन र स्वास्थ्य रक्षा हुनसक्छ भन्नेबारे यकिनरूपमा निर्णय निष्कर्षमा पुग्न आर्थिक, सामाजिक र स्वास्थ्यसम्बन्धी केही तथ्याङ्कहरूको जरूरत पर्दछ । एकपटक सो सुविधाहरूको पुनरावलोकन गरेपछि रकमको हकमा मुद्रास्फिर्तिसँग समयसमयमा कसरी समायोजन गर्ने भन्ने पनि प्रश्न यस साथै उठ्छ। यी तथ्याङ्कहरू वा यसबारे यो यस्तो मापदण्ड अपनाइनु उपयुक्त हुन्छ भन्नेबारेमा रिट निवेदनमा कुनै कुरा सुझाइएको पनि देखिएन। विषयवस्तुको प्रकृतिबाट पनि यी कुराहरू कार्यपालिकिय प्रकृतिको देखिँदा माथि उल्लेख भएका समस्त कुराहरू र कैदी तथा बन्दीहरू विषयमा अपनाउनुपर्ने संयुक्त राष्ट्रसंघीय न्यूनतम नियमहरूको (UN Standard Minimum Rules for the Treatment of Prisoners) नियम २०(१) मा उल्लिखित कुराहरूलाई समेत मध्यनजर गर्दै सिधा र सुविधाहरूको पुनरावलोकन गर्नुपर्ने देखिएकोबाट सोबमोजिम गर्नु भन्नु नै पर्याप्त हुने।

नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धिहरू र विशेषतः नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १०(१) ले स्वतन्त्रता गुमाएका व्यक्तिहरूलाई मानवोचित व्यवहार गर्नुपर्ने दायित्व राज्यलाई सुम्पेको पाइन्छ । आधारभूत मानव अधिकारहरू हरेक अवस्थाका व्यक्तिहरूलाई प्रत्याभूत गरिएका अधिकारहरू हुन्। थुना वा कैदको अवस्थामा रहेका व्यक्तिहरूलाई ती अधिकारहरू उपलब्ध छैनन् भन्ने हुँदैन। यस दृष्टिबाट हेर्दा कैदी, बन्दी र आश्रितहरूको निम्ति २०६३ सालमा तय भएको चामल र पाउने रकमको पुनरावलोकन हुनु वाञ्छनीय देखिन्छ। तसर्थ राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, संसदीय समितिको निर्देशन तथा कारागार व्यवस्थापन विभागको प्रतिवेदनसमेतलाई मध्यनजर गर्दै थुनुवा कैदी र आश्रितसमेतको जीवन तथा स्वास्थ्यको न्यूनतम आवश्यकता पूर्ति हुने गरी सिधाको चामलको परिमाण र निजहरूले पाउने रकम वृद्धि गर्नु भनी राष्ट्रिय मानव अधिकार आयोगबाहेकका अन्य विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

३

**मा.न्या.डा. आनन्द मोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-००८४, परमादेश, *केशव बराल वि. त्रिभुवन विश्वविद्यालय, काठमाडौंसमेत*

जहाँसम्म परीक्षा नियन्त्रण कार्यालयबाट २०६६ सालमा शिक्षातर्फको स्नातक तहको परीक्षामा केही विद्यार्थीहरू निष्काशन गरेको भन्ने कुरा छ। त्यसरी निष्काशित विद्यार्थीमध्ये यी निवेदक पनि हुन् भन्ने लिखित जवाफबाट पुष्टि हुन सकेको पाइँदैन र सो कुरा पुष्टि हुने कुनै प्रमाण लिखित जवाफमा पेस गर्न सकेको नदेखिने।

निवेदक जुन क्याम्पसको विद्यार्थी रहेको छ सो क्याम्पसले निजको चरित्र वा आचरणमा कुनै दाग रहेको नभनी नियमित र अनुशासित विद्यार्थी हो भनी लिखित जवाफ व्यहोरामा उल्लेख गरेबाट निजको चरित्रमा गुनासो रहेको भन्ने अवस्था पनि देखिएन। निवेदकले २०६६ सालको परीक्षामा अनियमित कार्य गरी निष्काशन गरेको भए पछिल्ला वर्षका परीक्षाहरूमा सम्मिलित नगराउनु पर्ने हो, सो भए गरेको भन्ने पनि नदेखिने।

तसर्थ परीक्षा नियन्त्रण कार्यालयद्वारा सञ्चालित परीक्षामा सम्मिलित भई उत्तीर्ण भनी

मार्कसिट जारी गरेपश्चात् विद्यार्थीको ट्रान्सक्रिप्ट रोक्न पाउने अधिकार परीक्षा नियन्त्रण कार्यालयलाई नहुँदा यी रिट निवेदक केशव बराललाई मागबमोजिम ट्रान्सक्रिप्ट उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम् ।

## इजलास नं. १८

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-०४८३, उत्प्रेषण / परमादेश, *नरेश चौधरी वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकले नियुक्ति पाएको महाप्रबन्धक पदको पदावधि ग्रामीण आवास कम्पनी लि. को कर्मचारी सेवा सर्त विनियमावली, २०४९ लगायत अन्य प्रचलित कानूनले निर्धारण गरेको पद नभई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नियुक्त भएको र निजको नियुक्ति पत्रमा बढीमा चार वर्ष भनी नियुक्त गरेको देखिन आयो । ग्रामीण आवास कम्पनी लि. को कर्मचारी सेवा सर्त विनियमावली, २०४९ को विनियम २.१.१ को कानूनी व्यवस्थाअनुसार आवास कम्पनीको महाप्रबन्धक नियुक्ति गर्ने अधिकार नेपाल सरकारको भएको कुरामा कुनै विवाद देखिँदैन । महाप्रबन्धक पद सिर्जना गर्ने ग्रामीण आवास कम्पनी लि. को कर्मचारी सेवा सर्त विनियमावली, २०४९ ले महाप्रबन्धकको निश्चित पदावधि तोकिएको देखिँदैन । अध्यक्ष र महाप्रबन्धकको नियुक्ति सम्बन्धमा उक्त विनियमावली, २०४९ को विनियम २.१.१ ले नेपाल सरकारले चाहेको बखत महाप्रबन्धकलाई हटाउन नपाउने गरी कुनै पनि कानूनी व्यवस्थाले रोक लगाएको देखिँदैन । साथै यी रिट निवेदकलाई च.नं. ७४१, मिति २०६८।२।१३ मा दिएको नियुक्तिपत्रमा समेत निजको पदावधि बढीमा चार वर्षका लागि भनी तोकिएको र निवेदकले सोही नियुक्तिको सर्तलाई स्वीकार गरी पदभार ग्रहण गरेको पाइन्छ । यसरी रिट निवेदकले आफ्नो अधिकारको स्रोतको रूपमा दाबी गरेको कानूनमा निजको सेवाको सुरक्षाको प्रत्याभूति नभएको र नियुक्ति पत्रमा निजको पदावधि बढीमा चार वर्ष भनी किटिएको अवस्थामा नियुक्ति गर्ने अधिकार पाएको अधिकारी वा निकायले त्यस्तो पदमा नियुक्त पदाधिकारीलाई जुनसुकै बखत हटाउन, पदमुक्त गर्न सक्ने अधिकार नियुक्ति कर्तामा स्वतः अन्तर्निहित हुने भन्नेबारेमा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६ मा भए गरिएको व्यवस्था निवेदकको हकमा आकर्षित हुने नै देखिने ।

रिट निवेदक नियुक्ति भएको महाप्रबन्धकको पद ग्रामीण आवास कम्पनी लि. को कर्मचारी सेवासर्त विनियमावली, २०४९ को विनियम २.१.१ अनुसार सिर्जना गरेको पद हो भन्ने कुरा निर्विवाद भएको र उक्त विनियममा महाप्रबन्धकको पदावधि किटान नभएको र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नियुक्त भएको पद भएको हुँदा महाप्रबन्धकको पदावधिको सम्बन्धमा नियुक्ति पत्रमा बढीमा चार वर्षको लागि भनी उल्लेख भएको देखिँदा नियुक्त गर्ने निकायबाट हटाउन सक्ने नै देखिँदा नेपाल सरकार मन्त्रिपरिषद्बाट हटाउन मिल्ने होइन भन्ने निवेदक दाबीलाई कानूनसम्मत नै हो भनी मान्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट यी रिट निवेदकलाई ग्रामीण आवास कम्पनी लि. को महाप्रबन्धक पदबाट मुक्त गरी रिक्त उक्त पदमा देवेन्द्रकुमार यादवलाई नियुक्त गर्ने गरी मिति २०६८।८।१२ मा नेपाल सरकार (मन्त्रीस्तर) बाट भएको निर्णय कानूनसम्मत नै रहेको देखिँदा रिट निवेदन दाबीअनुसारको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-०३२९, उत्प्रेषण / परमादेश, *पन्नेलाल चौधरी वि. निजामती किताबखाना, हरिहरभवन ललितपुरसमेत*

निवेदकको सरूवा भई कार्यरत् रहेको कार्यालयको रेकर्ड, जन्म मिति यकिन हुनेसमेतका अन्य विवरण कागजातहरू समेतको अभिलेख निजामती किताबखानामा रहने र अवकाशसम्बन्धी पूर्वसूचना दिने कार्य उक्त निकायको दायित्वभित्र नै पर्नेमा विवाद देखिँदैन । निवेदकको उमेर सम्बन्धमा व्यक्तिगत विवरण फारामलगायतका अभिलेखमा कुनै विवाद नदेखिएको अवस्थामा नेपाल स्वास्थ्य सेवा ऐन नियममा भएको व्यवस्थाअनुसार अवकाश दिने कार्य र तत्सम्बन्धी सूचना सम्प्रेषण समयमा गर्ने दायित्व सम्बन्धित निकायको भएकोमा सोअनुसार जिल्ला स्वास्थ्य कार्यालय, रामघाट पोखरा कास्कीले प्राप्त पत्रको जानकारी समयमा नै रिट निवेदकलाई नदिई सूचना र जानकारीको अभावमा निवेदकले बढी समयावधिसम्म काम गरेको अवस्था देखिन्छ । बढी अवधि काम गर्न निवेदकले कुनै गलत लिखत पेस गरेको वा तद्सम्बन्धमा कुनै छलकपट गरेको लिखित जवाफबाट समेत पाइँदैन । निवेदकलाई अवकाश दिने निकाय एवम् काममा लगाउने निकायले २०६८।१।१ मा नै अवकाश हुने कुनै पनि सूचना नदिई काममा लगाई रहेको र निवेदक पनि अनवरतरूपमा कार्यरत रहेको अवस्थामा काम गरिसकेको अवधिबापतको पारिश्रमिक नपाउने भनी निवेदकलाई पारिश्रमिक पाउनबाट वञ्चित गर्नु न्याय र कानूनको दृष्टिकोणबाट युक्तिसङ्गत देखिन आएन । कुनै पनि कर्मचारीलाई निजको अवकाश मितिका बारेमा निज र निज कार्यरत कार्यालयलाई सूचना दिने दायित्व प्रत्यर्थीहरूको हो भन्ने कुरालाई बाहेक गरी हेर्न मिल्ने नदेखिने ।

निवेदकले मिति २०६८।१।१ देखि २०६९ आषाढ मसान्तसम्म बढी समय कार्यरत् रही तलब भत्ता लिएको हुँदा भुक्तानी लिएको तलब भत्ता कट्टा गरी बाँकी हुन आउने रकम भुक्तानी दिने दोहोरो सुविधा नपाइने भन्ने निर्णय निजामती सेवा ऐन तथा नियमावली र नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीमा भएको कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त र श्रमसम्बन्धी विधिशास्त्रीय दृष्टिकोणबाट समेत न्यायसङ्गत नदेखिँदा सो निर्णय र सोका आधारमा गरेका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदककको निवृत्तिभरणको अवधि पुग्ने मिति २०६८।१।१ मा भएकोमा विवाद नदेखिँदा सोही मितिदेखि लागू हुने गरी निवृत्तिभरण अधिकारपत्र बनाई दिनु र मिति २०६८।१।१ देखि २०६९ आषाढ मसान्तसम्म बढी समय कार्यरत् रही सेवा गरेबापतको तलब भत्ताको रकम कट्टा नगर्नु नगराउनु तथा एकै पदबापत तलब भत्ता तथा निवृत्तिभरणसमेत दोहोरो पाउन नसक्ने हुँदा निवेदकले तलब भत्ता लिइसकेको अवधिपछि अर्थात् २०६९ आषाढ मसान्तपछिदेखि मात्र निवृत्तिभरणसमेतका सुविधा दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०३६०, ०५४४, कर्तव्य ज्यान, *किस्नाटी देवी वि. नेपाल सरकार, रन्जितकुमार बैठा वि. नेपाल सरकार*

प्रतिवादीहरूले सुरू पर्सा जिल्ला अदालतमा कसुरमा इन्कार गरी बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई स्वेच्छाले गरेको बयान होइन भनी वस्तुनिष्ठ आधारमा अन्यथा प्रमाणित गराउन सकेको अवस्था पनि देखिँदैन । जाहेरवाली देवन्ती देवीको किटानी जाहेरी दरखास्त, मौकामा गरेको बयान र सोही बयानलाई समर्थन गरी देवन्ती देवीले अदालतमा गरेको बकपत्र, घटनास्थल मुचुल्का, शवपरीक्षण प्रतिवेदनलगायतका

प्रमाणहरूबाट यी प्रतिवादीहरू किस्नाटी देवी रौनियार र रन्जितकुमार बैठा मिली उक्त वारदात घटाएको पुष्टि हुने देखिन्छ । यी प्रतिवादीहरू किस्नाटी देवी रौनियार र रन्जितकुमार बैठाले आफूहरूले कसुर गरेको होइन भनी आफ्ना साक्षी उपस्थित गराई अदालतमा बकपत्रसमेत गराउन सकेको देखिँदैन । घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, जाहेरवाली एवम् मौकामा बुझिएकी देवन्ती देवीले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र शव परीक्षण प्रतिवेदनबाट यी प्रतिवादीहरूले मृतक रामेश्वर साह रौनियारको डोरीले घाँटी कसी कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आउँछ । यस्तो अवस्थामा प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहऱ्याई सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

अतः सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६९/२/१० मा पुनरावेदक प्रतिवादीहरू किस्नाटी देवी रौनियार र रन्जितकुमार बैठालाई ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूले कुनै पूर्व योजनाअनुसार मृतक रामेश्वर साह रौनियारलाई मारेको नभई मृतकले प्रतिवादी किस्नाटी देवीलाई बारम्बार कुटपिट गरेको कारणले मृतकको कुटपिटबाट प्रतिवादी किस्नाटी देवीलाई मुक्ति दिलाउनको लागि आवेगमा आई मारेको देखिएको र प्रतिवादी किस्नाटी देवी रौनियार २५ वर्ष र प्रतिवादी रन्जित कुमार बैठा २३ वर्षको उमेरका समेत देखिएको, कुनै पूर्वअपराधमा संलग्न भएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको र दैनिक रोजीरोटीको लागि काम गर्ने न्यून आय स्तरको देखिएको हुँदा निज प्रतिवादीहरूलाई १० वर्ष कैदको सजाय गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई १० वर्ष कैद गर्ने गरी सुरू पर्सा जिल्ला अदालतको राय सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको रायसमेत सदर हुने ।

इजलास अधिकृतः उदविर नेपाली

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गोपाल पराजुली,** ०७३-WO-०१२१, उत्प्रेषण / परमादेश, *केतकी भुजुवा वि. मणिलाल भुजुवासमेत*

वस्तुतः पुनरावेदन अदालतले मुलुकी ऐन, अ.ब. १७ नं. मो रोहमा परेको निवेदनमा आफ्ना मातहतका अड्डामा परेको मुद्दा कारवाहीमा बेरीत भएको छ वा बेरीतले आदेश भएको छ भन्ने कुरा देखिएमा त्यस्तो बेरीतको आदेशलाई बदर गर्ने आदेश गर्ने हो । बेरीतको आदेश भएको छ भन्ने कुरा निवेदक झगडिया (Parties of cases) ले दिनसक्नु पर्दछ । यस विवादमा निवेदिकाले जिल्ला अदालतको आदेशमा के कुन कानूनको त्रुटि भएकोले पुनरावेदन अदालत, नेपालगन्जमा अ.ब. १७ नं. को निवेदन गरको भन्ने कुरा उल्लेख भएको देखिँदैन । सुरू अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भई सोउपर यस अदालतमा मुद्दाका पक्षले मुद्दा दोहोऱ्याई हेरिपाउन दिएको निवेदन दर्ता भएको आधारमा मात्र फैसला कार्यान्वयन कार्य स्थगित गर्दा मुद्दाको पक्षले न्यायको अनुभूति गर्न नपाउने ।

मुद्दा दोहोऱ्याई पाउँको निवेदन परेको आधार फैसला कार्यान्वयन स्थगित गर्ने आधार र प्रमाण हुन सक्दैन । जिल्ला अदालत नियमावली, २०५२ को नियम ८०क बमोजिम न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन परी मुद्दा चलिरहेको भए तापनि पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सोही कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसलाबमोजिम

कार्यान्वयन गर्न बाधा नपर्ने हुँदा फैसला कार्यान्वयनको क्रममा बाँकै जिल्ला अदालतले मिति २०७३।१।१७ मा गरेको आदेश पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७३।३।३० मा सदर गरेको कार्यमा कुनै कनूनको त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०८४४, प्रतिषेध, *सागर थापा वि. गृह मन्त्रालयसमेत*

रिट निवेदकका पिता गुनबहादुर थापा अदालतमा चलेको मुद्दाको रोहमा साधिकार अदालतबाट भएको फैसला र आदेशको परिणामस्वरूप कैदमा रहेको तथ्य स्वयम् निवेदन व्यहोराबाट देखिएको छ। अदालतमा मुद्दा चलेको र फैसला भई सोको कार्यान्वयन गरिएको सम्बन्धी विषयलाई जोडेर विपक्षी नवराज सिलवाललाई दोषीको रूपमा चित्रण गरी निवेदन गर्नुको कुनै औचित्य देखिँदैन। न्यायिक कारवाही र प्रक्रियाको माध्यमबाट निरूपण गरिएको र थुनामा रहेको विषयमा सोको प्रतिकूल हुने गरी कसैलाई व्यक्तिगतरूपमा दायित्व बहन गराउन खोज्नु स्वयम्मा उचित कार्य होइन। यसबाट निवेदकको कुनै हकाधिकारमा अनुचित तवरबाट आघात पारिएको सम्झन मिल्ने नदेखिने।

विपक्षीमध्येका डि.आई.जी. नवराज सिलवालउपर कुनै फौजदारी कसुरको अभियोग लागेको वा अभियोग लाग्ने सन्दर्भ खुलाइएको पाइएन। त्यसैले पदीय हैसियत दुरूपयोग गरी फौजदारी अभियोगबाट जोगिन खोजेको भनी शङ्का गर्न सकिने स्थिति देखिएन। प्रहरीलगायतका कुनै राष्ट्रसेवकले पदीय आचरण वा अनुशासनको पालना गरेको छ वा छैन भनी रिट क्षेत्राधिकारबाट निरूपण गरिने विषय पनि होइन। यसका अतिरिक्त निवेदकले सार्वजनिक सरोकारको रूपमा विषय र प्रसङ्ग प्रस्तुत गरेको तर उपचारको दाबी गर्दा वैयक्तिक हकको रूपमा उल्लेख गरेको पाइयो। यस दृष्टिले हेर्दासमेत निवेदक उचित तवरले सही कानूनी मार्गबाट अदालतमा प्रवेश गर्न आएको भन्ने नदेखिने।

कुनै पनि सार्वजनिक पदाधिकारीको आचरण वा चरित्र सम्बन्धमा सर्वसाधारणको चासो र सरोकार रहनु स्वाभाविक हुन्छ। यसप्रकारको चासो र सरोकार रहनु पनि पर्दछ। तर यसका मर्यादा र सीमाहरू हुन्छन्। कुनै सार्वजनिक पदमा रहेका जिम्मेवार पदाधिकारीलाई जिस्क्याउने, हैरान पार्ने, हैरान पार्ने अनावश्यक विवादमा तान्ने वा आफ्नो वा अरू कसैको निहित स्वार्थ नियोजितरूपमा पूर्ति गर्ने माध्यमको रूपमा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्न मिल्दैन। रिट क्षेत्राधिकारको प्रयोग न्यायका लागि, मौलिक हकाधिकारको संरक्षणका लागि, संविधान र कानूनको व्याख्या गर्दै कानूनको शासन कायम गर्नका लागि, तथा यस्तै अन्य वैध अपेक्षा पूर्तिका लागि हुने हो। यो कसैको प्रतिशोध लिने वा बौद्धिक विलास गर्ने विषय बन्न सक्दैन । यस दृष्टिले समस्त तथ्यगत सन्दर्भमा हेर्दा रिट निवेदक न्याय प्राप्त गर्ने वैध अपेक्षा लिएर भन्दा अन्यथा कुनै अभिप्राय राखेर अदालतमा प्रवेश गरेको प्रतीत हुन्छ। निवेदन व्यहोरासहित प्रस्तुत हुन आएका तथ्यगत सन्दर्भमा विचार गर्दा निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको भनी विश्वास गर्न सकिने अवस्था देखिएन। तसर्थ विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्ने प्रयोजन र औचित्य देखिन नआउने।

अत: उल्लिखित आधार र कारणबाट विपक्षीहरूले गरे बिराएजस्तो अवस्था (Prima facie case) नदेखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० को उपनियम (४) बमोजिम विपक्षीहरूको नाउँमा कारण देखाउ आदेश जारी गर्न परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।